चैत १७, २०६२

# समय

राष्ट्रिय साप्ताहिक



# अब कता?

दल–माओवादी समझदारीले राष्ट्रिय मिलनविन्दुको खोजी गर्ला वा राजाले दमनद्वारा त्यसलाई भत्काउलान् ? भावी राजनीति त्यसैले निर्धारण गर्नेछ ।

मूल्य रु. २५

■ विशेष : क्यान इन्फोटेक ■ मोटरसाइकलमा सर्रर ■ मध्यस्थकर्ता प्रकाशको अन्तर्वार्ता



भास्वर ओझा

सात दलको बैठकमा नेताहरू । यही बैठकले दल–माओवादी दोस्रो समझदारी सार्वजनिक गरेको थियो ।



वर्ष २, अंक ९९, चैत ११–१७, २०६२

**आवरण :** दल र माओवादीबीच भएको दोस्रो समझदारीले मुलुकको अस्थिर राजनीतिलाई कुनै आकस्मिक मोड देला वा राजा थप दमनमा उत्रेलान् ? आन्दोलनको महिना भनिने चैतले नेपाली राजनीतिलाई कस्तो रूपमा अघि बढाउला ? चैतको अन्त्यसँगै नेपाली राजनीतिको दिशा स्पष्ट हुने धेरैको अपेक्षा छ २८




आवरण : सात दलले राजधानीमा निकालेको जुलुस
*(फाइल तस्वीर : भास्वर ओझा)*


## विशेष रिपोर्ट
चिनियाँ स्टेट काउन्सिलरको भ्रमणले नेपाली अर्थतन्त्रलाई आशान्वित बनाएको छ भने राजालाई निरास २४

## जीवनशैली
मोटरसाइकल राजधानीबासीका लागि अत्यावश्यक साधन भइसकेको छ १६

## रिपोर्ट
अझै को को पर्ने हुन् पाण्डेराजको पजनीमा ? २२

लागूऔषधको नशामा जीवन बिगार्नेहरू ४०

## विशेष : क्यान इन्फोटेक
सूचना प्रविधिमा विस्तारै अघि बढिरहेको छ मुलुक ३५

## विकास
कर्णाली राजमार्ग के कर्णालीवासीको सपना मात्रै हो त ? ४३




श्याम भट्ट

**रङ्ग :** राना थारुले रंगबिनाको होली खेल्दै मनाउने यो पर्वको मजा नै बेग्लै छ ५५

सम्पादकीय ................................ ५
डाँक ........................................ ८
टिपोट ...................................... १०
मुलुक ....................................... १३
प्रश्न ? होइन उत्तर ! ................... ३४
साहित्य ................................... ५१
अनुहार .................................... ५७
शून्य समय ............................... ५८

समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले–आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य

**भृकुटी प्रकाशन** (**प्रा**) **लि.**द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# समझदारीविरुद्धको आचरण

**संसद्वादी सात** दल र सशस्त्र विद्रोही माओवादीबीचको समझदारी दोस्रो चरणमा प्रवेश गरेको छ। माओवादीलाई अहिंसा र मुख्य राजनीतिक धारमा ल्याउने मनसायका साथ प्रजातान्त्रिक दलहरूले गरेको यो प्रयास सह्रानीय मानिनु पर्छ। यसबीच माओवादी अध्यक्ष प्रचण्डले दलहरूद्वारा चैत २६ गते आयोजना गरिएको शान्तिपूर्ण राजनीतिक भेला सफल पार्न सामान्य नागरिकलाई आह्वान गरेर बन्दुकको विकल्प खोजेको आभास दिएका छन्।

तर, माओवादीले गरेको समझदारीलाई उनीहरूको पृष्ठभूमि र कार्यशैलीकै गजले मात्र नापिनेछ। दोस्रो चरणको समझदारी सार्वजनिक हुँदा समानान्तररूपमा उनीहरूले आफ्ना फौजी कारबाही मात्र हैन, अमानवीय र आपराधिक गतिविधिलाई पनि तीव्रता दिएका छन्।

दैलेख र तेह्रथुममा खानेपानी आपूर्ति बन्द गरेर माओवादीले मानवीय संवेदनहीनता प्रस्तुत गरेका छन्। काभ्रेको भकुण्डेमा पानी वितरणमा उनीहरूले पुऱ्याएको अवरोध खोल्न गएका सुरक्षाफौजमाथि माओवादीले आक्रमण गरी एक दर्जनभन्दा बढी सैनिकको ज्यान लिएका छन्। सेना त्यहाँ प्राथमिकरूपमा मानवीय सहयोग र उद्धारका लागि गएको थियो। त्यस्तै तनहुँमा दूध बेचेर जीवन गुजारा गर्ने किसानहरूको जीविकामा समेत प्रहार गरेका छन् माओवादीले दूध ट्यांकरमा हमला गरेर। सदरमुकाम नाकाबन्दीकै क्रममा एम्बुलेन्ससमेत माओवादी आक्रमणको सिकार बनेको छ। र, नाकाबन्दी फिर्ता भएपछि उसले आफ्नो जबरजस्ती चन्दा संकलन अभियानलाई तीव्रता दिएको छ।

## सम्पादकीय


भास्वर ओझा

▲माओवादी छापामार

यी सबै गतिविधिमा माओवादीले ब्रेक नलगाएमा त्यसले सात दलहरूलाई राजनीतिकरूपमा क्षति पुऱ्याउने मात्र हैन, उनीहरूका लागि ठूलो विश्वासघात पनि सावित हुनेछ। सात दलद्वारा माओवादीसँगको समझदारी सर्वसाधारणको जीवन, मर्यादा, सुरक्षा, शान्ति र समृद्धि सुनिश्चित गर्न र उनीहरूले प्रजातान्त्रिक पद्धति अपनाउन् भन्ने उद्देश्यबाट गरिएको हो। आमजनतालाई पिउने पानीबाट समेत वञ्चित गर्ने अभियान चलाएर माओवादीले उनीहरूका नियत र राजनीतिलाई शंका गर्ने प्रशस्त मौका मात्र हैन, प्रमाण पनि जुटाइदिएका छन्।

अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले व्यक्त गरेका आशंका पुष्टि गर्न नै माओवादी उद्यत त छैनन्? माओवादी नेतृत्वले आफ्ना यस्ता अमानवीय र आपराधिक गतिविधिबारे सात दललाई विश्वासमा लिन मात्र हैन, मुलुकसमक्ष स्पष्टीकरण पेस गर्नु आवश्यक भएको छ।

खासगरी माओवादी संगठनभित्रको विद्रोहलाई त्यहाँको नेतृत्वले जुनसुकै रूपमा प्रस्तुत गरे पनि आफ्ना संगठनात्मक एकाइ र हतियारधारी कार्यकर्ताबाट भएका अपराधहरू रोक्न र त्यसका विरुद्ध कारबाही गर्न नेतृत्व वर्ग असफल भएमा उसले गरेको समझदारीलाई पार्टीपङ्क्तिले मान्ला भन्ने आधार रहँदैन।

साथै माओवादीबाट भएका यस्ता गतिविधिहरू समझदारीविरुद्धका काम कारबाही हुन भन्नेबारे सात दलका नेतृत्व तह पनि उत्तिकै स्पष्ट र कडा हुनु आवश्यक छ। किनकि यस्ता गतिविधिको भर्त्सना नगरेमा प्रजातान्त्रिक शक्तिहरू सिद्धान्तहीन, निरीह र केवल अवसरवादी बनेको अर्थ लाग्नेछ। ■




## समय साता

**चैत ३ गते**

- चीनद्वारा नेपालमा उत्पादित वस्तुको भन्सार नलिने घोषणा।
- अमेरिकी सहायक विदेशमन्त्री रोनाल्ड क्याम्पद्वारा नेपालमा राजनीतिक संकट देखिएको भनाइ व्यक्त।

**चैत ४ गते**

- जनताको आधारभूत चाहनानुसार नेपालमा संवैधानिक शक्तिहरू मिलेर समाधान खोज्नुपर्ने चीनको सुझाव।
- नेविसंघ केन्द्रीय कार्यालयमा भएको तोडफोडमा सहभागी भएको आरोपमा सात नेता तथा कार्यकर्ता निष्काशित।

**चैत ५ गते**

- काठमाडौंमा एक प्रहरी अधिकृतद्वारा होटल व्यवसायीको हत्या।
- काभ्रेमा भएको आगलागीबाट १० परिवारका घर ध्वस्त।

**चैत ६ गते**

- सात दल-माओवादी दोस्रो समझदारी। सात दलको आग्रह अनुसार माओवादीद्वारा पूर्व घोषित राजधानी तथा सदरमुकाम नाकाबन्दी तथा बन्दका सबै कार्यक्रम फिर्ता।
- बेलायती संसदहरूको टोलीद्वारा नेपालमा यथाशीघ्र प्रजातन्त्रको पुनःस्थापना हुनुपर्नेमा जोड।

**चैत ७ गते**

- काभ्रेमा माओवादी र सुरक्षाकर्मीबीच भिडन्त, १३ सैनिकको मृत्यु।
- नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाद्वारा राजाले अधिकार फिर्ता नगरेसम्म संवाद नगर्ने अडान प्रस्तुत।

**चैत ८ गते**

- माओवादी र सुरक्षाकर्मीबीच विभिन्न ठाउँमा भएको भिडन्तमा २३ माओवादी र १० प्रहरीको मृत्यु।
- भारतको झारखण्डमा सुरक्षाकर्मी र नक्सलवादीबीच भएको भिडन्तमा १० नक्सलवादीको मृत्यु।

**चैत ९ गते**

- बैंक लुट्न आएका माओवादी र सशस्त्र प्रहरीबीच मोरङको उर्लाबारीमा भिडन्त। ३ माओवादी, २ सशस्त्र प्रहरी र एक सर्वसाधारणको मृत्यु।
- सरकारद्वारा एमाले महासचिव माधवकुमार नेपालको घरमा रहेका टेलिफोनसहित अन्य संचार उपकरणहरू जफत।

**रिहा** : विमलेन्द्र निधि, महामन्त्री, प्रदीप गिरी, केन्द्रीय सदस्य र गोपालमान श्रेष्ठ, उपसभापति, नेपाली कांग्रेस (प्रजातान्त्रिक) सुरक्षा हिरासतबाट।

**निधन** : तीर्थमान ज्यापु, पुराना किसान नेता।

**सम्मानित** : शम्भुजित बास्कोटा, पुष्प नेपाली स्मृति गायन सम्मानद्वारा।



## प्रविधिमा पहुँच सबैको

सरकारले दृष्टिविहीनहरूको सक्षमतामाथि प्रश्नचिन्ह लगाउदै रोजगार दिन चाहेको छैन । रोजगारीको माग गर्दा उल्टै उनीहरूले सरकारी लाठी सहनु परेको छ । रोजगारीको मागका लागि दृष्टिविहीनहरूद्वारा आयोजित सभामा मोबाइल प्रयोग गर्दै एक दृष्टिविहीन ।

■ भास्वर ओझा




## साधुवाद विजयकुमार

*समय*को नयाँ स्तम्भमा नेपालका नामी पत्रकार विजयकुमारलाई पढ्न पाइयो । विगत दुई अंकदेखि यसको लागि *समय*लाई धन्यवाद र विजयकुमारलाई पनि साधुवाद । विजयकुमारको पहिलेको स्तम्भ पढ्दा उनमा पत्रकारिता पेसाप्रति नैराश्य जागेको हो अथवा विजयकुमारजस्ता व्यक्तिहरूको हाम्रो मुलुकमा साँच्चिकै आवश्यकता कतै छैन ? मनमा अनेकन् शंका पैदा भयो ।

र, अर्को कुरा हामी पाठकले के जानेका छौं भने विजयकुमारलाई नेपालको नालीबेली धेरै थाहा छ । उनको स्तम्भमा भनिएअनुसार धनमती विजयकुमारले पत्रकारिता जीवनमा भोगेकी साँच्चिकै पात्र हुन् वा कपोकल्पित, यसको पनि केही जानकारी भइदिए हामी पाठकहरूले विजयकुमारको नयाँ स्तम्भबाट केही जानकारी हासिल गरेको ठान्ने थियौं । सुरु गर्दाको स्तम्भभन्दा दोस्रो भने केही फितलो लाग्यो ।

■ **कुमार महत**
रत्नराज्य क्याम्पस, काठमाडौं

## जनसहभागिता र सुरक्षाबल

वार्ताद्वारा नै समस्या समाधान गर्ने राज्यपक्षको चाहना हो भने उसले वातावरण बनाउन सक्छ, कमसेकम १५ दिन युद्धविराम गरेर । सहमतिमै ०६३ को निर्वाचन गर्न राजाबाट मिति तोकेर प्रमुख दलहरूको चुनावी सरकार गठन गर्न सकिन्छ । त्योभन्दा महत्त्वपूर्ण कुरा अहिले सेना, सशस्त्र प्रहरी र जनपदलाई ३, २, १ को अनुपातलाई उल्टाई १, २, ३ गर्ने हो भने दिगो शान्तिका लागि वातावरण बन्नेमात्र होइन सरकारले आर्थिक संकटबाट पनि मुक्ति पाउन सक्छ । घरको दैलोमा प्रहरी र सेना पुर्‍याएर सरकारको उपस्थितिलाई सक्रिय बनाउन सक्छ । सुरक्षाबलमा जनसहभागिता जुटाउने व्यवहारिक उपाय यो हुन सक्छ सरकारका लागि ।

■ **दामोदर पौड्याल**
झम्सिखेल, ललितपुर

## खै इन्टरनेटमा समय ?

*समय*लाई मैले इन्टरनेटमा हेर्ने धेरै प्रयास गरेँ । साथीबाट सुनेको थिएँ *समय* इन्टरनेटमा राखिँदै छ भन्ने तर अहिलेसम्म पत्तो पाउन सकिएन । कि *समय*लाई इन्टरनेटमा हेर्न कुर्नुपर्ने हो ? म अहिले लन्डनमा बस्दै आएको छु । नेपालमा हुँदा पनि म *समय*को नियमित पाठक हुँ । *समय*ले दिने विषयवस्तु मलाई उत्कृष्ट लाग्ने हुँदा मैले इन्टरनेटमा हेर्न चाहेको हुँ । यसका लागि के गर्नुपर्ने हो, कृपया बताइदिए आभारी हुने थिएँ ।

■ **सुरेन मानन्धर, बाँसबारी**
हाल : बेलायत

## खै इमानदारी ?

साहित्यकारको दोहोरो भत्ताका बारेमा लेखिएको रिपोर्ट (महादेवका तीन नेत्र, *समय*को वर्ष २, अंक ९८) का लागि *समय* परिवारलाई धन्यवाद । पक्कै पनि उपाधि ठूलो हुँदैमा नियमभन्दा बाहिर कोही पनि बस्न हुँदैन । साहित्यकारजस्ता मुलुकका गहनाले देशलाई धेरै दिएका हुन्छन् र उनीहरूजस्तो व्यक्तिले सानो चित्त राख्नु हुँदैन । उनीहरूमाथि पक्कै नैतिक प्रश्न खडा हुन्छ । तिनलाई राष्ट्रले सम्मान गरेको अवस्थामा उनीहरूबाट पनि देशले त्यस्तै अपेक्षा गरेको छ, त्यो कविजीहरूले कदापि बिर्सनु हुँदैन । इमानदारी देखाऔं कविजीहरू । अहिले मुलुक संकटमा छ, कविहरूले नै इमानदारी कवितामा मात्र सीमित गरिदिए अब यो मुलुकमा को इमानदार हुने त ?

■ **अजयकुमार साही**
कालोपुल, काठमाडौं

## हिसाब नै नदिने

अदालतको मान राख्छु भनेर नथाक्ने यो सरकारको सेनाले अदालतको आदेशको अवहेलना गरेको देख्दा उदेक लाग्यो (बेइज्जतीको बाटोतिर *समय* वर्ष २, अंक ९८) । आफ्ना सिपाही विदेश पठाउने, तिनका नाममा आएको दामबाट श्रीमती संघहरू फस्टाउने अनि तिनै सिपाहीलाई हिसाबसमेत नदिने ? कस्तो काइदा हो यो ? कस्तो कानुनी राज हो यो ?

ठूला हाकिमहरूको हालीमुहाली भएको शाही नेपाली सेना र त्यसको कल्याणकारी कोषका बारेमा प्रश्न उठाउने पूर्व अमल्दार अम्बरबहादुर थापा मगरको साहसलाई सलाम गर्दै चाँडैभन्दा चाँडै कोषको हिसाबको सार्वजनिक लेखापरीक्षण गर्न एक आम नेपाली नागरिकका हैसियतले म माग गर्दछु । जनताप्रति शाही नेपाली सेना इमानदार छ भने त्यो हिसाब सेनाले तुरुन्त देखाउनु पर्छ ।

■ **नवराज केसी**
चिप्लेढुंगा, पोखरा

## काकाकुल काठमाडौं

मध्यरातदेखि नै पानीका लागि लाइन बस्नुपर्ने बाध्यताले जेलिएका हामी काठमाडौंवासीका लागि पानी नपाउनुको खोजपूर्ण रिपोर्ट *समय*ले लगातार दुईवटा अंक (वर्ष २, अंक ९७ र ९८) मा छापिदिएकोमा *समय*लाई धन्यवाद दिनु पर्छ । हामी काठमाडौंवासीलाई काकाकुलको स्थितिबाट जोगाउन *समय*का ती रिपोर्टहरूमा छापिएका सुझावलाई नै सरकारले गम्भीरतापूर्वक लिइदिए हुन्थ्यो । तर, द्वन्द्वका नाममा तदर्थवादमा टिकेको यो सरकार र त्यसलाई नेतृत्व दिने राजालाई हाम्रा बारेमा सोच्ने फुर्सद छ र ?

■ **कालिका गुरुङ**
कामपा-२९
सामाखुसी, काठमाडा



**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४**

**सन्दर्भ** तपस्वी राम बमजन

**राम बमजन विगत जन्मका ठूलो बौद्धमार्गी तपस्वी हुनुपर्छ जो निर्वाणका केही शेष कार्य पूरा गर्न नेपालमा जन्मेका हुन् । उनीभित्र निर्वाणको तीव्र प्यास र आकांक्षा छ । उनको दृढता, संकल्प र निर्भयता प्रणामयोग्य छ । कुनै प्रकारको लोभ या महत्त्वाकांक्षा भए उनलाई रतनपुरमा त मानिसहरूले साक्षात् बुद्धै मान्थे । तर, बुद्धत्व नघटेको सत्य स्वीकार गर्नुले उनलाई अझ आदरणीय बनाएको छ ।**



स्वामी आनन्द अरुण

# आधुनिक युगमा साधनाको चमत्कार


**विश्वभरका उत्सुक** साधकहरूलाई फागुन २७ देखि हराइरहेका बाल तपस्वी राम बमजन सकुशल देखापरेको चैत ६ गते बेलुकाको खबरले राहत पुऱ्यायो । बमजनबारे नेपालमा मात्र नभई विश्वभरि नै उत्सुकता छाएको छ । सोह्र वर्षको किशोरावस्थामै अन्नजल केही ग्रहण नगरी १० महिनासम्म जंगलमा एक आसनमा हलचल नगरी साधनारत बसिराख्नु आफैंमा आश्चर्यलाग्दो हो । संसारभरका संचारमाध्यमले यस विषयमा गहिरो चासो लिए । भौतिकवादी व्यक्तिदेखि चिकित्सक तथा शरीरशास्त्रीहरूको स्थापित मान्यताविपरीत भइरहेको यो सत्यले उनीहरूलाई पनि तपस्वीले राति लुकेर खान्छ भन्ने शंका गर्न बाध्य तुल्यायो । शंकैशंकाले ग्रस्त यस युगमा शुद्ध साधनाको घटनाप्रति अनेकौं विपरीत विचार जन्मिए । भारतीय समाचार च्यानल 'आजतक'ले बम्जन घटना सशस्त्र विद्रोही माओवादीका लागि चन्दा उठाउने एक आयोजना हो भनेको सुनियो । स्थानीय प्रशासनदेखि सामान्य व्यक्तिसम्ममा सुरुमा यस्तै अनेक भ्रम उब्जिए । निरीक्षणका लागि पठाइएको चिकित्सकहरूको टोलीले पनि रगत र अन्य जाँचद्वारा मात्र भोजन गरे नगरेको ठम्याउन नसकिने बताए ।

तपस्वीका वरिपरि बजारै खडा भयो । चियाचमेनादेखि साइकल, मोटरका रिपेयर पसलै खुले र बानीअनुसार हामीले फोहरको डंगुरै लगायौं । साधनाबाट श्रद्धा र प्रेरणा लिनुको सट्टा त्यहाँ कौतुहल र मनोरञ्जन खोज्नेहरूको भीड लाग्यो । बमजनबारे मलाई देशी र विदेशी संचारमाध्यमले सोध्दा मैले भनेकै हो, कुनै पनि साधकलाई सबैभन्दा अत्यावश्यक तीन कुरा छन्- एकान्त, शान्ति र सफाइ । रतनपुरमा ती तिनै कुरा हराइरहेका थिए । त्यसकारण ती तपस्वी त्यहाँबाट हट्ने ठूलो सम्भावना देखेको थिएँ । आखिर त्यही नै भयो ।

मैले तपस्वीलाई प्रत्यक्ष देखेको छैन । तर, उनीबारे छापिएका सबै समाचार मैले ध्यानपूर्वक मनन गरिरहेको छु ।

**निम्न तथ्यप्रति ध्यान दिऔं:**

- सधैं मांसाहारी रहेकी उनकी आमा पनि राम बमजन गर्भमा रहँदा मांसाहार गर्नेबित्तिकै विरामी पर्थिन् ।



- उनी मांसाहारी परिवारमा जन्मे पनि सानै उमेरदेखि मांसाहार र मद्यपानको विरोधमा रहे । बच्चादेखि नै पहिल्यै पस्केर दिए खाने र नत्र नखाने, दोस्रो चोटि कहिल्यै नथप्ने गर्थे ।
- सुरुदेखि धेरै नबोल्ने, एक्लै हिँड्ने, आत्मकेन्द्रित रहने बानी थियो ।
- पीपलको रूख देखेर रमाउँथे र त्यहाँ श्रद्धास्वरूप दियो बाल्थे ।
- सानै उमेरदेखि लुम्बिनी र देहरादुन गई धर्मशिक्षा लिन रमाउँथे ।
- साधनाको उपयुक्त स्थल खोज्न पहिला पोखरा गएका थिए ।

यी सब लक्षण हेर्दा बमजनमा मैले रमण महर्षिको बाल्यावस्था देखिरहेको छु । लगभग यही उमेरमा रमण महर्षिले पनि घर छोडेका थिए र अन्नजलबाट विल्कुल विमुख भई साधनामा डुबिरहन्थे । यी तपस्वीलाई जस्तै रमण महर्षिलाई पनि उच्छृंखल व्यक्तिले लट्ठीले घोच्ने, ढुंगाले हान्ने र बाधा पुऱ्याउने गरेका थिए । राम बमजन विगत जन्मका ठूलो बौद्धमार्गी तपस्वी हुनुपर्छ जो निर्वाणका केही शेष कार्य पूरा गर्न नेपालमा जन्मेका हुन् । उनीभित्र निर्वाणको तीव्र प्यास र आकांक्षा छ । उनको दृढता, संकल्प र निर्भयता प्रणामयोग्य छ । कुनै प्रकारको लोभ या महत्त्वाकांक्षा भए उनलाई रतनपुरमा त मानिसहरूले साक्षात् बुद्धै मान्थे । तर, बुद्धत्व नघटेको सत्य स्वीकार गर्नुले उनलाई अझ आदरणीय बनाएको छ । सांसारिक सम्मान र वैभवको लेशमात्र पनि इच्छा भए उनी त्यहाँबाट भाग्थेनन् । रतनपुरीको जंगलमा शान्तिपूर्वक साधना गर्न छोडिदिएको भए त्यो जंगल रमण महर्षिको अरुणाचल पर्वत जस्तै विश्वविख्यात तीर्थ बन्थ्यो ।

बमजनप्रति लगाइएका कुनै पनि लाञ्छना अज्ञानी मनमा उठेका तुवाँलो जस्तो मात्रै लाग्छ । अन्नजलविना शरीर रहन सक्दैन भन्ने विश्वास लिएका भौतिकवादीहरूले उनी राति लुकेर खान्छन् भन्ने जुन लाञ्छना लगाउँछन् । यसप्रति मलाई के भन्नु छ भने साधकले वर्षौं अन्नजलविना पनि शरीर जीवित राख्न सक्षम भएका अनेक उदाहरण साधना जगत्मा भेटिन्छन् । स्वामी विवेकानन्दले आफ्नो यात्राको दौरानमा उत्तरप्रदेशको गाजीपुरमा भेटेका साधु पावाहारी बाबा वर्षौंदेखि अन्नजलविना खाली वायुको बलमा बस्थे । उहाँको साधनादेखि स्वामी विवेकानन्द कति प्रभावित भए भने उनबाट दीक्षा लिई उनको शिष्यै बन्न लागेका थिए । विवेकानन्दलाई शरीर छोडिसकेका रामकृष्णले दर्शन दिई यसो गर्नबाट रोकेका थिए ।

त्यस्तै परमहंस योगानन्दजीले 'योगी कथामृत' नामक आत्मवृत्तान्तमा निराहारी योगिनी गिरिवालाको वर्णनमा उनले बाह्र वर्षको उमेरदेखि योगानन्दजीले भेट्दासम्मका विगतका ५६ वर्ष अन्नजल केही नखाएको उल्लेख गरेका छन् ।

विगत साताभित्रै आजतकले दुईवटा यस्ता योगीहरूको अन्तर्वार्ता देखाएको थियो जो तीसौं वर्षदेखि अन्न नखाई बाँचिरहेका छन् ।

सूर्य र प्रकृतिबाट सबै वनस्पतिलाई पोषण मिल्छ र वनस्पतिको सोही पोषण हामी ग्रहण गरी जीवन ऊर्जा पाउँछौं । योग र साधनाको विशिष्ट अवस्थामा शरीरले सोझै सूर्य र प्रकृतिबाट यो पोषण प्राप्त गर्छ । यसमा वनस्पतिको माध्यमको जरुरत पर्दैन । तर, यो एक अत्यन्त दुर्लभ घटना हो । सामान्यतया व्यक्तिले यसको अनुसरण गर्ने कोसिस गर्नु हुँदैन ।

osho@tapoban.com

# महिला आयोगमा बन्दना



**सरकारले दुई वर्षपछि** महिला आयोगको गठन गरेको छ । महिला सशक्तीकरणबारे लामो समयदेखि गैरसरकारी क्षेत्रबाट अभियान सञ्चालन गर्दै आएकी बन्दना राणा अध्यक्ष भएकी छन् । उनी संचारिका समूहकी अध्यक्ष हुन् ।

विभिन्न गैरसरकारी संस्थामा आबद्ध रहेर महिलाका मुद्दाहरूमा आवाज उठाउँदै आएका अगुवा महिला आयोगका सदस्य नियुक्त भएका छन् । अम्बिका जगमेर आयोगको सदस्य सचिवमा नियुक्त भएकी छन् । दलित महिला संघकी महासचिव जगमेर विभिन्न दलित सघ, संस्थामा आबद्ध छन् । एकल महिलाको पक्षमा काम गर्दै आएकी लीली थापा, महिलाको कानुनी अधिकारबारे वकालत गर्ने साधना श्रेष्ठ, उद्यमी प्रमिला अर्याल (रिजाल) र थारू समुदायबाट पृजमासिंह थारू सदस्यमा नियुक्त भएका हुन् ।

महिला तथा समाजकल्याण राज्यमन्त्री डा. दुर्गा पोखरेल यसअघिकी आयोगकी अध्यक्ष हुन् । पोखरेलकै पहलमा दुई वर्षदेखि थन्किएको आयोगले पूर्णता पाएको हो । आयोग गठन गर्दा दलित तथा जनजातिको उचित प्रतिनिधित्व गराइएको छ ।

अध्यक्ष राणाले आफ्नो टिमले सरकारले अनुमोदन गरेका महिलासम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वन र अनुगमन गर्ने कामलाई प्राथमिकता दिने बताइन् । राणा भन्छिन्, 'सबैभन्दा पहिला महिलाका मुद्दा सुनुवाइ हुने वातावरण बनाउनुपर्छ ।'

राजनीतिक दलहरूको भागबन्डामा आयोगका अध्यक्ष र सदस्यहरू नियुक्त हुने चलनभन्दा भिन्न प्रकृतिको आयोग बनेको छ यसपटक । गैरसरकारी क्षेत्रबाट सरकारी नीति तथा कार्यक्रमप्रति आलोचनात्मक दृष्टिकोण राख्दै अधिकारका पक्षमा सडक र संचारमाध्यमबाट आवाज उठाउने महिलाहरूलाई आयोगको जिम्मेवारी दिइएको छ । राणा भन्छिन्, 'हिजो पनि हामी महिला सशक्तीकरण र समानताका लागि लागी परेका थियौं, आयोगमा बसेर पनि त्यही काम गर्ने हो ।'

अधिकारवादीहरूले कसरी काम गर्ने हुन् ? त्यसबारे अहिल्यै प्रश्न उठाउन मिल्दैन । तर, अधिकारवादीका लागि कार्यान्वयन पक्ष चुनौतीपूर्ण हुने निश्चित छ । ■

## काठमाडौंमा पोर्चुगिज फिल्म फेस्टिवल

**चैत दोस्रो साता** काठमाडौंमा पोर्चुगिज फिल्म फेस्टिवल हुने भएको छ । पोर्चुगल दूतावास नयाँ दिल्लीको सांस्कृतिक प्रकाशन विभाग र नेपालका लागि पोर्चुगलको अवैतनिक वाणिज्य दूतावास काठमाडौंको संयुक्त आयोजनामा सम्पन्न हुने उक्त फिल्म फेस्टिवल रूसी सांस्कृतिक केन्द्रमा हुनेछ । चैत १० देखि १३ गते सम्पन्न हुने फिल्म फेस्टिवलमा पोर्चुगलका महत्त्वपूर्ण फिल्महरू प्रदर्शन गरिनेछ ।

फिल्म फेस्टिवलबारे जानकारी दिन राजधानीमा आयोजित पत्रकार सम्मेलनमा नेपालका लागि पोर्चुगलका अवैतनिक वाणिज्यदूत राजेन्द्र खेतानले दुई देशको सांस्कृतिक आदान प्रदानका लागि फेस्टिवल महत्त्वपूर्ण सावित हुने विश्वास व्यक्त गरे । भविष्यमा नेपाली फिल्म पोर्चुगल पुऱ्याउन र दुई देशको सम्बन्ध विस्तारमा पनि योगदान पुग्ने आशा उनको छ । क्यान्स फिल्मस् लगायतका अन्तर्राष्ट्रिय रूपमा महत्त्वपूर्ण अवार्ड जितेका तीन पोर्चुगिज फिल्महरू उक्त अवसरमा निःशुल्क प्रदर्शन गरिनेछ ।






# भद्राप्रति आक्रोशित लाहुरे परिवार

**लेखिका भद्राकुमारी** घलेको एउटा निबन्धमाथि लाहुरेका परिवारहरू निकै आक्रोशित देखिएका छन् । घलेद्वारा लिखित 'आइमाई हिजो आज भोलि' पुस्तकका 'पुँजीवादले जन्माएका वेश्यावृत्ति' शीर्षकका निबन्धले 'ब्रिटिस गोर्खा परिवारको इज्जत, नैतिकता, चरित्र, अस्मिता र पारिवारिक विश्वासमाथि गम्भीर आक्रमण, आक्षेप र घात गरेका' बताएका छन्, ब्रिटिस गोरखाका परिवारले एक प्रेस वक्तव्यमार्फत ।

ब्रिटिस गोर्खा आत्मसंरक्षण संघर्ष समितिद्वारा चैत ७ गते आयोजित एक कार्यक्रममा उक्त निबन्धले ब्रिटिस गोर्खा सैनिक सेवामा संलग्न सिंगो नेपाली आदिवासी जनजाति समुदायको गौरव, स्वाभिमानमाथि समेत गम्भीर आँच पुऱ्याएको भन्दै 'कामको सिलसिलामा बाहिर जानुपर्ने अवस्थालाई वेश्यावृत्ति देख्ने लेखिकाको विचारले सम्पूर्ण नेपालीको बेइज्जत मात्र होइन, महिला अस्तित्वमाथि नै आक्रमण गरेको' ठहर गरिएको थियो ।

उक्त निबन्धका सम्बन्धमा भूतपूर्व गोर्खा सैनिक समितिद्वारा वितरित विरोधपत्रमा भनिएको छ, 'विचार र प्रकाशनको विरोधी होइनौं, हामी । तर, विचार र स्वतन्त्रताको नाममा प्रस्तुत हुने कुविचार, कुनियत र खासगरी कुनै जातीय समूहको गर्व, स्वाभिमानमाथिको प्रहार र खेलवाडविरुद्ध छौं, हामी र रहिरहनेछौं ।'

उक्त निबन्धले नेपाली समाजको एउटा सम्मानित समुदाय र आफ्नै जातिप्रति द्वेष फैलाउनुजस्तो लज्जास्पद कार्यको भर्त्सना गर्दै भूतपूर्व गोर्खा सैनिक समितिले चैत १८ गते विरोधऱ्यालीको आयोजना गर्ने जानकारी दिएको छ ।

■ **शंकर साम्पाङ्ग/काठमाडौं** (तस्वीर पनि)




# मोहन वैद्य आमरण अनशनमा



**करिब दुई वर्षअघि** अर्थात् २०६० चैत १६ गते भारतीय कारागारमा बन्दी बनाइएका नेपाली माओवादी नेता मोहन वैद्य 'किरण'ले विभिन्न राजनीतिक माग राखी भारतीय बन्दीको नेतृत्व गर्दै आमरण अनशन सुरु गरेका छन् ।

भारतको जलपाइगुडीस्थित केन्द्रीय संशोधन गृहमा राखिएका नेता वैद्यको अगुवाईमा ५३ जनाद्वारा गरिएको यो अनशनलाई दुवै देशको राजनीतिक वृत्तबाट अर्थपूर्ण ढंगले हेरिएको छ । अनशनमा युनाइटेड लिबरेसन फ्रन्ट अफ आसाम (उल्फा)का रत्नश्वर देवनाथ र कामतापुर लिबरेसन अर्गनाइजेसन (केएलओ)का टम अधिकारी, मृगाल राय, हर्षवर्धन दास लगायतका शीर्षस्थ नेताहरू पनि सामेल छन् ।

नेपाली कांग्रेस झापाका सभापति सुधीर शिवाकोटीका अनुसार वैद्यको अनशन नेपाली माओवादी आन्दोलनलाई अन्तर्राष्ट्रियकरण गर्ने चाल हो ।

यसैबीच वैद्यका वकिल अनुप मित्रले बन्दीविरुद्धको अभियोगबारे अदालती सुनवाइ शीघ्र टुंग्याई विनासर्त धरौटीमा रिहा हुनुपर्ने प्रमुख मागसहित वैद्य आमरण अनशनमा बसेको सञ्चारकर्मीलाई बताएका छन् । वकिल मित्रले यसअघि वैद्यलाई शरणार्थीको मान्यता दिलाउन शरणार्थीसम्बन्धी उच्चनियोगसमक्ष अपिल दिएका थिए । मित्रले भारतीय ऐनअनुरूप वैद्य र अन्य राजनीतिक बन्दीहरूले सेवा र सुविधा उपभोग गर्न नपाएको उल्लेख गर्दै सुरुवातका दिनदेखि नै वैद्यको तर्फबाट वकालत गर्दै आएका छन् । वैद्य सिलिगुडीमा आँखाको शल्यक्रियाका लागि गएका बेला दार्जीलिङ क्षेत्रबाट भारतीय प्रहरीको कब्जामा परेका थिए ।

■ **मदन खरेल/सिलिगुडी**

# सऱ्यो बैठक

**विश्वभरका मानवअधिकारको** अवस्थाको बारेमा मूल्यांकन गरेर भावी कदमको निर्णय गर्ने राष्ट्रसंघीय मानवअधिकार उच्चायोगको बहुप्रतीक्षित ६२ औं बैठक पुनः एक साता पर सारिएको छ । बैठकका सभापति म्यानुल रोर्डरिज क्यारोजले गत चैत ७ गते विज्ञप्ति जारी गरी चैत १४ गतेसम्म बैठक स्थगित गरिएको बताएका छन् ।

मानवअधिकार परिषद्को स्वरूपको विवादबारे अझै टुंगो लाग्न नसकेका कारण पुनः स्थगित गरिएको जानकारहरू बताउँछन् । तर, एक उच्च स्रोतले भने आगामी असार ५ गतेदेखि आधिकारिकरूपमा मानवअधिकार परिषद्ले कार्यभार सुरु गरेपछि नै ६२ औं बैठक सुरु गरिने बताइएको छ । नयाँ मानवअधिकार परिषद्ले वर्तमान मानवअधिकार आयोगलाई प्रतिस्थापन गर्नेछ । यसअतिरिक्त, जेनेभास्थित परिषद्ले अगामी असार ५ गतेदेखि आफ्नो काम सुरु गर्नेछ । मानवअधिकार उच्चायोगको कार्यादेश असार २ गते समाप्त हुनेछ ।

राष्ट्रसंघको मानवअधिकार परिषद् बनाउने निर्णयको मानवअधिकारवादी संघसंस्था लगायतका विभिन्न मुलुकले समर्थन गरेका छन् । मानवअधिकार परिषद् बन्नु मानवअधिकारको ठूलो उपलब्धि भएको ती संघ संस्थाले बताएका छन् । एम्नेस्टी इन्टरनेसनलका लागि संयुक्त राष्ट्रसंघीय प्रतिनिधि योभोनो टेरनिजेनले भनेका छन्, 'मानवअधिकार परिषद् संयन्त्रमा जानु विश्वकै मानवअधिकारको विजय हो ।'

परिषद्मा निर्वाचित हुन संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूको पूर्ण बहुमत आवश्यक पर्नेछ । अब बन्ने मानवअधिकार परिषद्मा मानवअधिकारको प्रलेख राम्रो नभएको मुलुकले सदस्यताको उम्मेदवारी दिन नपाउने व्यवस्थासमेत गरिएको छ ।

■ **गोविन्द परियार/काठमाडौं**








तस्वीरहरू : दिपक ज्ञवाली

कृष्ण मल्ल

▲ स्वरूप र रंग बदलिएका मायादेवीका मन्दिरहरू क्रमश बायाँबाट : पुरानो मन्दिर, नयाँ मन्दिर (सेतो रंगमा) र सेतो रंगको सट्टा रातो रंग लगाइएको मन्दिर

# फेरियो रंग लुम्बिनीको

**नारायणहिटी राजदरवारको** रंग बदलिएको धेरै भएको छैन, विश्व शान्तिको मुहान लुम्बिनीमा पनि रंग बदल्ने रोग भित्रिएको छ। राजदरवारलाई गुलाबी बनाइएको केही महिनापछि नै विश्व शान्तिको मुहान लुम्बिनीस्थित मायादेवी मन्दिरमा शान्तिको प्रतीक सेतो रंग मेटिएको छ र क्रान्तिको संकेत गर्ने रातो रंग पोतिएको छ।

राजदरवार र मायादेवी मन्दिर यी दुवैको रंग बदल्ने घटना सरकारी पक्षले भनेझैं संयोग मात्र भए पनि रक्तपात र प्रतिगमनको राजनीतिक रंग गाढा बनिरहेका बेला एकाएक मायादेवी मन्दिरमा रातो पोतिएको घटनाले सबैलाई घोर आश्चर्यमा पारेको छ। लुम्बिनी क्षेत्रवरपर रक्तपातपूर्ण घटना बढिरहेका बेला मायादेवी मन्दिरको शान्तिको रंग नै मेटिएको घटनाप्रति लुम्बिनीवासी त झन् तीनछक परेका छन्।

लुम्बिनीमा कुनै विशेष सन्दर्भ र उत्सवविना नै अघिल्लो साता एकाएक मायादेवी मन्दिरमा सेतो रंग मेटिएको थियो। र, रातो रंग (इटा रंग) लगाइएको थियो। सो मन्दिरमा निर्माण भएदेखि नै शान्तिको प्रतीक सेतो रंग लगाइएको थियो। पुनर्निर्माणअघिको पुरानो मन्दिरमा पनि सेतो नै रंग थियो।

स्थानीय बासिन्दा भवानी कुर्मीले सेतो रंग मेटिएको घटनाले अनर्थको संकेत गरेको टिप्पणी गरे।

तर लुम्बिनी विकास कोषले रंग प्रकरणलाई सामान्य र उछाल्न नहुने विषय भनेको छ। कोष स्रोतको दाबीमा युनेस्कोको सुझावमा मन्दिरमा रातो रंग (इँटा रंग) लगाइएको हो। युनेस्कोद्वारा विश्वसम्पदामा सूचीकृत लुम्बिनीको मायादेवी मन्दिरमा युनेस्कोले नै रातो रंग (ब्रिक कलर) लगाउन सुझाव दिएको थियो। केही दिनअघि युनेस्को प्रतिनिधिहरू लुम्बिनी आएका थिए। तर, युनेस्कोले कुन अर्थमा रंग बदल्न सुझाव दिएको थियो ? कोषका पदाधिकारी र कर्मचारीहरू खुल्न चाहन्नन्।

लुम्बिनी विकास कोषका सदस्यसचिव गोविन्द चित्रकार रंग प्रकरणलाई अनर्थको रूपमा नलिन आग्रह गर्छन्। उनी भन्छन्, 'यो नियमित सफाइ प्रक्रिया हो। यसलाई ठूलो विवादको विषय बनाइनु हुन्न।'

पुरातात्त्विक वस्तु र क्षेत्रहरूमा सेतो रंग 'म्याच' नगरेको तर्क लुम्बिनी विकासकोषका कतिपय कर्मचारी र पदाधिकारहरूको छ। यद्यपि, रातो रंग नै लगाउनुको ठोस कारण भने उनीहरू खुलस्त बताउँदैनन्। लुम्बिनी जस्तो विश्व चर्चाको स्थलमा रंग प्रकरणले अनेक नकारात्मक अर्थ राख्न सक्नेतर्फ उनीहरू सुरुमा गम्भीर नबनेको स्थानीय बासिन्दाको अड्कल छ।

सदस्यसचिव चित्रकारले अहिले लुम्बिनीमा सरसफाइ अभियानलाई तीव्र पारिएको र लुम्बिनी क्षेत्रमा सुन्दरता बढिरहेको बताए। उनको भनाइमा ६ महिनादेखि लुम्बिनीको मुहार फेरिएको छ। र, सुन्दरता बढाउने धेरै काम भएका छन्।

२५४७ औं बुद्धजयन्तीको अवसर (मे १६, २००३) मा राजा ज्ञानेन्द्रबाट मायादेवीको नयाँ मन्दिर उद्घाटन भएको थियो। सुरुदेखि नै सो मन्दिर सेतो रंगको थियो। तर, तीन वर्ष पनि नपुग्दै मन्दिरमा लेउ लागेको थियो, वरपर बिग्रिने, ईंटा देखिने भइरहेको थियो। तर, संरक्षण र सरसफाइ गर्ने नाममा रंग नै बदलिएपछि विभिन्न टीकाटिप्पणी तीव्र गतिमा फैलन सुरु गरेका छन्। त्यसै पनि पदाधिकारी काठमाडौंमा बस्ने, कार्यालय मात्र लुम्बिनीमा रहने गरेको टिप्पणी हुने गरेको अवस्थामा रंग प्रकरणले लुम्बिनीप्रति अरू बढी टिप्पणी बढाउन सहयोग पुऱ्याएको छ। यद्यपि सदस्यसचिव चित्रकार लुम्बिनीको विकासका अपूर्व उत्साह भएको बताउँदै भन्छन्, '६ महिनायता लुम्बिनीमा मेन गेटदेखि भित्रसम्म धेरै सकारात्मक परिवर्तन भएको छ, कर्मचारीमा फूर्ति आएको छ।' उनले पछिल्ला दिनमा लुम्बिनीमा असाध्यै धेरै पर्यटक आएको दाबी पनि गरे र बारम्बार अनुरोध गरे, 'धेरै राम्रा काम भएका छन्, रंग प्रसंग हाइलाइट गर्ने विषय हैन।'

■ **दीपक ज्ञवाली/बुटवल**


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*



तस्वीरहरू : भद्र शर्मा

# सेतो सुन



**रुकुम, कोटजहारी–** ७ गेस्मास्थित 'सेती डाँडा' केही दशक पहिलेसम्म मूल्यहीन थियो । गाउँलेहरूलाई अपायक पर्नुका साथै सिँचाइको अभावमा गहत छर्ने र गाईवस्तुको चरणस्थलको रुपमा प्रयोग हुने सो ठाउँ अहिले भने बहुमूल्य भएको छ, उत्कृष्ट स्लेट खानी पत्ता लागेपछि । 'पहिले सबैले हेला गरेको यो डाँडो अहिले यहाँका सयौं मान्छेहरूको रोजगारीस्थल भयो', खानीमा काम गर्दैआएका नरेश पुन भन्छन् ।

'सुरुमा त खानी भन्ने केही थिएन । खोलामा देखिएका ढुंगालाई घर छाउने बनाइदिन भन्थे । बनाउने हातहतियार पनि दिन्थे', खानीको सुरुको अवस्था सम्झँदै कोटजहारी- ७ गेस्माका ६२ वर्षीय भक्तबहादुर पुन भन्छन्, 'लोराले ढुंगा कुट्ने गर्थ्यौं, ढुंगा पनि सस्तै थियो- तीन रुपैयाँको एक सयवटा । अहिले एउटा ढुंगालाई दस रुपैयाँ पर्छ ।'

झट्ट हेर्दा मार्बलजस्तै देखिने घरको छाना छाउन प्रयोग गरिने यो ढुंगाको माग बर्सेनि बढ्दो छ । सहर बजारमा टिन, खपटा र ल्यान्टर गर्ने र विकट बस्तीहरूमा खरको प्रयोग गरेर घर छाउने गरेको पाइए पनि केही वर्षयता रुकुम, रोल्पा, जाजरकोट र सल्यानमा यही ढुंगाको प्रयोग गर्न थालिएको छ । 'पोहोर साल त सल्यानको सल्लीबजारसम्म खच्चरमा बोकाएर बर्दिया पनि लगे यहाँको ढुंगा', कोटजहारी-४ बराखोलाका शशिराम विक यसको माग बढेको बताउँछन् ।

रुकुम जिल्लावासीहरू प्रायः गरी हिउँदको फुर्सदिलो समयमा पैसा कमाउनकै लागि भारतको कालापहाडतिर जाने बाध्यता छ । तर, खानी सञ्चालनमा आएपछि गेस्मावासीहरूलाई त कालापहाड गएको अनुभव पनि छैन । 'काम गर्‍यो भने दिनको पाँचसय फालेकै हुन्छ । किन जानुपर्‍यो अर्काको देशमा गुलामी गर्न ?', खानीमा काम गर्दै आएका नरेश पुन आफ्नो तर्क अघि सार्छन् । खानीमा काम गरेर राम्रो आम्दानी हुने भएकाले रुकुमबाहेक छिमेकी जिल्ला सल्यान र जाजरकोटबाट पनि काम गर्नेहरू त्यहाँ आइपुग्छन् । 'खाईपिई एक हिउँदको ६०-७० हजार कमाइ हुन्छ, त्यसैले घर छाडेर यहाँ काम गर्न आएको', जाजरकोट खलंगा-६ दाराका लालसिंह खड्का भन्छन् ।

आम्दानी राम्रो हुने भएकाले छिमेकी जिल्लाहरूका वृद्ध, निरक्षर र कामदार मात्र नभई शिक्षित युवाहरू समेत खानीको कार्यमा संलग्न रहँदै आएका छन् । 'सरकारी जागिरभन्दा पनि खानीको आम्दानी भरपर्दो र कसैको अदबमा बस्नु नपर्ने भएको र आम्दानी पनि राम्रो हुने भएकाले अरू जागिरभन्दा खानीमै काम गर्ने शिक्षित युवाहरू पनि धेरै छन्', आफू समेत स्नातक उत्तीर्ण वीरबहादुर पुन भन्छन् ।

ढुंगा राम्रो भएको र प्रचार प्रसारले यसको मागसँगै मूल्य पनि बढेको छ । अहिले प्रतिढुंगा दस रुपैयाँ रहेको दर प्रत्येक वर्ष बढ्दैछ । एकजनाले दिनमा सजिलैसँग एक सयसम्म ढुंगा तयार पार्न सक्छ । प्रत्येक खानीमा ८-१० जनासम्म कामदारहरूको समूह रहेको 'गेस्मा खानी'मा अहिले २५ वटा खानी सञ्चालनमा आएका छन् । हरेक वर्ष झन्डै ३ लाखभन्दा बढी ढुंगा तयार पारिने यस खानीमा दिनहुँ एकसय बढी खच्चरहरूको लाम लागेको देख्न सकिन्छ, खानीबाट टाढा रहेको गाउँहरूमा ढुंगा ओसार्नका लागि । नजिकका गाउँमा मानिसहरूले नै ओसार्ने खानीका कामदाहरू बताउँछन् ।

खानीबाट ढुंगा ओसार्ने कामले खच्चर व्यवसायीहरूलाई समेत प्रत्यक्ष लाभ पुगेको स्थानीय बासिन्दाको भनाइ छ । यहाँको खानीमा काम गर्नेहरूका अनुसार यस्ता खानीहरू रुकुमको चिप्लेटी, स्याला, कालीकोट र मौराखारामा रहेका छन् । स्थानीय डिल्लीबहादुरका शब्दमा व्यवस्थित नगरी मनपरी खानी बनाउने चलनले विनाश र भूक्षयको सम्भावना बढेको छ । तर, हालसम्म खानी व्यवस्थित गर्न सरकार, जग्गाधनी र कामदारहरूको पक्षबाट कुनै पहल भएको देखिँदैन ।

## बेखबर सरकार

पञ्चायतीकालमा गाउँपञ्चायतले खानीको कर उठाउने गरेको भए पनि बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि अहिलेसम्म बनेका सरकारले खानी व्यवस्थित सम्बन्धमा कुनै चासो नदेखाएको स्थानीय बासिन्दाहरू बताउँछन् । र, खानीबाट कुनै कर पनि उठाइएको छैन । 'माओवादीले भने आम्दानीको ५ प्रतिशत कर उठाउँछन् । नेपालबन्द, नाकाबन्दीका बेला खानी पनि बन्द गराएर हैरान पार्छन्', ढुंगा कुट्दै गरेका भक्तबहादुर पुन भन्छन्, 'यहाँको जग्गाधनीलाई प्रत्येक कामदारले एक हिउँदको २ हजार बुझाउनै पर्छ ।' यहाँ १ सय ७५ भन्दा बढी कामदार ढुंगा बनाउने रोजगारीमा संलग्न हुँदै आएका छन् । खानी अव्यवस्थित भएकाले जोखिम उठाएर वर्षामा काम गर्न नसकिएको व्यवसायीहरूको तर्क छ ।

रुकुममा यातायातको अभाव र व्यापक प्रचारप्रचार अभाव हुँदाहुँदै पनि उल्लेख्य आम्दानी गर्दै आएका खानी व्यवसायीहरू मेटरबाटोको आगमनसँगै ढुंगाखानीको बजारले बढावा पाउने कुरामा ढुक्क छन् । 'बस मात्रै पुगोस्, सोतीको ढुंगा त सेतो सुन बन्छ', स्थानीय बासिन्दा टोपबहादुर मल्ल भन्छन् । सरकारले हालै सल्ली-जाजरकोट र सल्ली-कैनकाँडा-चौरजहारी मोटरबाटो निर्माण थालेदेखि ढुंगालगायत स्थानीय कृषि उपजले पनि बजार लिने आशामा गाउँलेहरू हौसिएका छन् ।

■ **भद्र शर्मा/रुकुम (गेस्मा)**

# बढ्यो सैन्य उन्माद

**राजा ज्ञानेन्द्रको शासन** लम्बिँदै जाँदा सुरक्षाकर्मीहरूमा उन्माद तीव्र बन्दै गएका घटनाक्रमले स्पष्ट पारेका छन् । हतियार बोकेपछि जे पनि गर्न पाइन्छ भन्ने मानसिकता सुरक्षाकर्मीमा बढ्दै गएको देखिएको छ ।

जनताको करबाट किनिएका हतियार निर्दोष सर्वसाधारणतिर नै सोझिन थालेपछि सबै सोच्न बाध्य छन्- मुलुकको सुरक्षा संयन्त्र नागरिकको जीउधनको सुरक्षाका लागि हो वा उनीहरूमा आतंक खडा गर्न ? राजधानीको बागबजारस्थित एक गेस्ट हाउसका सञ्चालक भुवन खरेलको हत्या सैन्य उन्मादको पछिल्लो दृष्टान्त हो । उनी विना कुनै कारण प्रहरी सहायक निरीक्षक विधानचन्द्र शाहको सनकको सिकार बने । फागुन अन्त्यमा एक सुरक्षाकर्मीको गोलीबाट अनाहकमा ज्यान गुमाए, ललितपुरका एक सर्वसाधारणले ।

उता ओखलढुंगा सदरमुकामस्थित जिल्ला प्रहरी कार्यालयको सुरक्षार्थ बसेका सेन्ट्रीले राति ११ बजे जथाभावी गोली चलाएर रुम्जाटारनिवासी चिनिमायाँ सार्कीको हत्या गरे । त्यस्तै होलीको दिन रमाइलो गरिरहेका नेपालगन्जका एक प्रिन्सिपल दुई सुरक्षाकर्मीको उन्मादको सिकार बने । त्यस्तै, माघ २६ मा दाङका एक एमाले कार्यकर्ताले सैन्य उन्मादका कारण अनाहकमा ज्यान गुमाउनुपर्‍यो । नगरकोटमा एक सैनिकले ११ जना सर्वसाधारणको हत्या गरेपछि सुरु भएको नृशंसताको यो शृंखला कहिले रोकिने हो, सर्वसाधारणले अनुमान गर्न सकेका छैनन् । हतियार बोकेका सुरक्षाकर्मीहरू किन सन्किरहेका छन् र जथाभावी सिकार गरिरहेछन् निर्दोष सर्वसाधारणको ? प्रश्न अनुत्तरित नै छ ।

मैले जे गरे पनि हुन्छ भन्ने भावना सुरक्षाकर्मीमा मौलाउँदै जानुलाई यसको कारणका रूपमा चित्रण गर्छन् सैन्यविज्ञ डा. इन्द्रजित राई । उनी भन्छन्, 'यसले भविष्यमा जन आक्रोश बढ्दै जान्छ र सुरक्षा संयन्त्रले जनविश्वास गुमाउँछ ।' उनका भनाइमा सुरक्षाकर्मीमा हामीले जनताको कर खाएका छौं, त्यसैले जनताको सेवा नै हाम्रो दायित्व हो भन्ने बोध नहुँदा यस्तो समस्या देखिएको हो । राति साढे एघार बजे जथाभावी नागरिकको सिकार गर्दै हिँड्ने प्रहरी सहायक निरीक्षक शाहको हर्कतमा ड्युटीमा नभएका बेला हतियार बोक्न दिने प्रहरी प्रशासनको दोष छैन र ?

नेपाली सुरक्षाकर्मीले निर्दोष सर्वसाधारणको रगतमा होली खेल्ने घटना बढिरहेकै बेला फ्रान्सको एउटा प्रहरी टोली भने नागार्जुन जंगलमा पाँच महिनादेखि हराइरहेकी आफ्नी नागरिकको खोजीका लागि अहिले नेपालमा छ । फ्रान्सेली प्रहरीका दक्षिण एसिया हेर्ने कमिस्नरको नेतृत्वमा आएको पाँच सदस्यीय टोलीले नेपाल प्रहरी र शाही सेनासँग मिलेर नागार्जुन जंगलमा संयुक्त अनुसन्धान गरिरहेको छ । हराएको पाँच महिना बितिसके पनि फ्रान्सेली प्रहरीले आफ्नो कर्तव्यमा हार मानेको छैन र अहिले नागार्जुनको जंगलमा भौतारिइरहेको छ, अनुसन्धानका क्रममा । हड्डी मात्र फेला पारे पनि डिएनए परीक्षणबाट ती महिलाबारे पत्ता लगाउन सकिने भएकाले खोजी कार्यमा उनीहरूले तदारुकता देखाएका हुन् ।

■ गोविन्द परियार/काठमाडौं





# मोटरसाइकलमा सर्रर




**साना सडक, मोटरका भीडमा सस्तो र सजिलो मोटरसाइकल मध्यवर्गीय नेपालीको भरपर्दो सवारीसाधन बन्दै गएको छ ।**

■ सुवास देवकोटा, काठमाडौं

### नेपालमा कुन वर्ष कति मोटरसाइकल भित्रिए ?

| | |
|---|---|
| २०४७–४८ | ४,९५४ |
| २०४८–४९ | ८,१५४ |
| २०४९–५० | ७,६०८ |
| २०५०–५१ | ८,६५३ |
| २०५१–५२ | ९,४०१ |
| २०५२–५३ | १३,८५५ |
| २०५३–५४ | १२,६३३ |
| २०५४–५५ | १२,३०६ |
| २०५५–२०५६ | १७,०९० |
| २०५६–५७ | १९,७५५ |
| २०५७–५८ | २९,२९१ |
| २०५८–५९ | ३८,५२२ |
| २०५९–६० | २९,४०४ |
| २०६०–६१ | २६,५४७ |
| २०६१–६१ | ३१,०९३ |

*(स्रोत–यातायात व्यवस्था विभाग)*

**पाँच दशकअघि** 'भटभटे' नै देख्न मुस्किल पर्ने नेपाली सडकमा अहिले बर्सेनि ३० हजार मोटरसाइकल थपिन्छन् । र, त्यो बजार पाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीबीच तीव्र प्रतिस्पर्धा छ अनि त्यसैका निम्ति उनीहरूले ग्राहक सहुलियतका अनेकौं योजना अघि सारिरहेका छन् । राजनीतिक स्थिरता र सडकको लम्बाइ थपिए नेपाली मोटरसाइकल बजार अझै फराकिलो हुने बताउँछन्, व्यवसायी ।

भैंसेको पैदल बाटोबाट राणाकालमै केही मोटरसाइकल बोकाएर काठमाडौं ल्याइए पनि त्यस बेला तत्कालीन शासकका आठपहरियाले मात्र प्रयोग गर्दथे, भटभटे । मोटरसाइकल बनाउने वर्कसप पनि राणाका दरवारमा मात्र थियो, त्यस बेला । काठमाडौंमा आइपुगेका सीमित बेलायती र जर्मन मोटरसाइकल मर्मत गर्ने वर्कसप दरवारबाहिर २००७ मा प्रजातन्त्र आएपछि मात्र खुलेको बताउँछन्, काठमाडौं झोंछेमा त्यसै बेला वर्कसप खोलेका हरिनारायण मानन्धरका छोरा पुष्पनारायण । प्रजातन्त्रपछि शासक इतरको पहुँच मोटरसाइकलमा पुगे पनि महँगो भएकाले सीमित मानिसले मात्र मोटरसाइकल चलाउने गरेको र निकै लामो समयसम्म त्यो स्थिति कायम रहेको उल्लेख गर्छन्, तीन दशकदेखि मोटरसाइकल वर्कसपमा संलग्न, उनी ।

महँगा र ठूला आकारका बेलायती, जर्मन र रूसी मोटरसाइकलको लामो राजपछि सन् ६० दशकको मध्यदेखि जापानी मोटरसाइकलले नेपाली बजार प्रवेश गऱ्यो । ज्योति समूहको स्यामु कपु कम्पनीले नेपाल भित्र्याएका जापानी मोटरसाइकलको बजार सन् ८० दशकको मध्यसम्म नेपालमा झन्डै एकलौटी रह्यो । जापानी र भारतीय कम्पनीले साझेदारीमा भारतमा मोटरसाइकल उत्पादन गर्न थालेपछि नेपाली बजारमा भारतमै उत्पादित विभिन्न कम्पनीका मोटरसाइकल भित्रिन थाले र त्यसपछि नै यहाँका सडकमा मोटरसाइकलको संख्या अत्यधिक बढेको बताउँछन्, सबै व्यवसायी ।

तर, सन् ९० मा प्रजातन्त्र पुनःस्थापनापछि नै नेपाली मोटरसाइकल बजारको तीव्र विस्तार हुनथालेको तथ्यांकहरूले देखाउँछन् । मोटरसाइकलको बजार तीव्र गतिमा प्रजातन्त्र आगमनपछि मात्र विस्तार हुनुमा आयात प्रक्रिया सजिलो बन्नु, निजी क्षेत्रको विकासले आम मानिसको आय बढ्नु र सडक लम्बिनु महत्त्वपूर्ण कारण मानिन्छ । मोटरसाइकल कम्पनीहरूबीच तीव्र प्रतिस्पर्धाले ग्राहक आकर्षित गर्ने अनेक योजना उनीहरूले ल्याउनु, न्यून ब्याजदरमा किस्ताबन्दीमा मोटरसाइकल पाइनु र आधुनिक र उन्नत जीवनप्रति मानिसहरू आकर्षित हुनु पनि नेपाली मोटरसाइकल बजार विस्तार हुनुका अन्य कारण हुन् ।

सशस्त्र द्वन्द्व र राजनीतिक अस्थिरताले सडक लम्बिने क्रम रोकिएपछि र तिनै कारण मानिसहरूको आय घट्न थालेपछि नेपाली मोटरसाइकल बजार खुम्चिने खतराले अहिले व्यवसायी चिन्तित छन् । सशस्त्र द्वन्द्व र राजनीतिक अस्थिरताले नेपाली मोटरसाइकल बजार प्रभावित भइनसके पनि राजनीतिक परिस्थिति नसुध्रिए मोटरसाइकल बजारको आकार घट्ने निश्चित भएको उनीहरूको ठहर छ । यसो भएमा यो क्षेत्रमा संलग्न हजारौंको रोजगारी संकटमा पर्ने र सरकारले पनि राजस्वको महत्त्वपूर्ण क्षेत्र गुमाउनेछ ।

अहिले मोटरसाइकल क्षेत्रले सरकारलाई निकै ठूलो धनराशि राजस्व बुझाइरहेको छ । 'नेपाल अटोमोबाइल डिलर्स एसोसियसन'का सुरेन्द्र प्रधानका अनुसार आर्थिक वर्ष २०६१-६२ मा मोटरसाइकल आयातबाट सरकारले तीन अर्ब तीन करोड २२ लाख ६४ हजार रुपैयाँ भन्सार दस्तुरमार्फत राजस्व उठाएको थियो । मोटरसाइकल 'पार्टस्' भित्र्याउँदा उठ्ने राजस्व पनि यसैमा मिसाउने हो भने कुल राजस्वमा मोटरसाइकल क्षेत्रको योगदान योभन्दा बढ्ने निश्चित छ ।

राजस्वसँगै मोटरसाइकल क्षेत्रले ठूलो संख्यालाई रोजगारी पनि दिएको छ । 'मोटरसाइकल मर्मतका लागि खुलेका वर्कसपमा मात्र ४० हजारले रोजगारी पाएका छन्', नेपाल अटो मेकानिक्स ट्रेड युनियनका कोषाध्यक्ष माधव पाण्डेको यो तथ्यांकले मोटरसाइकल बजारले दिएको रोजगारीको आकार स्पष्ट हुन्छ । मोटरसाइकल र यसको 'पार्टस्'को कारोवार गर्नेहरूको पनि संख्या जोड्ने हो भने यो क्षेत्रमा रोजगारी पाएकाहरूको संख्या लाख नाघ्ने निश्चित छ ।

## तीव्र प्रतिस्पर्धा

नेपाली मोटरसाइकल बजारको आकार विस्तारसँगै त्यसमा कब्जा जमाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मोटरसाइकल कम्पनीबीच तीव्र प्रतिस्पर्धा चलिरहेको छ । प्रतिस्पर्धामा अब्बल बन्न र ग्राहकको मन जित्न उनीहरूले ग्राहक आकर्षित गर्ने अनेकौं योजना ल्याइरहेका छन् भने आफ्नो उत्पादन विश्वासिलो र भरपर्दो सावित गर्न प्रचारयुद्ध पनि तीव्र बनाएका छन् । प्रचारयुद्ध प्रभावकारी पार्न नै उनीहरूले धेरैको ध्यान तान्ने खेलकुद लगायत सामाजिक क्षेत्रमा पनि लगानी गरिरहेका छन् । यामाहा मोटरसाइकलले उत्कृष्ट फुटबल खेलाडीलाई र बजाजले उत्कृष्ट क्रिकेट खेलाडीलाई प्रोत्साहनस्वरूप मोटरसाइकल दिनु






मोटरसाइकल बजारमा प्रतिस्पर्धा तीव्र बनेको र प्रचारले ग्राहक प्रभावित पार्न गरिएका प्रयासका उदाहरण हुन् ।

प्रचार भएजस्तै नेपाली मोटरसाइकल बजार जापानी र भारतीय कम्पनीका संयुक्त उत्पादन हिरो होन्डा, यामाहा र बजाजबीचको प्रतिस्पर्धामै घुमिरहेको छ । तीनवटै कम्पनीले कम आम्दानी भएका, राम्रै खर्च गर्नसक्ने र खर्चिला युवा ग्राहकका लागि फरक फरक मोटरसाइकलहरू बजारमा ल्याइरहेका छन् र पछिल्लो समयमा आफ्ना उत्पादनले ग्राहकलाई प्रभाव पार्न थालेको तथा अन्य कम्पनीलाई प्रतिस्पर्धामा पछि छाडेको दाबी उनीहरू गरिरहेका छन् । तर, प्रतिस्पर्धी कम्पनीहरूको हैसियत पत्ता लगाउनु चुनौतीपूर्ण मात्र होइन, विवादास्पद हुने पनि निश्चित छ ।

जापानी र भारतीय कम्पनीका संयुक्त उत्पादनले नेपाली बजार पिटे पनि अन्य मुलुकका उत्पादनको बजार प्रवेश पनि जारी छ । युरोपका उत्पादनको प्रवेश उल्लेख्य नभए पनि जापानी, ताइवानी र चिनियाँ मोटरसाइकलको पनि नेपाली मोटरसाइकल बजारमा छुट्टै स्थान छ । केही वर्षअघि नेपाली बजारमा सनसनी बनेका चिनियाँ मोटरसाइकलहरूको माग अहिले केही खस्केको महसुस भए पनि ग्राहकबीच लोकप्रिय नै रहेको बताउँछ, नेपाली बजारमा चिनियाँ मोटरसाइकल आपूर्ति गरिरहेको स्टार इन्टरनेसनल । यसैगरी विदेशी 'पार्टस्' प्रयोग गरेर नेपालमै पनि मोटरसाइकल निर्माण हुनथालेको छ । यद्यपि, यसको बजार त्यति विस्तार हुन नसकेको व्यवसायीहरू बताउँछन् ।

## सजिलो सवारी

नेपाली सडकमा यति तीव्र गतिमा किन लोकप्रिय भए त मोटरसाइकल ? 'सजिलो सवारीसाधन भएकाले' धेरैको उत्तर हुने गर्छ । हुन पनि सानो आकार, कम मूल्य र मोटर जान नसक्ने ठाउँमा पनि लान सकिने मोटरसाइकल सबैभन्दा सजिलो सवारीसाधन हो । अझ, सडकको आकार सानो भएकाले धेरै समय 'जाम' हुने काठमाडौँका सडकका लागि त मोटरसाइकल गन्तव्यमा छिटो पुऱ्याउने एक्लो सवारीसाधन नै बनेको छ ।

तर, महँगो विदेशी मुद्रा तिरेर पेट्रोलियम पदार्थ भित्र्याउनुपर्ने नेपालमा मोटरसाइकलको व्यापक प्रयोगले परनिर्भरता बढाउने निश्चित छ । विश्वमै नयाँ आर्थिक शक्तिका रूपमा उदय हुँदै गरेको चीनमा साइकल प्रयोग प्रोत्साहित भइरहेको बेला नेपालमा चाहिँ साइकल प्रयोग निरुत्साहित छ र साइकल दरिद्रताको प्रतीक बन्ने सामाजिक मान्यता विकास हुँदै छ । यता, मध्यमवर्गीय आर्थिक हैसियत प्रदर्शन गर्ने साधन बन्दै छ, मोटरसाइकल ।

मध्यम र निम्न मध्यमवर्गको यातायातको साधन बनिसकेको मोटरसाइकल दशकअघिसम्म समाजमा धाकको विषय हुनेगरेको सम्झन्छन्, मानिसहरू । २०३५ सालदेखि मोटरसाइकल वर्कसप चलाइरहेका मेकानिकल इन्जिनियर पुष्प मानन्धर जापानी र भारतीय कम्पनीका संयुक्त उत्पादन नेपाल नभित्रिँदासम्म मोटरसाइकल चढ्नु काठमाडौँमै 'सान'को विषय हुने गरेको सम्झन्छन् । 'मोटरसाइकलमा जाँदा कार्यालयहरूमै छुट्टै व्यवहार पाइन्थ्यो भने नातागोतामा पनि चर्चाको विषय बन्थ्यो', मानन्धर भन्छन्, 'जापानी र भारतीय कम्पनीका संयुक्त उत्पादन आउन थालेपछि भने अहिले मोटरसाइकल मूल्यमा मात्र होइन, महत्त्वमा पनि सस्तो भइसकेको छ ।'

## युवा आकर्षण

सबै मोटरसाइकल कम्पनीहरूले युवा ग्राहकलाई आकर्षित गर्न आकर्षक 'डिजाइन'का मोटरसाइकल बजारमा ल्याउनुले मोटरसाइकलका मुख्य ग्राहक युवा उमेर समूह नै भएको पुष्टि हुन्छ । हुन पनि सम्पन्न परिवारका युवाहरूमा बजारमा आएका नयाँ डिजाइनका मोटरसाइकल लिन छिट्टै मोटरसाइकल फेर्ने 'फेसन' छ, जसले मोटरसाइकलको बिक्री उल्लेख्यरूपमा बढाएको छ । मोटरसाइकल छिटो फेर्ने युवा प्रवृत्तिकै कारण पुराना मोटरसाइकल र केही रुपैयाँ थपे नयाँ मोटरसाइकल दिने नयाँ व्यवसाय पनि सुरु भएको छ, काठमाडौँमा ।

यामाहा मोटरसाइकल कम्पनीको सर्वेक्षणअनुसार युवाहरूले रुचाउने 'स्टाएल एन्ड पावर' श्रेणीका मोटरसाइकलको बिक्री ४५ प्रतिशत छ, त्यो कम्पनीका उत्पादनमा । यसैगरी हिरो होन्डा र बजाज कम्पनीका मोटरसाइकलका पनि त्यही श्रेणीकै मोटरसाइकलको बिक्री अत्यधिक रहेको ती कम्पनी बताउँछन् । यी तथ्यले मोटरसाइकल बजारमा युवा समूहको प्रभाव स्पष्ट पार्छन् ।

'स्टायल एन्ड पावर' श्रेणीका मोटरसाइकलको बिक्री अत्यधिक हुनुमा मानिसमा आफ्नो पृथक् पहिचान खोज्ने र देखाउने प्रवृत्ति अर्को महत्त्वपूर्ण कारण हो । बजाज कम्पनीका राधेश्याम लम्सालका अनुसार पछिल्लो समयमा युवा उमेर पार गरिसकेका कामकाजी पुरुषले पनि 'स्टायल एन्ड



तस्वीरहरू : तेजबहादुर बस्नेत



पावर' श्रेणीका मोटरसाइकल रुचाउन थालेका छन् । लामो समय सामान्य मोटरसाइकल चढेकाहरूले पनि फरक स्वादका लागि त्यस्तो मोटरसाइकल रोज्ने गरेको उनी बताउँछन् ।

तर, अरूभन्दा भिन्न देखिन मोटरसाइकलको ढाँचा वर्कसपबाट फेर्ने प्रचलन पनि युवाहरूले सुरु गरेका छन् । यो प्रचलनले दुर्घटना बढाएको बताउँछन्, नेपाल अटो मेकानिक्स ट्रेड युनियनका कोषाध्यक्ष तथा न्यु एमएस मोटरसाइकलका माधव पाण्डे । अनुसन्धान र प्रयोगपछि कम्पनीले विकसित गरेको ढाँचा मेकानिक्सले फेर्दा प्राविधिक समस्या आउने र दुर्घटना हुने उनी उल्लेख गर्छन् । युवाहरूले वर्कसपमार्फत सिट तलमाथि पार्ने, हेन्डिल बढी घुमाउने लगायत मोटरसाइकलको ढाँचा फेरबदल गर्ने गर्छन् ।

### महिला प्रवेश

समाजका अन्य क्षेत्रमा महिला सहभागिता बढेजस्तै मोटरसाइकल चालकमा पनि महिला सहभागिता उल्लेख्य बढेको छ र यसैकारण मोटरसाइकल कम्पनीहरूले महिला ग्राहकलाई लक्षित गर्दै आफ्ना उत्पादन बजारमा ल्याइरहेका छन् । महिला स्कुटरले नेपाली मोटरसाइकल बजारको पाँच प्रतिशत मात्र ओगटेको र अहिले महिला मोटरसाइकल क्रेता काठमाडौंबाहिर उल्लेख्य नभए पनि त्यो प्रतिशत वृद्धि निरन्तर भइरहेको बताउँछन्, व्यवसायी । कामकाजी महिलाको संख्या वृद्धिसँगै मोटरसाइकलमा महिला रुचि बढेकाले सबै मोटरसाइकल कम्पनी महिला ग्राहक आकर्षित गर्ने योजना ल्याउन नचुक्ने बताउँछन् ।

एक दशकअघि मोटरसाइकल चलाएर महिला सडकमा निस्कँदा काठमाडौंमै पनि सबैको चासोको विषय बन्ने गरेको सम्झन्छिन्, ६ वर्षदेखि महिलालाई मोटरसाइकल चलाउने तालिम व्यवसायिकरूपमा दिँदै आएकी, पार्वती न्यौपाने । 'अहिले धेरै फरक आइसकेको छ, सडकमा मोटरसाइकल चलाइरहेका महिला प्रशस्तै देखिन्छन्', पार्वती भन्छिन् । २०६० पुसमा मोटरसाइकलमा महाकाली-मेची यात्रा गरेकी पार्वतीले 'नेपाल महिला ड्राइभिङ सेन्टर'बाट पाँच सयभन्दा धेरैलाई मोटरसाइकल चलाउने तालिम दिइसकेकी छन् । मोटरसाइकल चलाउने महिलाको संख्या निरन्तर बढिरहेकै कारण २०५६ पछि पार्वतीले कहिल्यै विद्यार्थीविहीन हुनुपरेको छैन ।

हिरो होन्डाका लक्ष्मण तुलाधरका अनुसार महिला स्कुटरको नेपाली वार्षिक बजार अहिले एक हजारदेखि १२ सयवटासम्म छ । यद्यपि, यो बजार निरन्तर वृद्धि भइरहेको बताउँछन्, उनी । महिला स्कुटरको बजार देखेर नै महिलाका लागि कुनै उत्पादन नेपालमा बिक्री नगरीरहेको यामाहाले 'मियो' स्कुटर बजारमा ल्याउँदै छ । महिलाका निम्ति हिरो होन्डाको उत्पादनले पहिलेदेखि नै बजार लिइरहेको छ भने बजाजले पनि गत भदौदेखि आफ्नो उत्पादन बजारमा ल्याइसकेको छ । ■

## ग्राहक तान्ने योजना

**सन् १९८६ देखि** नेपालमा हिरो होन्डा बिक्री गरिरहेको 'स्याकार' कम्पनीका निर्देशक लक्ष्मण तुलाधरका अनुसार हिरो होन्डाले ग्राहक आकर्षित गर्ने कुनै योजना ल्याएको छैन । 'ब्रान्डका कारण बिक्री हुने हो, हामीलाई ग्राहक तान्ने अतिरिक्त योजना ल्याउन आवश्यक छैन', तुलाधर भन्छन्, 'हाम्रा उत्पादन केही महँगा हुन सक्छन् तर गुणस्तरका कारण बजारमा तिनले अरूसँग कडा प्रतिस्पर्धा गर्नुपरेको छैन ।'

नेपालमा हिरो होन्डाले धेरै प्रकारका मोटरसाइकल बिक्री गरिरहेको भए पनि 'स्प्लेन्डर'ले बजारमा राम्रो स्थान ओगटेको छ । निर्देशक तुलाधर पनि आफ्नो उत्पादनको बिक्रीमा ५० प्रतिशत 'स्प्लेन्डर'ले नै ओगटेको बताउँछन् । बजारको रुचि विचार गरेर अहिले हिरो होन्डाले 'सुपर स्प्लेन्डर' पनि बजारमा ल्याएको छ ।

सन् १९८४ देखि नेपालमा यामाहा बिक्री गर्दै आएको 'मोरङ अटो वर्क्स'ले ग्राहकलाई सुविधा दिन 'यामाहा क्लब' योजना अघि बढाइरहेको छ । यो क्लबको सदस्यले मर्मत सुविधालगायत निःशुल्क सेवा कुपनमार्फत १८ प्रकारका सेवा पाइरहेका छन् । 'मोरङ अटो वर्क्स'का म्यानेजर सुशील श्रेष्ठका अनुसार निःशुल्क कुपन सेवाले ६३ सय रुपैयाँबराबरको सेवा तीन वर्षभित्र ग्राहकले पाउन सक्नेछन् ।

यामाहाका धेरै उत्पादन बजारमा भए पनि 'यामाहा जी ५' र 'इन्टाइसर'ले नेपाली बजार तताइरहेको छ । म्यानेजर श्रेष्ठकै अनुसार पनि कम्पनीका उत्पादनको बिक्रीको ठूलो हिस्सा 'स्टायल एन्ड पावर' श्रेणीका मोटरसाइकलले ओगटेकोले पनि यिनको बिक्री उल्लेख्य भएको मान्न सकिन्छ । उत्कृष्ट फुटबल खेलाडीहरूलाई पुरस्कृत गरेर यामाहाले युवाबीच आफूलाई चर्चित पनि बनाएको छ ।


सन् १९९८ मा बजाजको बिक्री 'गोल्छा अर्गनाइजेसन'ले लिएपछि नेपाली बजारमा बजाजको बिक्री निरन्तर वृद्धि भइरहेको छ । ग्राहकमुखी सशक्त योजनाका कारण बजारमा बजाजका उत्पादन निरन्तर लोकप्रिय भइरहेको 'गोल्छा अर्गनाइजेसन'का म्यानेजर राधेश्याम लम्साल बताउँछन् । 'ब्याज नलाग्ने किस्ता योजना र उपहार योजना पनि ल्याएका छौं', लम्साल भन्छन्, 'केही समयअघि ग्राहक सुविधाकै लागि पुरानो मोटरसाइकल साट्न पाइने महामेला पनि गर्‍यौं, भृकुटीमण्डपमा ।'

बजाजका उत्पादन बजारमा धेरै भए पनि 'पल्सर' चर्चित छ । बजाजले पनि उत्कृष्ट क्रिकेट खेलाडीहरूलाई पुरस्कृत गरेर युवाहरूबीच आफूलाई लोकप्रिय बनाएको छ । म्यानेजर लम्साल भन्छन्, 'सबै वर्ग, उमेर र रुचि सुहाउँदा उत्पादन् छन् हामीसँग । त्योसँगै ग्राहकलाई सुविधा दिने योजना पनि छ, हामीसँग ।'

दस वर्षदेखि नेपालमा ताइवानी मोटरसाइकलको कारोवार गरिरहेको 'स्टार इन्टरनेसनल'ले पछिल्लो समयमा चिनियाँ मोटरसाइकलको पनि कारोवार गरिरहेको छ । ताइवानी मोटरसाइकल महँगा हुने भएकाले नेपाली बजारमा चिनियाँ मोटरसाइकल चल्ने बताउँछ, उक्त कम्पनी । त्यसो त, हङकङ र ब्रुनाईमा बस्ने नेपाली लाहुरेहरूले किन्ने भएकाले ताइवानी मोटरसाइकलको कारोवार पनि कमजोर छैन । तर, पछिल्लो समयमा अन्य सामान जस्तै चिनियाँ मोटरसाइकलले पनि नेपाली बजारलाई निरन्तर हस्तक्षेप गरिरहेको छ । ■



मोटरसाइकल चलाउने तालिम दिँदै पार्वती न्यौपाने



तस्वीरहरू : भास्कर ओझा

पाण्डेराजका एक सिकार प्रदीप खतिवडा ▲

# पाण्डेराजको सिकार



**नेपालका नमुना परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेको काम गर्ने अजिब शैलीका कारण नेपालको परराष्ट्र मामिलामात्र ध्वस्त भएको छैन, मन्त्रालयको अस्तित्व र साख नै धरापमा परेको छ । मन्त्रालयमा चलेको एकछत्र पाण्डेराजका कारण मन्त्रालयका कर्मचारीदेखि कूटनीतिज्ञसम्म रुष्ट भइसकेका छन् ।**

■ **किरण भण्डारी/काठमाडौं**

**वर्तमान सरकार** या त्यसका मन्त्रीहरू राजनीतिक दलहरूको आलोचनामा उत्रनु खासै नयाँ कुरा हैन । तर कूटनीतिज्ञ, पत्रकार, राजनीतिज्ञ तथा सेनाका जर्नेलहरूसमेत भएको ठाउँमा एकजना मन्त्रीले भोजनका समयमा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको खप्की खानु र मन्त्रीले स्पष्टीकरण दिनुपर्ने अवस्था सिर्जना हुनु अनौठो नै मानिनु पर्छ ।

चीनका राष्ट्रिय पार्षद तथा पूर्व विदेशमन्त्री टाङ जिआउक्सिनको सम्मानमा चीन अध्ययन केन्द्रद्वारा आयोजित सम्मान तथा दिवा भोज कार्यक्रम बौद्धस्थित हायात रिजेन्सी होटलमा पूर्वप्रधानमन्त्री देउवा र परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेबीच भएको घटना हो यो । मुख्य अतिथि कार्यक्रमबाट उठ्नुअगाडि नै बाहिर निस्कन लागेका मन्त्री पाण्डेलाई देउवाले भने, 'पाण्डेजी, यस्तो क्षुद्र राजनीति गर्नुहुन्छ तपाईं ?' त्यसपछि पाण्डे रक्षात्मक मुद्रामा देउवाको कुर्सीपछाडि उभिइराखे । 'मेरो पासपोर्ट दिन ४-५ दिन लगाउने अनि भूतपूर्व प्रधानमन्त्री पनि नलेख्ने ?', देउवाले अर्को प्रश्न पनि तेर्स्याए ।

त्यसबारे आफूलाई केही जानकारी नभएको र त्यो विषयलाई गम्भीरतासाथ हेर्ने आश्वासनका साथ पाण्डे त्यहाँबाट उम्किए । तर, देउवा भन्दै थिए, 'शीतलनिवासमा पाण्डेले सबै कुरा निर्णय गर्छन् र यसमा उनैको संलग्नता छ ।' सुरक्षानिकायका एकजना उच्च पदाधिकारीले समेत त्यस्तो अपमान हुन नहुने जनाए त्यहाँ ।

तर पाण्डेले त्यो घटनालाई गम्भीरतासाथ लिएको उदाहरण प्रस्तुत गरे । भोलिपल्ट शनिवार बिहानै शीतलनिवासका एकजना कर्मचारी देउवाको बूढानीलकण्ठस्थित घर गएर रातो पासपोर्टमा उनको नामअगाडि फर्मर प्राइम मिनिस्टर (पूर्वप्रधानमन्त्री) थपे ।

शीतलनिवास स्रोत मन्त्रीकै आदेशले देउवाको नामअगाडि उनको पूर्व पदीय हैसियत नराखिएको दाबी गर्छ । तर, देउवाले सञ्चारमाध्यम र सार्वजनिकरूपमा यसलाई मुद्दा बनाउलान् भन्ने कल्पनासम्म पनि सायद उनले गरेका थिएनन् । देउवाको आलोचनालाई सम्बोधन गर्न पाण्डे बाध्य भएका हुन सक्छन् । तर, शीतलनिवासमा उनी षड्यन्त्र र आतंकका प्रतीक बनेका छन् । र, त्यो सिलसिला अनवरत जारी छ । पूर्व प्रधानमन्त्री, शीर्षस्थ नेताको मान मर्दनमा उत्रने र 'आफैं बोक्सी आफैं धामी' बनेर नेताहरूलाई समेत भ्रम दिन चतुर पाण्डेले मन्त्री भएको एक वर्षमा कर्मचारीतन्त्रलाई समेत वाक्क बनाएका छन् । उनको रवैया शीतलनिवासभित्र आलोचनाको प्रमुख विषय मात्र बनेको छैन उनी प्रशासनिक क्षेत्रमा पनि नांगिएका छन् ।

प्रशासनयन्त्रमा सचिव, राजदूतदेखि सहायक कर्मचारी र श्रेणीविहीन ड्राइभर, पियनसम्म पाण्डेको वक्रदृष्टिको सिकार भएका छन् । निम्सरा कर्मचारीको समेत शीतलनिवास कति खेदो गर्छ भन्ने उदाहरण बनेका छन् १६ वर्षसम्म परराष्ट्र मन्त्रालयमा सेवा गरेका ड्राइभर राजेन्द्र खड्का ।

श्रेणीविहीनलाई उसकै इच्छानुसार वा घरपायक मात्र सरुवा गरिदिने प्रचलनलाई तोड्दै खड्कालाई धौलागिरी अञ्चल प्रशासन कार्यालय बागलुङ

सरुवा गरिएको छ। काठमाडौं कलंकी निवासी खड्का जस्ता निम्सरा कर्मचारीलाई विना कुनै आरोप डाँडो कटाएर शासन शक्तिको रगजग देखाउने काम भएको छ। यो निजामती सेवा ऐनको भावनाविपरीत समेत छ। पेन्सन पाक्न लागेको जागिर जोगाउन खड्का बागलुङ जान बाध्य भएका छन्।

आफू अनुकूलकोलाई निमित्त सचिव बनाएर यस्तै एकछत्र शासन गर्न पाण्डेले परराष्ट्रका सहसचिव प्रदीप खतिवडालाई अतिरिक्त समूहमा सरुवा गराएका छन्। प्रजातन्त्र पुनःस्थापनापछि परराष्ट्र समूहको गठन भएयता पन्ध्रवर्षे इतिहासमा खतिवडालाई पहिलो पटक अतिरिक्तमा सरुवा गरिएको छ। मन्त्रिपरिषद्को फागुन २५ गतेको निर्णयको हवाला दिँदै खतिवडालाई अतिरिक्त समूहमा सरुवा गरिएको जानकारीसहितको पत्र परराष्ट्र मन्त्रालयले फागुन मसान्तको दिन बुझाएको थियो।

माघ १९ को शाही कदमपछि कूटनीतिक समूहका कर्मचारीमध्ये सबैभन्दा तारो बनाइएका खतिवडा ६ महिनायता तेस्रोपटक सरुवामा परेका छन्। कात्तिकमा दिल्ली नियोग उपप्रमुख (डेपुटी चिफ अफ मिसन)बाट मन्त्रालय तानिएका खतिवडा, निर्वाचन आयोगमा काज, पुनः मन्त्रालय फिर्ता हुँदै अन्ततः सामान्य प्रशासन मन्त्रालय अतिरिक्त समूहमा पुऱ्याइएका छन्।

खतिवडा आँखी बन्नुमा अति राजभक्तिको प्रदर्शन गर्ने मन्त्री पाण्डेको मनसुवा सतहमा देखिएको कारण भए पनि मन्त्रीको निजी स्वार्थको अंश त्यसभन्दा बढी भएको जानकारहरू बताउँछन्।

दिल्लीबाट खतिवडालाई अवधि सकिनु दुई वर्षअघि नै फिर्ता बोलाइएदेखि अहिलेसम्मको सबै प्रक्रिया कानुनतः गलत छ। अवधि नपुग्दै जथाभावी सरुवा गर्नुअघि सामान्य प्रशासन मन्त्रालय वा लोकसेवा आयोगको परामर्श लिने औपचारिकतासमेत पूरा नगरी सत्ताले दादागिरी देखाएको छ।

त्यसो त कर्मचारीको पृष्ठभूमि हेरेर माघ १९ को कदमको कट्टर समर्थक हुन नसक्ने अनुमानका भरमा 'कालापानी खेद्ने' सिलसिलाको नेतृत्व पाण्डेले नै गरिरहेका छन्। पाँच सचिवलाई तेह्र महिनादेखि अतिरिक्त समूहमा थन्क्याउने डिजाइनरको पदवी पाउने थरी मन्त्रीमा पाण्डे पनि पर्छन्। संघ-संगठन खोल्ने स्वतन्त्रतासमेत नहुँदा खतिवडा समेतको संलग्नतामा २०३२-२०३३ सालमा कर्मचारी मिलन केन्द्र गठन भएको विषयलाई उनको प्रजातान्त्रिक चरित्रको दसी मानेर सजायको भागिदार बनाइएको छ।

अहिले ७० भन्दा बढी जिल्लामा संगठन रहेको मिलन केन्द्रको जन्म तीस वर्षअघि संखुवासभा जिल्लाबाट भएको थियो। संखुवासभाका तत्कालीन कायम मुकायम प्रमुख जिल्ला अधिकारी खेमराज नेपाल र तत्कालीन जिल्ला शिक्षा अधिकारी खतिवडाले केन्द्र खोल्ने हिम्मत देखाएका थिए।

खतिवडाकै शैलीमा दिल्लीका सांस्कृतिक सहचारी ज्योतिप्रसाद अधिकारीलाई डेढ वर्ष पदावधि बाँकी रहँदै दिल्लीबाट परराष्ट्र मन्त्रालयमा सरुवा गरिएको छ। २०५५ सालदेखि निजामती कर्मचारीको पदको रूपमा दर्ता रहेको सांस्कृतिक सहचारी पदमा बाहिरियाबाट नियुक्ति गर्ने पहलमा पाण्डे लागिरहेका छन्। तर, सामान्य प्रशासन मन्त्रालय परराष्ट्रकालाई छाडेर बाहिरियालाई घुसाउने मन्त्रीको दाउमा बाधक बनिरहेको छ।

दूतावासबाट अवधि नै नपुगी विनाकारण फिर्ता बोलाइएका अधिकृतस्तरका कर्मचारी अरू तीनजना पनि छन्। सरुवा र पदस्थापन प्रणालीमा बाँधिएको कूटनीतिक समूहको मर्यादालाई भताभुंग पार्दै न्युयोर्कबाट उपसचिव नारायणदेव पन्तलाई, शाखा अधिकृतद्वय मुक्ति भट्ट र धनबहादुर ओलीलाई पनि मनखुसी सरुवा गरिएको छ।

माघ १९ यता परराष्ट्र प्रशासनमा वर्षौंदेखि स्थापित मान्यता र मर्यादा भत्काइएका छन्। खतिवडालाई अतिरिक्त समूहमा लखेट्नुको प्रमुख कारण हीराबहादुर थापालाई कामचलाउ सचिवको जिम्मेवारी दिनु रहेको पनि घटनाक्रमहरूले पुष्टि गरेका छन्। कात्तिकमा भएको सचिव बढुवामा परराष्ट्रबाट सिफारिस भएका दुवैलाई नलिई कायम मुकायम वा निमित्तबाट दैनिक प्रशासन संचालन हुँदै आएको छ। खतिवडालाई मन्त्रालयबाट अन्यत्र नपठाएसम्म 'सिनियारिटी'का आधारमा उनलाई नै निमित्त सचिव दिनुपर्ने बाध्यता मन्त्रीका सामु आएकाले पनि अतिरिक्तमा फालिएको बुझिएको छ।

कन्फर्म सचिव कठपुतली मात्र नहुने निष्कर्षसहित पाण्डेले परराष्ट्रको प्रशासनिक नेतृत्व ६ महिनादेखि तदर्थ बनाएका छन्। सचिव नियुक्तिका लागि भएको सिफारिस सूचीमा परराष्ट्र समूहकै दुई पुराना सहसचिव परेका थिए - ज्ञानचन्द्र आचार्य र दुर्गा भट्टराई। खुला प्रतिस्पर्धाबाट छानिएका मात्र होइन नौ सचिवका लागि भएको सत्ताइस सहसचिवको सिफारिसका उनीहरू १ र २ नं. मा थिए। सचिव पद रिक्त राखेर तदर्थवाद हावी गराउन उनीहरूलाई नियुक्ति नगरी सरकारले तुरुन्तै अयोग्यलाई कायम मुकायम दिएको थियो। जब कि परराष्ट्रमा पाँच वर्ष पुगेका सहसचिवको संख्या नै पाँच छ।

कात्तिक १० गते भएको सचिव नियुक्तिमा तीन वर्ष पनि नपुगेका नवीनबहादुर श्रेष्ठलाई कामु परराष्ट्र सचिव बनाएर सरकारले निर्लज्ज छवि देखाएको थियो। कामु हुन सम्भाव्य उम्मेदवार हुनुपर्ने र सम्भाव्य हुन सहसचिवमा पाँच वर्ष पुग्नुपर्ने निजामती सेवा ऐनको प्रावधानलाई राजाको सरकारले कुल्चिएको घटना अझै ताजा नै छ। पञ्चायतकालमा दरवारका चर्चित सचिवद्वय नारायणप्रसाद श्रेष्ठ र नगेन्द्रप्रसाद श्रेष्ठका ज्वाइँ हुनुलाई उनको प्रमुख योग्यता मानिएको थियो।

परराष्ट्रमा स्थापित प्रणाली भत्काइएको सबैभन्दा बलियो उदाहरण सार्क सचिवालय निर्देशक पद बनेको छ। डा. प्रकाशशरण महत परराष्ट्र राज्यमन्त्री रहँदै पन्ध्र महिनाअघि निर्देशक प्रद्युम्नविक्रम शाहको पदावधि सकिएकाले मन्त्रालय सरुवा गरी उपसचिव ऋषि घिमिरे खटाइए। कूटनीतिक सेवामा न्युयोर्क वा वासिङटनभन्दा पनि आकर्षक मानिने सार्क निर्देशकमा परराष्ट्रभित्र पीडित मानिने घिमिरेको सरुवाको प्रशंसा नै भएको थियो। तर, घिमिरे पनि माघ १९ को कोपभाजनमा परेर अहिलेसम्म निर्देशकमा बहाल हुन पाएका छैनन्। लगभग एक वर्ष शाहलाई नै टिकाइयो भने केही महिनादेखि मन्त्री पाण्डे निर्देशक पदमा नयाँ अनुहारको खोजीमा छन्। काठमाडौंमा नै बसेर मासिक तलब-भत्ता ३ हजार डलरभन्दा बढी हुने सार्क निर्देशकको पद अत्याकर्षक मानिन्छ। ■



निश्चलनाथ पाण्डे

**सार्क सचिवालय गठन भएदेखि नै परराष्ट्रका कर्मचारीलाई खटाइने उक्त पदमा 'सुयोग्य पुत्र' निश्चलनाथलाई पठाउने प्रयास थालेका छन् मन्त्री पाण्डेले।**

# प्रकट भयो पुत्रमोह

**परराष्ट्र मन्त्रालयका** हरेक पद रिक्त हुँदा परिवारभित्रबाटै पूर्ति गर्ने असफल प्रयास गर्दै आएका मन्त्री पाण्डेले फेरि एकपटक धृतराष्ट्र जस्तै पुत्रमोह देखाएका छन्। उनले सार्कको निर्देशक पदमा ज्याल काढेर नै लामो अवधि रिक्त राखेको स्रोतले बताएको छ।

सार्क सचिवालय गठन भएदेखि नै परराष्ट्रकै कर्मचारीलाई खटाइने उक्त पदमा 'सुयोग्य पुत्र' निश्चलनाथलाई पठाउने प्रयास थालेका छन् मन्त्रीले। निर्देशकको पद निजामती पदको रूपमा जो कोहीलाई पठाउन मिल्ने तर्क उनले सामान्य प्रशासन मन्त्रालय र प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद् सचिवालयमा पेसेका छन्।

बाह्र वर्षदेखि विभिन्न उच्च सरकारी ओहदामा निश्चलनाथलाई उम्मेदवार बनाएर कांग्रेस र एमालेलाई समेत परिचालन गर्दै आएका पाण्डेको यो प्रयासको परिणाम हेर्न केही दिन कुर्नै पर्ने हुन्छ। अन्ध मोहमा डुबेका पाण्डेले पुत्रलाई नसक्ने भारी बोकाइदिन गरेको प्रयासको केही चर्चित किस्सा जानकारहरूले एकपटक फेरि सम्झना गरेका छन्। एघार वर्षअघि भर्खरै स्नातक पुत्रलाई तत्कालीन उपप्रधानमन्त्रीदेखि सञ्चारमन्त्रीसम्म लबिङ गरेर रेडियो नेपालमा दसौं तहमा जागिर खुवाउने पाण्डे प्रयास रेडियोको तत्कालीन अध्यक्षको अडानबाट विफल भएको थियो।

त्यसको केही वर्षमा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको अधिकृत तहबाट जागिर सुरु गरेका निश्चलनाथ बाबुकै बैशाखी टेकेर त्यहाँको प्रमुख नै बन्न सफल भएका छन्।

असोज १८ पछि लोकेन्द्रबहादुर चन्द सरकारमा वरिष्ठ मन्त्री भएका पाण्डेले परराष्ट्र मन्त्रालयमा सहसचिव सरहको विशेष पद सृजना गरी पुत्रलाई प्रतिष्ठानबाट सेवा परिवर्तन गराएर कूटनीतिक सेवामा भित्र्याउने असफल प्रयास गरेको घटना अझै स्मृतिमा नै छ।

'अरू साधारण उदाहरण त कति छन् कति', सरकारका एक सचिव भन्छन्, 'जागिर खानकै लागि बाबुछोरा मिलेर विदेशीहरूलाई समेत पटक पटक झुक्याउने प्रयास गरिरहेका छन्।' ■



विकास रौनियार

चिनियाँ स्टेट काउन्सिलर टाङ राजा ज्ञानेन्द्रसँग भेट गर्दै

# फेरिएको भूमिका

**चीन स्वयं पनि नेपालको मामिलामा अन्तर्राष्ट्रिय समुदायसँग मिल्दो निर्णय लिने निष्कर्षमा पुगेको छ । चीन अध्ययन केन्द्रका अध्यक्ष मदन रेग्मीको छोटो भाषणको लगत्तै प्रत्युत्तरमा चिनियाँ राज्यपार्षद टाङले भने, 'चीन नेपालको समस्या यहाँका संवैधानिक शक्तिहरूबीच वार्ताद्वारा समाधान होस् भन्ने चाहन्छ ।'**

■ **युवराज घिमिरे/काठमाडौं**

**हायात होटलको आधारमा** रहेको एउटा हलमा वृत्ताकार टेबल वरिपरि सजाइएका कुर्सी र आमन्त्रितहरूको अनुहारले आयोजक चीन अध्ययन केन्द्रको खाका स्पष्ट झल्किन्थ्यो, मुलुकको वर्तमान समस्या र समाधानका सम्भावनाबारे । मन्त्रिपरिषद्का उपाध्यक्ष कीर्तिनिधि विष्टका साथै केही अन्य मन्त्रीहरू, प्रतिपक्षी दलका प्रतिनिधिहरू, प्रमुख कूटनीतिज्ञ र सञ्चारमाध्यमका प्रतिनिधिहरू विभाजित राजनीतिमा आफैं एउटा नौलोजस्तो र सकारात्मक संगम थियो त्यो ।

तर, मुख्य अतिथि चिनियाँ राज्यपार्षद तथा पूर्व विदेशमन्त्री टाङ जिआउक्सिनको आगमन निर्धारित समयभन्दा केही अबेर भयो । उनी प्रतिपक्षी नेताहरू गिरिजाप्रसाद कोइराला (कांग्रेस), शेरबहादुर देउवा (कांग्रेस-प्रजातान्त्रिक)लाई भेट्न व्यस्त थिए- सरकारी अवरोध तथा संकेतलाई बेवास्ता गर्दै ।

त्यो नै चीनको निर्णायक संकेत या परिवर्तन हो उसको नेपालको वर्तमान राजनीतिबारे । चीन अध्ययन केन्द्रका अध्यक्ष मदन रेग्मीको छोटो भाषणको लगत्तै प्रत्युत्तरमा टाङले भने, 'चीन नेपालको समस्या यहाँका संवैधानिक शक्तिहरूबीच वार्ताद्वारा समाधान होस् भन्ने चाहन्छ ।' पंचशीलका सिद्धान्तमा नेपालसँगको सम्बन्ध अगाडि बढ्ने चिनियाँ मान्यतालाई पनि उनले दोहोऱ्याए ।

मुलुकमा केही मन्त्रीहरूले सात दललाई 'आतंकवादीका मतियार'का रूपमा प्रस्तुत गरिरहेका बेला उनीहरूलाई 'संवैधानिक शक्ति'का रूपमा चित्रण गरेर चीनले नेपालको भावी राजनीति राजाबाट समालिन नसकेको अडान पनि पेस गरेको छ । सम्भवतः त्यही अडानलाई गलत प्रचार गर्न चाहन्थे परराष्ट्रमन्त्री रमेशनाथ पाण्डे ।

सामान्य कूटनीतिक अभ्यासविपरीत मुख्य अतिथिभन्दा झन्डै आधाघन्टापछि स्वागत समारोहमा प्रवेश गरेका पाण्डेले टाङ शिष्टमण्डलका एक सदस्यलाई बाहिर लगी दलका नेताहरूसँग भएको वार्ताबारे जान्न खोजेका थिए। यो असामान्य कौतुहलतालाई चीनले मन नपराएको अड्कलबाजी पनि कूटनीतिक वृत्तमा हुन थालेको छ।

'राजाद्वारा फागुन ७ गते जारी सन्देशलाई चीनले समर्थन गरेको दाबी पाण्डेले गरे पनि चिनियाँ मत स्पष्टरूपमा त्यो व्याख्याविपरीत देखिन्छ। टाङ नेपालमा मन्त्रिपरिषद्का उपाध्यक्ष विष्टको निमन्त्रणमा आएका हुन्। 'श्री ५ र राजनीतिक दलहरूबीच संवाद हुनुपर्छ', विष्टले टाङको संकेतलाई अनुमोदनका साथ दोहोऱ्याए। वास्तवमा माघ १९ गतेको शाही कदमलाई चीनले कहिले पनि समर्थन नगरेको चीन विज्ञहरूको दाबी छ।

टाङको यात्रा निश्चय पनि महत्त्वपूर्ण रह्यो क्षेत्रीय र नेपाल-चीन द्विपक्षीय सम्बन्धका हिसाबले। उनको यात्रा अवधिमै नेपाली उत्पादनलाई चिनियाँ बजारसम्म विनाभन्सार पहुँच हासिल हुने सहमति भएको थियो।

यसअघि द्वन्द्ववाट धराशायी हुन लागेको पर्यटन व्यवसायलाई राहत पुऱ्याउन चीनले नेपाललाई प्राथमिक गन्तव्यस्थलको सूचीमा पनि सामेल गरेको थियो, नेपालको अस्थिरता चीनको हितमा नहुने स्पष्ट सन्देश दिन नै। मञ्जुश्री बोधिसत्व र भृकुटी अरनिकोकालको सम्बन्धलाई टाङले विस्तृतरूपमा राखेका थिए।

'नेपालको वर्तमान राजनीतिक संकट खास गरी दलहरू र राजाबीचको चिसो सम्बन्ध आफ्ना कारणले नभएको बरु त्यसमा राजा दोषी रहेको साझा विश्लेषण र निष्कर्ष कोइराला, देउवा तथा एमालेका भरतमोहन अधिकारी र अमृतकुमार बोहोराले टाङसमक्ष राखेका थिए।

राजासँगको भेटमा टाङसँग के कुरा भयो आधिकारिकरूपमा केही आएको छैन। तर, चिनियाँ कूटनीतिक शैलीलाई नियाल्नेहरू चीनले संवाद नहुँदाको अवस्थामा बढ्न सक्ने अराजकता र परिणामबारे राजालाई सचेत गराएको अनुमान गर्दछन्।

दक्षिण एसियाको शान्ति र प्रगतिमा समेत आफ्नो चासो रहेको बताएर चीनले त्यो क्षेत्रीय सम्भाव्यताबाट अलग नहुन नेपाललाई सन्देश दिएको हो। चीन स्वयं पनि नेपालको मामिलामा अन्तर्राष्ट्रिय समुदायसँग मिल्दो निर्णय लिने निष्कर्षमा ऊ पुगेको संकेत पनि हो यो।

टाङको भ्रमणकै हाराहारीमा नेपाल भ्रमणमा आएको ब्रिटिस संसदीय शिष्टमण्डलले नेपालमा प्रजातन्त्रको स्थापनाको पक्षमा ब्रिटेनको अडान दोहोऱ्याएका छन्। यी दुवै भ्रमण माओवादी र सात राजनीतिक दलहरूबीचको समझदारीको पृष्ठभूमिमा भएका हुन्।

यसैबीच मुलुकमा नागरिक समाज र राजनीतिक दलका नेताहरूको रिहाइका लागि राजामाथि दबाब बढिरहेको छ। भारतका पूर्व प्रधानमन्त्री इन्द्रकुमार गुजरालले राजा ज्ञानेन्द्रलाई पत्र लेखी दक्षिणएसिया क्षेत्रीय मानवअधिकार संघमा सदस्य रहेका डा. देवेन्द्रराज पाण्डेको रिहाइको माग गरेका छन्। साथै नेपाल मानवअधिकार आयोगले पनि सरकारसँग बन्दी नेताहरूको रिहाइ माग गरेको छ। त्यसलाई नमान्दा सरकार दमनकारी अनुहारमा पेस भएको छ। यी सबै गतिविधिबीच सरकारले आफूले चाहे जसरी प्रयोग गर्न सकिने तुरुपका रूपमा प्रस्तुत गर्दै आएको चीनको भूमिका पनि राजाको सत्ताको पक्षमा नभएकाले आउँदा दिन राजनीतिक परिवर्तनका सूचक हुन सक्ने सम्भावना केही हदसम्म भने पनि बढेको छ।


काँग्रेस सभापति गिरिजाप्रसाद कोइरालासँग भेट गर्दै चिनियाँ स्टेट काउन्सिलर टाङ

तस्वीरहरू : भास्कर ओझा


नेताहरूसँग भेट गर्दै चिनियाँ प्रतिनिधि


मन्त्रीहरूसँग कुरा गर्दै टाङ

# विकासमा साझेदारीतिर

■ **मधुसूदन पौडेल/काठमाडौं**

**चिनियाँ स्टेट काउन्सिलर** टाङ जिआउक्सिनको नेपाल भ्रमणले आर्थिक विकासका पक्षमा केही महत्त्वपूर्ण बाटा खुल्ने आशा पलाएको छ। खास गरी जलविद्युत्, आर्थिक विकास, पर्यटन र सेवाका क्षेत्रहरूमा चिनियाँ लगानी भित्रिने सम्भावना प्रबल बनिरहेका छन्। नेपाल-चीन व्यापारलाई नेपालले आफ्नो पक्षमा उपयोग गर्न सकेमा चीन सरकार निकै सहयोगीका रूपमा प्रस्तुत हुने संकेत यो भ्रमणले देखाएको छ।

विश्वमा द्रुततर आर्थिक विकासको नमुना राष्ट्रका रूपमा उदीयमान चीनको आर्थिक विकासबाट नेपालले पर्याप्त फाइदा हात पार्न सक्ने अवस्था छ। यसबाट नेपालको विकास प्रक्रिया अगाडि बढ्नुका साथै गरिबी निवारणमा मुलुकलाई ठोस फाइदा हासिल हुन सक्छ। त्यसका लागि सरकारको उदार नीति आवश्यक हुनेछ भने निजी क्षेत्रले समेत चिनियाँ सहयोग लिन सक्ने वातावरण तयार गरिदिनु पर्नेछ, सरकारले।

चिनियाँ पक्षबाट नेपालको निजी क्षेत्रसँगको सहकार्य उल्लेख्य रूपमा अगाडि बढ्न सकेको छैन। नेपालले चीनबाट आर्थिक सहयोगको प्रत्यक्ष फाइदा लिनका लागि यसो गर्नु बढी जरुरी छ। परियोजनाका लागि प्रत्यक्ष सहयोग वा नेपाल सरकारलाई दिँदै आएका आर्थिक सहयोगहरू नै चीन सरकारका तर्फबाट नेपालमा आउने मुख्य सहयोग बनिरहेका छन्। उद्योग, यातायात, पूर्वाधार निर्माण, संचार, स्वास्थ्य र खेलकुद लगायतका क्षेत्रमा चिनियाँ सहयोग सरकारले पाउँदै आएको देखिन्छ, अर्थ मन्त्रालयको तथ्यांकबाट। सरकारी तहमा आउने यस्तो सहयोग वार्षिक ५० करोड रुपैयाँसम्म हुने गरेको छ।

चिनियाँ सरकारका उच्च अधिकारीको नेपाल भ्रमणले निजी क्षेत्रसँगको सहकार्य अगाडि बढ्न सक्ने संकेतहरू देखिएका छन्। नेपालको विकास प्रक्रिया र आर्थिक विकासको पक्षमा यसलाई निकै महत्त्वपूर्ण उपलब्धिका रूपमा नेपालको निजी क्षेत्रले हेरेको छ। नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष विनोदबहादुर श्रेष्ठ भन्छन्, 'आर्थिक विकासका लागि आवश्यक पर्ने लगानी जुटाउन यसले ठूलो सहयोग गर्नेछ।' भ्रमणका क्रममा पनि ओझेलमा परेको दुई देशको निजी क्षेत्रबीच सहकार्यका लागि तयार भएको वातावरण सरकारी तहका उपलब्धिहरूभन्दा कमजोर नरहेको विश्लेषण गर्छन्, सम्बन्धित क्षेत्रका विज्ञहरू।

तत्काल यस्तो उपलब्धि नेपालको हालसम्मको सबैभन्दा ठूलो जलविद्युत् परियोजना 'पश्चिम सेती'मा देखिने अवस्था भएको बताउँछन्, उद्यमीहरू। ७ सय ५० मेघावाट जलविद्युत् उत्पादन क्षमता राख्ने उक्त परियोजना सम्भाव्यता अध्ययनका लागि सरकारले अस्ट्रेलियाको 'स्नोइ माउन्टेन इन्जिनियरिङ कर्पोरेसन'लाई लाइसेन्स दिएको छ। आफैंमा महत्त्वाकांक्षी रहेको उक्त परियोजना अगाडि बढाउने मामिलामा यस कम्पनीले एक दशक बिताइसकेको छ। सम्बद्ध अधिकारीहरूका अनुसार उक्त परियोजना सम्पन्न गर्न १ अर्ब अमेरिकी डलरभन्दा धेरै लगानी लाग्ने अनुमान गरिएको छ।

सरकारले 'निर्माण, संचालन र फिर्ता' अर्थात् 'बुट' सिस्टमअन्तर्गत रहेर परियोजना अगाडि बढाउने स्वीकृति दिएको छ, उक्त कम्पनीलाई। यसअनुसार परियोजना सुरु हुनुअघि नै उत्पादित बिजुली बिक्री गरेर मुनाफा आर्जन गर्ने बाटो बनाउनु पर्ने जरुरी छ उसलाई। विद्युत् विकास विभागका अधिकारीहरूका अनुसार पछिल्लो समयमा उक्त कम्पनीले भारतको पावर ट्रेडिङ कर्पोरेसन (पिटिसी)सँग विद्युत् बिक्रीका लागि प्रारम्भिक सहमति जुटाएको छ। जसअनुसार प्रतियुनिट विद्युत् अमेरिकी डलर ५ सेन्टमा बेच्ने सैद्धान्तिक सहमति भएको छ।

बिजुली निर्यातको प्रारम्भिक सहमतिको चरणसँगै कम्पनी आर्थिक लगानी जुटाउने काममा लागेको थाहा भएको छ। जसअनुसार चिनियाँ कन्ट्रक्सन कम्पनीले उक्त परियोजना निर्माणको जिम्मा पाएको अवस्थामा चिनियाँ बैंकहरूबाट परियोजनामा लगानी पनि आउन सक्ने अवस्था छ। र, विगतमा इन्द्रावती जलविद्युत् परियोजनामा नेपालले यस्तो फाइदा उठाएको छ। 'पश्चिम सेती'मा पनि यही प्रक्रिया अपनाएर लगानी भित्र्याउने प्रयास सकारात्मक रूपमा अगाडि बढेको बताउँछन्, महासंघका पूर्व अध्यक्ष श्रेष्ठ।

काउन्सिलर टाङसँगै नेपाल भ्रमणमा आएका चीनको एक्स्पोर्ट, इम्पोर्ट (एक्जिम) बैंकका अध्यक्षसँग उक्त परियोजनामा लगानीबारे पनि सकारात्मक पहल भएको बताइएको छ। बिजुली निर्यातबाट परियोजनाले आवश्यक आम्दानी प्राप्त गर्न सक्ने अवस्थामा उक्त बैंकको लगानी यहाँ आकर्षित गर्न सजिलो रहेको जानकारी सम्बद्ध पक्षहरूले दिएका छन्। यद्यपि, उक्त परियोजनामा लगानीका बारेमा औपचारिक प्रक्रिया भने पूरा भएको पुष्टि उनीहरूले गरेका छैनन्। विभागका अधिकारीहरूका अनुसार 'बुट'अन्तर्गत सरकारले ३० वर्षका लागि परियोजना उक्त कम्पनीलाई



मन्त्रिपरिषद्का उपाध्यक्ष कीर्तिनिधि विष्टसँग टाङ



चिनियाँ प्रतिनिधिको नेपालमा स्वागत गरिँदै

विकास रौनियार

**नेपालको विकास प्रक्रियामा प्रत्यक्ष सहयोग पुऱ्याउने वचन दिएका छन्, स्टेट काउन्सिलर टाङले । त्यसका लागि चीनले अति कम विकसित (एलडिसी) मुलुकका लागि गत वर्ष घोषणा गरेको १० अर्ब रुपैयाँबराबरको आर्थिक सहयोगबाट नेपालले फाइदा उठाउन सक्ने बाटो पनि देखाइदिएका छन् ।**

दिने सोच बनाएको छ । र, उसको वार्षिक आम्दानीको १२ प्रतिशत रकम राजस्वका रूपमा सरकारले उठाउनेछ, परियोजना आफ्नो हातमा नआएसम्म । 'डाउन स्ट्रिम बेनिफिट'को अधिकार नेपालले नखोजेका कारण भारत पनि उक्त परियोजनाप्रति सकारात्मक रहने आशा गरिएको छ । व्यवसायीका अनुसार एक्जिम बैंकका अध्यक्षले नेपालमा पनि 'एक्जिम बैंक' स्थापनामा चासो दिएका छन् । चीनसँगको सहकार्यमा नेपालमा यस्तो बैंक स्थापना गर्न सकिए महत्त्वपूर्ण उपलब्धि हासिल हुने विश्वास व्यवसायीको छ ।

## चासो विकास र व्यापारको

नेपालको विकास प्रक्रियामा प्रत्यक्ष सहयोग पुऱ्याउने वचन दिएका छन्, स्टेट काउन्सिलर टाङले । त्यसका लागि चीनले अति कम विकसित (एलडिसी) मुलुकका लागि गत वर्ष घोषणा गरेको १० अर्ब रुपैयाँबराबरको आर्थिक सहयोगबाट नेपालले फाइदा उठाउन सक्ने बाटो पनि देखाइदिएका छन् । संयुक्त राष्ट्रसंघीय विश्वसम्मेलनका क्रममा गत वर्ष चीनका राष्ट्रपति हु जिन्ताओले तीन वर्षका लागि एलडिसीहरूलाई सुलभ ऋण उपलब्ध गराउने जानकारी दिएका थिए । चीनको सूचीमा रहेका यस्ता ४० राष्ट्रमध्ये नेपालको नाम पनि परेको छ ।

तर उक्त सहयोग लिनका लागि पनि नेपालले विकासका खास योजना कार्यान्वयनको प्रतिबद्धतामा चीनको विश्वास लिनु जरुरी छ । विकास सरकारको प्राथमिकतामा नपरेको अवस्थामा सरकारले यसअन्तर्गतको सहयोग उपयोग गर्नेमा आशंका छ । भ्रमणकै क्रममा चीनले १८ करोड रुपैयाँको सहयोग अहिले नै दिने घोषणा गरेको छ । नेपालको विकास कार्यक्रमका लागि उपलब्ध गराइने उक्त रकम चिनियाँ सरकारको नियमित सहयोगको एक अंश रहेको पनि चिनियाँ पक्षले जनाएको छ । नेपालको राजनीतिक स्थायित्वसँगै स्टेट काउन्सिलर टाङले आर्थिक विकासका पक्षमा पनि उत्तिकै महत्त्व दिनु पर्ने सन्देश नेपाल सरकारलाई दिएका छन्, मुलुक बाह्य हस्तक्षेपबाट मुक्त रहने चाहना राख्ने हो भने ।

नेपालको व्यापार सहजीकरण र चीनसँगको ठूलो व्यापार घाटा कम गर्ने मामिलामा संवेदनशील रूपमा प्रस्तुत हुँदै चीनले नेपाली निर्यातमा पूर्ण भन्सार सहुलियत दिन तयार भएको छ । पछिल्लो तथ्यांकअनुसार नेपाल-चीन व्यापार घाटा १२ अर्ब रुपैयाँभन्दा माथि पुगेको छ । नेपालको उद्योग क्षेत्र धराशायी बन्दै जाने र चिनियाँ उद्योगहरू विश्वबजारमा प्रतिस्पर्धामा अरू दह्रो बन्दै गएको अवस्थामा नेपाल-चीन व्यापार घाटा आगामी दिनमा थप वृद्धि हुँदै जाने परिप्रेक्ष्यमा दिइएको यस्तो सहुलियतबाट नेपालले राहत पाउने आशा राखिएको छ । उद्योग वाणिज्य तथा आपूर्ति सचिव भरतबहादुर थापा भन्छन्, 'हामीले सहुलियत पाएका छौं । फाइदा लिनका लागि गृहकार्य जरुरी छ ।'

नेपाली बजारमा चिनियाँ परनिर्भरता यतिसम्म चुलिँदै गएको छ, कपडादेखि लसुन र स्याउसम्मका चिनियाँ उत्पादनले नेपाली बजार भरिएका छन् । हिजोका दिनमा नेपालबाट चीन निर्यात हुने उत्पादनहरू अहिले चीनबाट नेपाल फर्किन थालेका छन्, त्यो पनि निकै सस्तोमा । यो अवस्थामा चीनले नेपाललाई भन्सार सहुलियत उपलब्ध गराए पनि नेपालबाट चीन निर्यातमा वृद्धि हुने सम्भावना कम छ । महासंघका अध्यक्ष चण्डिराज ढकाल भन्छन्, 'हामीले फाइदा कसरी लिन सक्छौं भन्ने बारेमा अहिले नै केही भन्न सकिने अवस्था छैन ।' निर्यातजन्य उत्पादनका लागि नेपाली उद्यमीका आँखा युरोप र अमेरिकी बजारमा केन्द्रित छन् । र, चिनियाँ बजार नेपाली व्यापारीले मूलरूपमा बुझेका छैनन् । व्यापारीले फाइदा कमाउनका लागि नेपाली उत्पादन चीन निर्यात गर्नु पर्दैन, चिनियाँ उत्पादन नेपालमा बिक्री गर्दा नै उनीहरूले धेरै मुनाफा कमाउँछन् । त्यसैले चिनियाँ सहुलियतबाट नेपाली निर्यात वृद्धि हुने र मुलुकले लाभ उठाउन सक्ने खास आधार देखिएका छैनन् । उद्योग सचिव थापाका अनुसार भन्सार सहुलियत पाउनका लागि चीनलाई १ हजार ५ सय नेपाली उत्पादनको सूची थमाइएको छ । जसमा कृषि एवं पशुजन्य वस्तु, निर्माण सामग्री, उपभोग्य वस्तु, हस्तकला, चाउचाउ, वनस्पति घिउ लगायतका वस्तु छन् । भन्सार सहुलियत पाउँदा पनि नेपाली उत्पादनले चिनियाँ उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन ।

चीनबाट धार्मिक पर्यटनको विस्तार आर्थिक विकासका लागि दिगो सावित हुन सक्छ । भ्रमणको क्रममा यस मामिलाले महत्त्व पाएको छ । र, चीन यसप्रति सकारात्मक रहँदै नेपाललाई आफ्ना नागरिकका लागि गन्तव्य मुलुकको सूचीमा राखेको छ । चिनियाँ बौद्ध धर्मावलम्बीहरूका लागि लुम्बिनीको भ्रमणमा ल्याउने योजना कार्यान्वयनमा भने उत्साहजनक उपलब्धि हासिल हुन सकेको छैन । सन् २०२० सम्म विश्वमै सबैभन्दा धेरै पर्यटक देश बाहिर पठाउने मुलुकका रूपमा स्थापित हुने चीनको अभियानबाट नेपालले फाइदा उठाउन सक्ने सम्भावनातर्फ ध्यान पुऱ्याउनु जरुरी छ । ■

**मंसिरको १२ बुँदे** समझदारीलाई निरन्तरता दिन र शान्तिपूर्ण आन्दोलन निर्णायक बनाउन सात संसदीय दल र सशस्त्र माओवादीबीच नयाँ समझदारी बनेपछि सात दलद्वारा घोषित चैत २४ देखिको आन्दोलनले निर्णायक दिशा पक्रने सम्भावना बढ्दै गएको छ। २४-२७ को आम हडताल सफल बनाउन सात दल अहिले आन्तरिक बैठक र योजना निर्माणमा व्यस्त छन् भने त्यसका लागि ठूलो जनसमूह भेला गर्न कार्यकर्ता परिचालनको कार्यक्रम पनि उनीहरूले सुरु गरेका छन्। २६ गते निर्णायक प्रदर्शन गर्ने पूर्व योजना भए पनि २४ देखिको आम हडताल सफल पार्न त्यही दिनदेखि नै प्रदर्शन गर्नुपर्ने महसुस गर्दै त्यसको योजना र तयारीमा अहिले उनीहरू लागिरहेका छन्। सात दल स्रोतका अनुसार अब २६ गते विशेष प्रदर्शन नहुने भएको छ। सरकारले गत माघ ७ गतेको प्रदर्शन कर्फ्यु लगाएर असफल पारेकाले सम्भावित कर्फ्युसँग सामना गर्ने समस्या अहिले सात दललाई आइपरेको छ र उनीहरू त्यसका लागि पनि तयारी गरिरहेको बताउँछन्।

चैत २४ देखिको आन्दोलनको तयारीमा सात दल व्यस्त रहेका बेला मन्त्रीका भाषण र सरकारको व्यवहारले उक्त आन्दोलनलाई दमन र कर्फ्युबाटै असफल बनाउने सोचमा सरकार पुगेको संकेत देखिन थालेको छ। माघदेखि नै स्थानहद गरिएका एमाले महासचिव माधवकुमार नेपालको निवासमा चैत ९ गते सशस्त्र प्रहरी पठाएर र मोबाइल, फ्याक्स मेसिन र अन्य संचार साधन जफत गरेर सरकारले यस्तो संकेत दिएको छ। यसले शान्तिपूर्ण आन्दोलनमाथि सरकारले सांकेतिक रूपमा दमन सुरु गरेको पनि स्पष्ट हुन्छ। राजनीतिक परामर्शका निम्ति मन्त्रिपरिषद्का उपाध्यक्षद्वय डा. तुलसी गिरी र कीर्तिनिधि विष्टलाई चैत ८ गते पोखरामा राजाले दर्शनभेट दिएपछि सार्वजनिक सरकारको यो व्यवहारले राजा दलहरूसँग संवादको पक्षमा नरहेको नै देखाउँछ।

तर, शान्तिपूर्ण आन्दोलनमा हुने सरकारी दमनले सात दल र माओवादीको समझदारी अर्को चरणमा पुग्ने सम्भावनालाई सरकारले देख्न नसकेको वा नचाहेको स्पष्ट हुन्छ। किनभने दिल्लीमा रहेका सात दलका प्रतिनिधिहरू छिटै सात दल र माओवादीबीच अर्को समझदारी बन्ने र त्यो समझदारी संयुक्त हस्ताक्षरमार्फत सार्वजनिक हुने बताइरहेका छन्। राजा र संसदीय दलबीच एकता हुनुपर्ने पक्षमा रहेको अन्तर्राष्ट्रिय समुदायको दबाबका कारण माओवादीसँग संयुक्त हस्ताक्षरसहितको वक्तव्य जारी गर्न यसपटक अस्वीकार गरेका दलहरूलाई सरकारी दमनले आक्रोशित बनाउने निश्चित छ र त्यसले नकारात्मकरूपमा माओवादीसँग अरू निकट हुन उनीहरूलाई बाटो खोल्नेछ।

वास्तवमा १० वर्षदेखि सशस्त्र युद्धरत माओवादी शान्तिपूर्ण आन्दोलनमा सैद्धान्तिकरूपमा सहमत भइसकेका बेला सरकारको सकारात्मक कदमले उसलाई शान्तिपूर्ण अवतरण निम्ति दबाब पर्नसक्थ्यो भने त्यसो हुँदा माओवादीलाई शान्तिपूर्ण अवतरणका निम्ति बाध्य पार्न ऊसँग समझदारीमा पुगेका दलहरूलाई अनुकूलता प्राप्त हुन्थ्यो। सात दलसँगको वार्तामा माओवादीले युद्धविरामनिम्ति सरकारी व्यवहार अवरोध हुने बताएकाले पनि सरकारको पछिल्लो क्रियाकलापले सम्भावित युद्धविरामलाई पछि धकेल्ने स्पष्ट छ।

तर, दलहरूको शान्तिपूर्ण आन्दोलनको समर्थन गरेका माओवादीका व्यवहार पनि दिनप्रतिदिन संदिग्ध देखिँदै गएका छन्। राजधानीस्थित महेन्द्र प्रकृति संरक्षण कोषको कार्यालयमा आक्रमण गरेर

# समझदारीपछि...

■ सुवास देवकोटा/काठमाडौं

तस्वीरहरू : भास्वर ओझा र तेजबहादुर बस्नेत



चैत २६ मा यस्ता जुलुसलाई बिर्साउने गरी सभा गर्ने दलहरूको दावी छ

माओवादीले काठमाडौंमा समेत आफ्नो उपस्थितिको संकेत दिएका छन् । यसैबीच माओवादी काठमाडौं इन्चार्ज प्रभाकिरणले पाँच माओवादी कार्यकर्ता काठमाडौंमा पक्राउ भएको जानकारी विज्ञप्तिमार्फत दिएका छन् जसले राजधानीमा बढिरहेको माओवादी गतिविधिलाई नै सङ्केत गर्छ ।

चैत २४ देखिको आम हडताल र शान्तिपूर्ण प्रदर्शनमा सरकारले दमन गरे माओवादीको हिंसात्मक गतिविधि तीव्र हुने पनि निश्चित छ । किनभने शान्तिपूर्ण आन्दोलनलाई समर्थन गर्ने माओवादी निर्णय सात दलसँग वार्तापछि मात्र आएको हो भने माओवादीमा अझै हिंसात्मक आन्दोलनबाटै सत्ता हत्याउने पक्ष विद्यमान रहेको रवीन्द्र श्रेष्ठ र मणि थापाको विद्रोहले देखाइसकेको छ । माओवादीले व्यवहारमा हिंसात्मक घटनालाई तीव्र बनाए पनि सैद्धान्तिकरूपमा उसको नेतृत्वले शान्तिपूर्ण आन्दोलनको अनिवार्यता स्विकारेको तथ्यलाई महत्त्वहीन भन्न सकिने अवस्था छैन र माओवादी नेतृत्वको शान्तिपूर्ण अवतरणप्रतिको हतारोलाई संवैधानिक शक्ति र नागरिक समाजले उपेक्षा गर्न मिल्दैन ।

## दिल्लीवार्ताको नालीबेली

माओवादीसँग वार्ताका निम्ति फागुन १८ देखि २१ सम्म राजनीतिक दलका प्रतिनिधि दिल्ली पुगे पनि अमेरिकी राष्ट्रपति जर्ज बुस भारत भ्रमणमा रहेकाले वार्ता सुरु हुन सकेन, भारतीय सुरक्षानिकायको सक्रियता त्यस बेला बढेका कारण । वार्तामा संलग्न एक सदस्यका अनुसार बुसको भ्रमण सकिएपछि फागुन २३ देखि वार्ता सुरु भयो, विभिन्न पक्षबीच । दिल्ली नजिकै भएको उक्त द्विपक्षीय वार्ता २४ गतेसम्म चल्यो । उक्त द्विपक्षीय वार्तामा नेपाली कांग्रेसका महन्थ ठाकुर र कृष्ण सिटौला, एमालेका वामदेव गौतम र झलनाथ खनाल, जनमोर्चाका अध्यक्ष अमिक शेरचन र माओवादी प्रतिनिधिबीच भएको थियो । डा. बाबुराम भट्टराईले माओवादी पक्षको नेतृत्व गरेका थिए भने ती वार्तामा एकताकेन्द्र-मसालका सहमहामन्त्री प्रकाश (नारायणकाजी श्रेष्ठ) प्रत्यक्ष संलग्न थिए ।

फागुन २५ र २६ गते नेपाली कांग्रेस, एमाले, जनमोर्चा र प्रकाशबीच छुट्टै छलफल भयो, दिल्लीमै । उक्त वार्ताले माओवादीसँग गरिने वार्ताको रणनीति तयार गर्‍यो भने माओवादीसँगको वार्तामा राखिने अडान पनि त्यसले निश्चित गर्‍यो । २७ गते माओवादी अध्यक्ष प्रचण्डसहित सबै पक्षबीच अन्तिम वार्ता भयो । त्यही वार्ताले शान्तिपूर्ण आन्दोलन सफल बनाउन माओवादीसहित आठ दलको संयुक्त अपिल सार्वजनिक गर्ने, सात दलले माओवादीका नाकाबन्दीलगायत कार्यक्रम फिर्ता लिन अपिल गर्ने र माओवादीले आफ्ना कार्यक्रम फिर्ता लिएर सात दलको कार्यक्रमलाई समर्थन र सहयोगको घोषणा गर्ने तीनबुँदे सहमति बनायो । र, उक्त सहमति तत्काल काठमाडौंमा रहेका नेपाली कांग्रेस र एमालेका प्रमुख नेताहरूलाई पठाइयो ।

दिल्ली सहमतिको संयुक्त हस्ताक्षर गर्ने बुँदालाई सात दलको शीर्षस्थ नेतृत्वले अस्वीकार गर्ने सम्भावना देखेपछि वार्ताका मध्यस्थकर्ता प्रकाश फागुन २९ गते नै दिल्लीबाट काठमाडौं आइपुगे । काठमाडौं आउनासाथ प्रकाशले सात राजनीतिक दलका शीर्षस्थ नेताहरूसँगको भेट तीव्र बनाए । सबैभन्दा पहिले प्रकाशले कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहवादुर देउवालाई आफ्नै सेल्टरमा बोलाएर भेटे, दिल्लीवार्ता र त्यहाँको समझदारीबारे बताउन । त्यसपछि उनको भेट नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालासँग भयो, कोइरालाका आफन्तको घरमा । चैत ४ सम्म प्रकाशले एमाले कार्यवाहक महासचिव अमृतकुमार बोहोरा, नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे र सद्भावना आनन्दीदेवीका नेता राजेन्द्र महतोसँग भेटे ।

चैत ४ गते नेपाली कांग्रेसका सभापति कोइराला निवासमा सात दलका शीर्षस्थ नेताहरूको बैठक भयो । तर, दिल्ली सहमतिअनुसार संयुक्त हस्ताक्षर गर्ने सहमतिमा उक्त बैठक पुग्न सकेन । दिल्ली सहमतिअनुसार निर्णय नभए माओवादी असहमत हुने र माओवादीका तर्फबाट समझदारी तोडिने खतरा देखिएकाले कांग्रेस सभापति कोइरालाले सात दलका नेता र प्रकाशसँगको सल्लाहअनुसार ६ गतेसम्मका लागि बैठक स्थगित गर्ने उपाय सुझाए, जसलाई सबैले स्विकारे ।

सहमति निर्माणका निम्ति बैठक दुई दिन सारे पनि माओवादीसँग संयुक्त हस्ताक्षर गर्ने विषयमा सात दलमा सहमति बन्न सकेन भने माओवादीले दिल्ली सहमति अस्वीकार गरिए गत मंसिरको १२ बुँदे समझदारी भंग गर्ने धम्की दियो । १२ बुँदे समझदारीमा अडिन नागरिक समाजका प्रतिनिधिहरूले सात दलका नेताहरूलाई दबाब दिएपछि बिहान पौने ९ बजे नेताहरू बैठक हलमा बसे । तर, सहमति बन्ने सम्भावना देखिएन । कोइराला, देउवा र बोहोराले निकै पटक छुट्टाछुट्टै र एकै ठाउँमा सल्लाह गरे । तैपनि, माओवादीसँग संयुक्त विज्ञप्ति निकाल्ने सहमतिमा उनीहरू पुग्न सकेनन् । अन्तमा निरास भएर कोइराला अन्य नेताहरूलाई छाडेर महाराजगन्जस्थित आफ्नो निवासको माथिल्लो कोठामा चढे ।

यता, प्रकाश अज्ञात ठाउँमा बसेर टेलिफोनमार्फत सात दलको बैठकको स्थिति बुझ्दै थिए भने माओवादी नेतृत्वसँग पनि पछिल्लो स्थितिबारे छलफल गर्दै थिए । अन्तमा साढे १० बजे माओवादी नेतृत्वले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्ने सात दलका शीर्षस्थ नेताहरूको अडानमा सहमत जनायो । प्रकाशले यो खबर १०:५४ मा टेलिफोनबाट कोइरालालाई दिए । त्यसपछि मात्र कोइराला कोठाबाट अन्य नेताहरू बसिरहेको भुइँतलाको कोठामा झरे । तत्काल दिल्लीबाट आएको माओवादीसँगको नयाँ समझदारी र सात दलका तर्फबाट माओवादीलाई आफ्ना कार्यक्रम फिर्ता लिन आह्वान गरिएको अपिल सार्वजनिक गरियो । ■


लोकतन्त्रको पक्षमा उठेका युवा हातहरू


लोकतन्त्रको स्थापनाका लागि समाजका सबै पक्ष उत्तिकै सक्रिय छन्



सात दलको बैठकमा सहभागी नेताहरू


अब यस्ता अवरोधहरू पार गर्नु छ


सात दलको बैठकपछि बाहिरिएका नेताहरू

# माओवादीमाथि शंका गर्ने ठाउँ छैन

प्रकाश (नारायणकाजी श्रेष्ठ), सहमहामन्त्री एकताकेन्द्र-मसाल

**सात दल र माओवादीबीचको दोस्रो समझदारीले राष्ट्रिय राजनीतिमा के अर्थ राख्छ ?**

निरंकुशतन्त्रविरुद्ध सबै शक्ति मिलेर सशक्त आन्दोलन गर्नुपर्छ, तब मात्र राजतन्त्रलाई परास्त गर्न सकिन्छ तथा नेपालमा लोकतन्त्र र शान्ति स्थापना गर्न सकिन्छ भन्ने मान्यताको आधारमा नै सात दल र माओवादीबीच १२ बुँदे समझदारी आएको हो । अहिलेको समझदारीले त्यो आवश्यकतालाई झन् मजबुतरूपले अनुभूत गराएको छ । त्यसबाहेक यो समझदारीले आन्दोलनलाई समन्वयात्मक सहकार्यको स्तरमा उठाएको छ । यो समझदारीले मुलुकमा सबै निरंकुशताविरोधी शक्ति मिलेर गर्ने शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट निरंकुश राजतन्त्र परास्त गर्ने तय गरेको छ । यसपल्ट पनि हामीले प्रयत्न गरेको तर सफल नभएको चाहिँ राजनीतिक नारालाई एकसूत्रीय बनाउने काम नै हो ।

**समन्वयात्मक सहकार्य भनेको चाहिँ के हो ?**

सात दल र माओवादीको अहिले पनि एउटै मोर्चा बनेन । तर, सात दलका कार्यक्रमलाई सहयोग पुऱ्याउन माओवादीले आफ्ना पूर्वघोषित कार्यक्रम फिर्ता लियो र सात दलको कार्यक्रमलाई समर्थन गऱ्यो । सात दलको कार्यक्रमलाई समर्थन गर्न माओवादीले आफ्ना कार्यक्रमसमेत फिर्ता लिएकोलाई नै समन्वयात्मक सहकार्य भनिएको हो ।

**यो समझदारीले शान्तिपूर्ण आन्दोलनको अनिवार्यता र वरिष्ठतालाई अझ बढी जोड दिएको हो ?**

पहिलो र अहिलेको समझदारीमा पनि निरंकुश राजतन्त्रविरुद्ध आ-आफ्नो ढंगले प्रहार केन्द्रित गर्ने उल्लेख भएकाले सम्पूर्ण समाधान नभएसम्म माओवादीले हतियार छाड्ने समझदारी अहिले पनि भएको छैन । तर, शान्तिपूर्ण जनआन्दोलनलाई उच्चविन्दुमा पुऱ्याउन माओवादीका कुनै पनि क्रियाकलापले अवरोध उत्पन्न नगरोस् भन्नेमा दुवै पक्ष सचेत हुने र सोअनुसार आवश्यक समझदारीको विकास गर्ने टुंगोचाहिँ अहिले भएको छ ।

**सात दल र माओवादीबीच संयुक्त मोर्चा र संयुक्त अपिलको प्रयास सफल हुन नसकेको बताइँदै छ, के कारण होला त्यो प्रयास असफल हुनुको ?**

सशस्त्र संघर्षरत शक्तिसँग मुख्य संसदीय दल वार्ता र सहमतिमै पनि सजिलै आइपुगेका होइनन् । वस्तुगत परिस्थिति, राजाको पेलाइ र सात दलको छुट्टै आन्दोलन हुन नसक्नुले निरंकुशताविरोधी शक्तिहरू एकताबद्ध हुनु अनिवार्य छ भन्ने अनुभूत गरेर नै १२ बुँदे समझदारीमा वार्ता र संयुक्त प्रहारको स्थितिमा उनीहरू आइपुगेका हुन् । एकसूत्रीय नारा, आठ दलको संयुक्त मोर्चा र साझा कार्यक्रम ल्याउने विषयमा हामी पस्न खोज्यौं । तर, तीनवटै कुरामा त्यही रूपमा सहमति भएन ।

**सहमति हुन नसक्नुको खास कारण के हो जस्तो लाग्छ ?**

दुई पक्षबीच आपसी अविश्वास र आशंका अझै विद्यमान हुनु एउटा कारण हो । मुख्य संसदीय दलहरूलाई माओवादीप्रति पूरै विश्वास भइसकेको स्थिति छैन । राजासँग संघर्ष गर्ने दृढता व्यक्त गरे पनि ती संसदीय दलहरूमा सम्झौतावादी धङधडी अझै बाँकी रहनु अर्को कारण हो जस्तो लाग्छ । अमेरिकाले मुख्य संसदीय दलहरूलाई त्यस्तो सहमति नगर्न दिएको ठूलो दबाबविरुद्ध उनीहरू अड्न नसक्नु अर्को कारण हो । तैपनि गिरिजाबाबुको सात दल पनि नटुटोस् र सात दल र माओवादीबीचको समझदारी पनि नबिग्रियोस् भन्ने अडान रह्यो, जुन सकारात्मक हो ।

**माओवादीप्रति प्रमुख संसदीय दलमा अविश्वास रहनुपर्ने कारण विद्यमान छैन त ?**

२००७ देखि अहिलेसम्मको लोकतान्त्रिक आन्दोलनले किन पूर्णता पाएन ? किनभने हरेक पटक राजासँग अनावश्यक सम्झौता गरियो । सार्वभौमसत्ता जनतामा हस्तान्तरण हुने विन्दुमा नपुग्दासम्म राजासँग सम्झौताहीन संघर्ष गर्नुपर्छ भन्ने यथार्थलाई प्रमुख संसद्वादी शक्तिहरूले बुझ्न सकेनन्, मुख्य समस्या यही नै हो । त्यसबाहेक केही समस्या त छँदै छन्, कांग्रेस सरकारमा रहेका बेला भएको दमन बिर्सिन माओवादीलाई सजिलो छैन भने कांग्रेस र एमाले कार्यकर्ताको माओवादीले हत्या गरेको कुरा पनि छँदै छ । त्यसबाहेक माओवादीसँग त्यो स्तरमा समझदारी गर्दा अन्तर्राष्ट्रिय समुदायको समर्थन गुमाउँछौं कि भन्ने डरले पनि अविश्वास बढाएको छ ।

**माओवादीबाट भइरहेको निरन्तर हिंसात्मक गतिविधिले पनि उनीहरूप्रति अविश्वास गर्नुपर्ने स्थिति बनेको जस्तो चाहिँ लाग्दैन ?**

एउटा कारण त त्यो पनि हो । किनभने माओवादी ज्यादती अझै पनि विद्यमान छन् । माओवादीले जे प्रतिबद्धता गरेका छन्, त्योअनुसार व्यवहार गर्न सकिरहेका छैनन् । तैपनि, के सत्य हो भने माओवादीका गलत क्रियाकलाप र ज्यादती धेरै घटेका छन् । उनीहरू अझै घटाउने र त्यस्ता घटनामा संलग्नहरूलाई कारबाही गर्ने वचनबद्धता पनि व्यक्त गरिरहेका छन् । जनताप्रतिको ज्यादतीले घाटा पुऱ्याउँछ भनेर हामीले दिएको सुझाव माओवादीले समयमै नमान्दा पनि यो समस्या आएको हो भन्ने लाग्छ ।

**बहुदलीयताप्रतिको माओवादी प्रतिबद्धतामा चाहिँ तपाईं ढुक्क हुनुहुन्छ ?**

त्यसमा चाहिँ माओवादी रणनीतिक र तात्कालिक दुवै हिसाबले प्रस्ट देखिन्छ । तात्कालिकरूपमा त उसको कुरा एकदम प्रस्ट छ, अहिलेको अग्रगामी राजनीतिक निकास संसदीय राजनीतिक दलहरूसँग मिलेर राजाविरुद्ध मोर्चाबन्दीबाट मात्र हुनसक्छ भन्ने । यसो भनेपछि संसदीय दलहरूसमेत सहमत हुने प्रणालीमा सहमत हुनै पऱ्यो । अझ माओवादी त अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको संश्लेषण र प्रतिक्रान्तिका घटनाहरूको विश्लेषण गरेर रणनीतिकरूपमै समाजवादमा समेत बहुदलीय प्रतिस्पर्धा हुने निष्कर्षमा पुगेको छ, जसलाई हामी अझै विचार गर्नुपर्ने पक्षमा छौं । त्यसकारण माओवादीप्रति शंका गर्नुपर्ने कुनै कारण नै छैन ।

**माओवादी र सात दलबीच एउटै मोर्चा, एउटै नारा र एउटै कार्यक्रम आउने सम्भावना अझै छ ?**

पहिलो कुरा त के स्पष्ट होस् भने यो दोस्रो समझदारीले केही गरेन भन्ने हुँदै होइन । दिल्लीमा सात दलका प्रतिनिधि र माओवादीबीच तीनबुँदे सहमति बनेको हो । पहिलो जनआन्दोलन सफल पार्न आठ दलको संयुक्त अपिल जारी गर्ने । दोस्रो सात दलले संघर्षको कार्यक्रम घोषणा गर्ने र माओवादीका पूर्वघोषित कार्यक्रम फिर्ता लिन आह्वान गर्ने । र, तेस्रो माओवादीले आफ्ना पूर्वघोषित सम्पूर्ण कार्यक्रम फिर्ता लिने र सात दलले घोषणा गरेको कार्यक्रमलाई समर्थन गर्ने तथा सफल पार्न आग्रह गर्ने । काठमाडौंमा भएको सात दलका शीर्षस्थ नेताहरूको बैठकले पहिलो बुँदामा सहमति नजनाए पनि पछिल्ला दुई बुँदामा सहमति जनायो र त्यो सार्वजनिक पनि भइसकेको छ ।

महत्त्वपूर्ण कुरा के हो भने के गर्ने भन्ने कुरा मानिस र राजनीतिक शक्तिहरूको मनोगत इच्छा र चाहनाले मात्र निर्धारण हुँदैन । भौतिक

**सात दल माओवादीबीचको चर्चित १२ बुँदे समझदारी निर्माणमा एकताकेन्द्र–मसालका सहमहामन्त्री प्रकाश ( नारायणकाजी श्रेष्ठ)को महत्त्वपूर्ण भूमिका रहेको सार्वजनिक भएपछि सरकार उनको खोजीमा कम्मर कसेर लागेको छ र अहिले उनी गैरमाओवादी राजनीतिक नेतामा सरकारद्वारा सबैभन्दा धेरै खोजी गरिएका नेता हुन् । २०४७ पछि निरन्तर भूमिगत रहँदै आएका र २०५१ मा एकताकेन्द्र विभाजनपछि माओवादीभन्दा भिन्न समूहको नेतृत्व गरे पनि ऊसँग निकट सम्बन्ध राख्दैआएका प्रकाश दल–माओवादीबीच पछिल्लो दिल्लीवार्ताको मध्यस्थता गरेर पुनः चर्चामा आएका छन् । सरकारको निगरानीका कारण आफ्नो भूमिगत शैली अरू कडा बनाए पनि राजनीतिक भेटघाटमा निरन्तर सक्रिय रहेका उनीसँग राजधानीनजिकैको सहरमा पछिल्लो दिल्लीवार्ता र त्यसको राजनीतिक अर्थमा केन्द्रित रहेर समयका सुवास देवकोटाद्वारा गरिएको कुराकानीको सार प्रस्तुत छ ।**

परिस्थितिले राजनीतिक शक्ति र घटनाक्रमलाई एउटा दिशामा धकेलिदिन्छ, राजनीतिक शक्तिहरू त्यसलाई स्विकार्न वा सही राजनीतिक शक्तिहरू त्यसको नेतृत्व गर्न बाध्य हुन्छन् । मलाई के विश्वास छ भने राजनीतिक नारा एउटै बन्ने विन्दुमा राजनीतिक आन्दोलनले नै पुऱ्याउनेछ ।

**सात दल र माओवादीबीच अर्को समझदारीका लागि दिल्लीमा अझै प्रयास भइरहेको समाचार आइरहेको छ नि ?**

त्यो त निरन्तर जारी हुने कुरा हो । निरंकुशता वा राजतन्त्रविरोधी सम्पूर्ण शक्तिहरूलाई आन्दोलनका निम्ति एकताबद्ध गरेपछि मात्र लोकतन्त्रलाई पूर्णता दिने र शान्ति स्थापना गर्ने अहिलेको ऐतिहासिक कार्यभार पूरा हुनसक्छ भन्ने भएपछि त्यो प्रक्रिया पूरा गर्न आफ्नो प्रयत्न जारी राख्नुपर्ने त स्वतः स्पष्टै छ ।

**सात दल र माओवादीका संयुक्त लिखतहरूमा निरंकुश राजतन्त्रको समाप्ति भनिएको छ । यसको अर्थ 'सेरेमोनियल किङ' स्विकार्न तयार भएका हुन् दुवै शक्ति ?**

लिखतहरूमा उल्लिखित त्यो कुरा माओवादी वा सात दलमध्ये पनि सबैको धारणा होइन । यो कुरा सात दलमै सहमति भइसकेको छैन, त्यसमा सात दल र माओवादीबीच सहमति हुनसक्ने कुरै भएन । त्यसकारण सात दलमा सहमति भएको कुरा लिएर माओवादीसँग जानुपरेको हो र माओवादीसँग पनि त्यसैअनुसार सहमति भएको हो । गणतन्त्रमै जानुपर्छ र गइहाल्नु हुन्न भन्ने प्रवृत्तिबीच अहिले पनि मतभेद कायमै छ ।

**सात दल र माओवादीबीचको समझदारी कहाँसम्म पुग्छ र पुऱ्याउन सकिन्छ भन्ने लाग्छ ?**

अहिले हामी आन्दोलनलाई उत्कर्षमा पुऱ्याउने योजना र तयारीमा छौं । अहिले मुलुक चुनौती र सम्भावनाको विशिष्ट मोडमा छ भन्ने लाग्छ । नेपालका लोकतान्त्रिक शक्ति सबैले ठिक ढंगले 'मुभ' गर्न सके भने चुनौतीलाई चिरेर अग्रगामी परिवर्तनको सम्भावनालाई पक्रन सक्छौं र ऐतिहासिक संक्रमण गर्नसक्छौं । अहिलेको संकट समाधानको बाटो भनेको संविधानसभाको निर्वाचन नै हो र त्यसले मात्र बारम्बारको प्रतिगमन अन्त्य, लोकतन्त्र स्थापना र शान्ति स्थापना गर्छ ।

हामी सबैले अहिले त्यो ऐतिहासिक सम्भावनालाई पक्रन जरुरी छ । माओवादी र सात दलबीचको समझदारी र सहमति कसैको मनोगत इच्छाको परिणाम नभएर नेपाली ऐतिहासिक आवश्यकताको विषय भएकाले यो अझ अघि बढ्छ तथा एउटै मोर्चा, एउटै नारा र एउटै कार्यक्रम बन्ने दिशामा अघि बढ्ने सम्भावनाप्रति सकारात्मक हुँदै अघि बढ्नुपर्छ भन्ने लाग्छ ।

**संविधानसभाका लागि राजा तयार भए माओवादी शान्तिपूर्ण अवतरण गर्छन् त ?**

निश्चितरूपमा गर्छन् । तर, हतियार र सेनाको प्रश्न पनि माओवादीको शान्तिपूर्ण अवतरणका निम्ति महत्त्वका प्रश्न हुन् । यद्यपि, संविधानसभाको निर्वाचन माओवादीले देखाउन मात्र भनेको हो भन्ने आशंका जायज छैन । किनभने संविधानसभा माओवादीले 'ट्रिक'का रूपमा अघि ल्याएको विषय होइन । अहिलेको अन्तर्राष्ट्रिय परिस्थितिका कारण सशस्त्र संघर्षमार्फत केन्द्रीय सत्ता कब्जा गर्नु जोखिमपूर्ण मात्र होइन असम्भव हुने विश्लेषण गरेर नै माओवादी वार्तामार्फत अग्रगामी निकासमा जानुपर्ने टुंगोमा पुगेको हो ।

**राजाले गर्ने संविधानसभाको निर्वाचनमा पनि माओवादी आउलान् ?**

राजाले गर्ने संविधानसभा भन्ने विषयमै यहाँ निकै भ्रम छ । किनभने राजा अहिले पनि संविधानसभाको विरुद्धमा छन् र मुलुकलाई संविधानसभामा पुऱ्याउने भनेकै निरंकुशतन्त्रको अन्त्य हुनु हो । निरंकुश राजतन्त्रअन्तर्गत संविधानसभा हुने होइन ।

**संविधानसभाको निर्वाचनअघि संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणको कुरा समझदारीमा छ, त्यो भनेको के हो ?**

समझदारीमा संविधानसभा निर्वाचनका क्रममा माओवादी सैन्य शक्ति वा शाही नेपाली सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय समुदायको सुपरिवेक्षणमा राखिनेछ भनिएको छ । सुपरिवेक्षणको आसय 'मोनिटरिङ' हो । संविधानसभाको निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित हुने निश्चित नभई सबै राजनीतिक शक्ति आउँदैनन् । शाही सेना र माओवादी सेनालाई यथावत् राखेर निष्पक्ष निर्वाचन हुनसक्छ त भन्ने प्रश्न नेपाली कांग्रेस, एमाले र नागरिक समाजले गर्नु स्वभाविक छ । दुवै सेनाले हस्तक्षेप नगरून् भनेरै 'मोनिटरिङ'को टुंगो गर्नुपरेको हो ।

**फरक प्रसंग, सात दल र माओवादी समझदारीका लागि मध्यस्थताको भूमिका खेल्न तपाई किन अग्रसर हुनुभएको हो ?**

हाम्रो पार्टीले पहिलेदेखि नै संकट निकासका निम्ति संविधानसभामा जानैपर्छ, आन्दोलनकारी सात दल र माओवादी एकताबद्ध नभएसम्म राजालाई परास्त गर्न सकिन्न र उनीहरू एकताबद्ध भएर राजाविरुद्ध प्रहार केन्द्रित गर्नुपर्छ भन्दैआएको हो । यो राजनीतिक विश्लेषणले नै हामीलाई सात दल र माओवादीबीच कसरी अविश्वास कम गराउने र कसरी उनीहरूबीच समझदारी विकास गराउने भन्ने दिशामा पुऱ्याएको हो ।

**सात दल र माओवादीबीच मध्यस्थता गरेकै कारण तपाईंको पार्टीका महामन्त्री मोहनविक्रम सिंह र तपाईंबीच विवाद उत्पन्न भएको र पार्टी विभाजन निकट पुगिसकेको बताइन्छ ?**

मोहनविक्रम सिंहको अहिलेको राजनीति भनेको अग्रगामी राजनीतिक निकास संविधानसभाको सुनियोजितरूपमा विरोध, संयुक्त आन्दोलनको विरोध र माओवादीविरुद्ध प्रहार हो । यो भनेको अहिलेको देशको आवश्यकताविरुद्ध नकारात्मक राजनीति हो । त्यसै कारण उहाँ पार्टीको समानान्तर कमिटी बनाएर अघि बढ्नु भएको छ ।

**सात दल र माओवादीबीच मध्यस्थता गर्दा तपाई आफूलाई को निकटका रूपमा प्रस्तुत हुनुहुन्छ ?**

मैले सात दलको पनि औपचारिक प्रतिनिधित्व गर्दिनँ, माओवादीको त गर्ने कुरै भएन । किनभने हाम्रो पार्टी सात दलमा छैन, पार्टीसँग नजिक रहेकाहरूसंलग्न जनमोर्चा मात्र छ, सात दलमा । तैपनि, हामी जनआन्दोलनमा क्रियाशील शक्ति भएकाले सात दलको दृष्टिकोणसँग नजिक रहेर नै कुरा गर्छौं ।

**माओवादीसँगको सहकार्य आवश्यक भइरहेको यो बेला हिजोको विभाजन गलत महसुस हुँदैन ?**

प्रचण्ड र हामी एउटै पार्टीमा हुँदा एउटा कुरामा समानता थियो, क्रान्तिकारी 'स्पिरिट' । तैपनि, वैचारिक र राजनीतिक विषयमा हामीमा समानता देखापरेन । सशस्त्र संघर्षको सुरुवात नगरी भएन भन्ने निष्कर्षमा उहाँहरू पुग्नुभयो, हामी सहमत हुन सकेनौं । त्यसैले त्यस बेला फुट्नु वस्तुगत अनिवार्यता थियो । ■



पीडामा बगेका आँखाहरू : धरान आक्रमणमा मारिएका प्रहरी जवान हेमकी पत्नी सीमालाई सान्त्वना दिँदै आफन्त

ओमआस्था राई

# अमानवीयताको पराकाष्ठा

■ छत्र कार्की/बिर्तामोड

**प्रहरीहरूले हातमुख धुने,** नुवाइधुवाइ गर्ने, ब्रस गर्ने, शौचालय जाने काम सिध्याउन बाँकी नै थियो। केही प्रहरीले चिया खान मात्र के सुरु गरेका थिए, एउटा ट्रक ट्राफिक कार्यालयछेउ र अर्को ट्रक इलाका प्रहरी कार्यालयछेउ रोकियो। पछाडि त्रिपाल ओढाइएकाले धेरैले अड्कल काटे- त्यहाँ केही सामान होला ! त्यस बेला बिहान ७ बजेर २२ मिनेटमात्र भएको थियो। त्रिपाल पन्छाउँदै ट्रकबाट ओर्लिएका अत्याधुनिक हतियार सुसज्जित माओवादी छापामारले 'फायरिङ, फायरिङ' भन्दै ट्राफिक र इलाका प्रहरी कार्यालयमा सकेट बम प्रहार गरी आक्रमण सुरु गरिहाले। केही मिनेटमै ट्राफिक कार्यालय कब्जा लिएपछि माओवादीहरू प्रहरी 'एलर्ट' नरहेका अवस्थाको फाइदा उठाएर मूलगेट, कम्पाउन्डबाहिरको चारैतिरबाट फायरिङ गर्दै इलाका कार्यालयको भित्री कोठासम्म प्रवेश गरे। भिडन्तबाट बचेका एक प्रहरीका अनुसार कार्यालयभित्र पसेका छापामारले प्रहरीलाई खोजीखोजी प्रहार गरी सिँढी, प्यासेज र कार्यकक्षमै ढालेका थिए। घटनापछि इलाकाको भित्री कक्षसमेत रक्ताम्य देखिन्थ्यो।

प्रहरी तयारी अवस्थामा नरहेकाले गतिलो प्रतिरक्षा हुन नसकेको उच्चस्तरीय प्रहरी स्रोतले *समय*लाई बताएको छ। सजिलै इलाका प्रहरी कार्यालय नियन्त्रणमा लिन सफल माओवादीले आत्मसमर्पण गरेका निरस्त्र प्रहरीलाई समेत कार्यालयबाट बाहिर ल्याएर लाइन लगाई गोली हानेको प्रत्यक्षदर्शीले बताएका छन्। दिनदहाडै भएको आक्रमणमा प्रहरी, माओवादी र सर्वसाधारणसमेत गरी तेह्रजनाले ज्यान गुमाएका छन्। झापाका प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद शिवाकोटीले आक्रमणमा प्रहरी सहायक निरीक्षक वीरबहादुर तामाङ र खेम बस्नेतसहित नौ प्रहरी, तीन माओवादीको मृत्यु भएको र इलाकाका प्रमुख इन्स्पेक्टर राजेन्द्र बस्नेतसहित २१ प्रहरी घाइते भएको बताएका छन्। भिडन्तकै क्रममा नाम नखुलेकी करिब ७५ वर्षीय वृद्धाको दर्जनौं गोली लागेर मृत्यु भएको छ। इलाकामा रहेका दुईजना कैदीसमेत घाइते भएका छन्।

आक्रमणको क्रममा माओवादीले ग्रिनेट, सकेट बम, इन्सास, एम-१६ लगायत अत्याधुनिक हतियार प्रयोग गरेका थिए। एकजना माओवादी छापामारको लास आक्रमणको क्रममा प्रयोग भएको ट्रकमै प्राप्त भएको थियो। ४५ मिनेटसम्मको भिडन्तपछि भागेका माओवादी चढेको ट्रक बिर्तामोडबाट करिब २ किमी उत्तरमा रहेको महानन्द चोकनजिक पल्टिँदा दुई माओवादीको घटनास्थलमै मृत्यु भएको थियो।

आक्रमण थाल्नुअघि नै माओवादीले बिर्तामोड-भद्रपुर सडकको गरामनी बजारमा एउटा ट्र्याक्टर र उक्त ठाउँबाट ५ सय मिटरअगाडि रहेको हर्चनामा एउटा ट्रकमा आगजनी गरेका थिए। पूर्वतर्फ माइखोलाको पुलमा गाडी तेर्स्याएर अवरोध खडा गरेका थिए भने बुट्टाबारीमा १६ टन मकै लिएर काँकडभिट्टाबाट आएको एउटा ट्रक जलाएका थिए। अघिल्लो दिनको घटनाको खवर पढिरहेका प्रहरी सहायक निरीक्षक श्याम कार्की 'कान्तिपुर' हातमा लिइरहेकै अवस्थामा माओवादीको सिकार बने। घटनाअघि माओवादीले प्रहरीहरूलाई 'तिमीहरूको हतियार राम्रो छैन, नलड' भनेको सुरक्षा स्रोतले जानकारी गराएको छ।

व्यस्त बिर्तामोडको इलाका प्रहरी कार्यालयबाट ट्राफिक कार्यालय करिब २ सय ५० मिटर टाढा छ। बिर्तामोडबाट उत्तरी क्षेत्रमा रहेको शनिश्चरे रोडबाट आएका माओवादीले पहिलो निसाना ट्राफिक कार्यालयलाई बनाएका थिए। उक्त समयमा अरू ट्राफिक प्रहरी बाहिर रहेकाले कार्यालयमा रहेका एकमात्र ट्राफिक असई कार्की माओवादी निसाना बने। खुट्टामा गहिरो चोट लागेका कार्कीको अधिक रक्तस्राव भएको थियो। समयमै उपचार हुन नसकेकाले उनको निधन भयो।

भिडन्त अवधिमा भिडन्तस्थल छेउछेउका सर्वसाधारण भयभीत भएका थिए। भिडन्तअवधिभर सर्वसाधारण कोठाको कुनाकाप्चा, खाटमुनि र शौचालयमा लुकेर बसेका थिए। स्थानीय व्यापारी अम्बर कोइराला भन्छन्, 'सबभन्दा ठूलो माया त ज्यानकै हुँदो रहेछ, जे गरेर भए पनि ज्यान जोगाउनैपट्टि लागियो।'

भिडन्त सुरु हुँदा प्रमाणपत्र तहदेखि मास्टर्स तहसम्म १ हजार ५ सय विद्यार्थी अध्ययनरत कन्काई आदर्श क्याम्पसमा पढाइ चलिरहेको थियो। करिब २ सय मिटर दूरीमा रहेको उक्त क्याम्पसमा बन्दुक पड्केको आवाज सुनिएपछि विद्यार्थीमा भयभीत भएका थिए। तत्कालै पठनपाठन रोकिएपछि विद्यार्थी र शिक्षकहरू सुरक्षित रहने उपायको खोजीमा लागेका थिए। विद्यार्थीहरू सिँढी, कक्षाकोठाको कुनाकाप्चा र डेस्कमुनि लुकेर ज्यान बचाउन लागेका थिए।

घटनास्थलबाट सेनाको चारआली ब्यारेक ५ किमि मात्र पूर्व रहे पनि तुरुन्तै सेना आउन नसकेको प्रत्यक्षदर्शीले बताए। करिब २० मिनेटपछि थोरै संख्यामा सैनिक आएका थिए भने १ घन्टापछिमात्र घटनास्थलमा सेनाको उल्लेख्य उपस्थिति देखिएको थियो। सेनाको आगमनमा अवरोध पुऱ्याउन माओवादीले बुट्टाबारीमा ट्रक जलाएका थिए जहाँबाट पैदल १५ मिनेटमा घटनास्थल आउन सकिन्छ।

आक्रमणमा विजय भएको दाबी माओवादीले



यी निहत्था ट्राफिक असई अरुको मृत्युको खबर लिंदालिंदै आफैं मृत्युको खबर बन्न पुगे

मदन खरेल

गरे पनि नित्यकर्ममा रहेका र आत्मसमर्पण गरेका प्रहरीमाथि भएको आक्रमणले थानकोट घटनाको झल्को दिएको छ। आक्रमणका क्रममा १६ थान राइफल, १ थान माउजर, १ थान पपसेट नियन्त्रणमा लिएको माओवादीले जनाएको छ। माओवादीले आक्रमणको भिडियो हेर्न र हताहतको स्थिति देखाउने डिजिटल प्रविधियुक्त मेसिनसमेत प्रयोग गरेको स्थानीयवासीले बताएका छन्। ५८ जनाको दरबन्दी रहेको इलाका प्रहरी कार्यालयमा रहेका ६३ वटा थ्रीनटथ्री राइफल माओवादीले आक्रमणका समयमा लुटेको प्रहरीले बताएको छ। घटनाका प्रत्यक्षदर्शी फलैंचा होटलका सञ्चालक बलभद्र आचार्यका अनुसार उत्तरपूर्व खुदुनाबारी, शनिश्चरेबाट आएका माओवादीले लगभग ४५ मिनेटसम्म आक्रमण गरेका थिए।

उता बिर्तामोडमा आक्रमण गरेकै समयमा माओवादीले धरानको भानुचोकनजिक रहेको वडा प्रहरी कार्यालयमा आक्रमण गरी एक प्रहरी जवानको नृशंसतापूर्वक हत्या गरे। वडा प्रहरी रहेको धरानको मुख्य व्यापारिक केन्द्र भानुचोकबाट १ किलोमिटरको दूरीमा इलाका र अञ्चल प्रहरी छन्। झन्डै त्यति नै दूरीमा सेनाको कालीबक्स गण पनि छ। यतिमात्र हैन, १७ किलोमिटरको दूरीमा सेनाको पूर्वी पृतना नै छ।

तर, माओवादीले वडा प्रहरीमा आक्रमण गरेको करिब १ घन्टासम्म मद्दतका लागि सेनाको टोली आइपुगेन। साढे ८ बजेतिर कालीबक्स गणको टोली आइपुग्यो। तर, त्यतिन्जेल ढिलो भइसकेको थियो। 'सेन्ट्री' बसेका प्रहरी जवान हेमबहादुर श्रेष्ठले ज्यान गुमाइसकेका थिए। माओवादीहरू पाँचथान थ्रीनटथ्री राइफल लुटेर भागिसकेका थिए। सैनिक टोलीले घटनास्थललाई घेरा हालेर बटुवाको झोला जाँच गर्नुबाहेक केही गर्न सकेन।

आक्रमणको शैली हेर्दा माओवादीले मानवीय क्षति पुऱ्याउनभन्दा हतियार लुट्न र आफ्ना लडाकु जतिसुकै सुरक्षित स्थानमा रहेको चौकीमाथि चढाइँ गर्न पनि सक्षम रहेको सन्देश दिन वडा प्रहरीलाई निसाना बनाएको देखिन्छ। मृतक प्रहरी जवान श्रेष्ठमाथि पनि माओवादीले हतियार खोस्न नदिएको झोकमा पहिले खुट्टामा र पछि कोखामा गोली हानेका थिए। २८ वर्षीय श्रेष्ठले खुट्टामा गोली लाग्दा पनि आफ्नो हतियार माओवादीलाई सुम्पिएका थिएनन्।

तर, श्रेष्ठ एक्लै माओवादीसँग जुझिरहँदा प्रहरी नायब निरीक्षक मीन रानाभाट आफैं पछाडिको पर्खाल नाघेर भागेका थिए। वडा प्रहरीको 'कमान्ड' सम्हाल्ने रानाभाटले सुइँकुच्चा ठोकेपछि अरू पनि बर्दी फुकाल्दै भागेका थिए। माओवादीले फायर खोलेकै बेला भानुचोक पुगेका प्रहरी निरीक्षक सुदीप राजभण्डारी पनि गाडी फर्काएर भागेका थिए। माओवादीले राजभण्डारी चढेको गाडीलाई लक्षित गर्दै गोली चलाउँदा तीन सर्वसाधारण घाइते भएका थिए। घाइते हुनेमा निरज तामाङ, दीपक पौडेल र बलबहादुर खड्का छन्।

झापा र धरान घटनाको भोलिपल्ट सुरक्षाफौज र माओवादीबीच उर्लाबारीमा दोहोरो भिडन्त हुँदा एक सर्वसाधारणसहित ६ को मृत्यु भएको छ भने आधा दर्जनभन्दा बढी घाइते भएका छन्। राष्ट्रिय वाणिज्य बैंक उर्लाबारीको रकम कब्जा गर्न आएका माओवादी र संयुक्त सुरक्षाफौज भिडन्त हुँदा तीन माओवादी र दुई सशस्त्र प्रहरी मारिएका छन्। महेन्द्र राजमार्गअन्तर्गत पर्ने व्यस्त बजार उर्लाबारीमा दिउँसो ३:१५ बजेदेखि भिडन्त सुरु भएको थियो। सर्वसाधारण जनता हिँडडुल गरिराखेको बखत भिडन्त भएपछि भागाभाग भएको थियो। भिडन्तबाट बच्न खुला सटरभित्र छिर्न खोज्दा सटरले टाउकोमा किच्दा अन्दाजी ६० वर्षीया वृद्धाको मृत्यु भएको छ। माओवादी आक्रमणबाट सशस्त्र प्रहरीका हवल्दारद्वय वीरबहादुर लिम्बू, कृष्ण खड्काको घटनास्थलमै मृत्यु भएको छ। आक्रमणबाट २ सैनिक, दुई सशस्त्र प्रहरी हवलदार र एक असई सख्त घाइते भएका छन्।

## खानेपानीको सट्टा लासको खात

सात दल-माओवादी समझदारीले निरन्तरता पाएको अवस्थामा पनि माओवादी आक्रमणमा मानवीय पक्षलाई बेवास्ता गर्ने, सर्वसाधारणलाई ढालको रूपमा प्रयोग गर्ने, एम्बुलेन्समा आक्रमण गर्ने व्यवहारबाट विद्रोही बाहिर निस्कन सकेको छैन। काभ्रेको भकुन्डेबेंसीमा पानीको मुहान खोल्न गएका सुरक्षाकर्मीलाई सर्वसाधारणको घरमा लुकेर आक्रमण गरियो।

काभ्रेको भगाले खोलाबाट ल्याइएको खानेपानी माओवादीले काटिदिएपछि चैत ७ गते बिहानै पाइपको मुहान खुलाउन गएका १८ सुरक्षाकर्मीहरूको समूहमाथि माओवादीले सर्वसाधारणको घरमा लुकेर आक्रमण गरे। माओवादीले आफ्नो घोषित नाकाबन्दीसँगै २ दिनदेखि खानेपानीको पाइप काटेका थिए। सेनाको नौनम्बर बाहिनी रहने करिब एक हजार सुरक्षाकर्मी र भकुन्डेबेंसीका स्थानीय बासिन्दाको खानेपानीको मुहान खोल्न गएका सुरक्षाकर्मी पाइप जोड्नुको सट्टा ज्यान गुमाउन पुगे।

सुरक्षास्रोतका अनुसार भिडन्तको क्रममा १३ सुरक्षाकर्मीले ज्यान गुमाए भने ३ सुरक्षाकर्मी घाइते भए। माओवादीले आफूतर्फ सिन्धुपाल्चोक घर भएका माओवादीका बटालियन कमान्डर अनिषको मृत्यु भएको र अन्य दुई साधारण घाइते भएको बतायो। भिडन्तको क्रममा केही सर्वसाधारणको घरमा समेत क्षति पुगेको छ।

भिडन्तस्थलबाट फर्केपछि काभ्रेका इन्सेक प्रतिनिधि भोजराज तिमल्सिनाले भने, 'खानेपानीको पाइप काट्नु मानवीय कानुनको घोर उल्लंघन हो।'

प्रमुख जिल्ला अधिकारी शम्भु कोइराला पनि आक्रमण गर्दा न्यूनतम मानवअधिकारको पालना गर्नुपर्नेमा जोड दिन्छन्। उता माओवादीका काभ्रे जिल्ला सेक्रेटरी लालध्वज खानेपानी काट्ने योजना नभए पनि जनविरोधीहरूको प्रतिरोध गर्ने लक्ष्य पूरा गर्न बाध्य भएर त्यसो गर्नुपरेको बताउँछन्। सेनाले चैत ७ गते साँझ पाइप जोडेर खानेपानी सुचारु पारेको छ। माओवादीले सर्वसाधारणको घरबाट आक्रमण गरेकाले सर्वसाधारणतर्फ क्षति हुन नदिन संयम अपनाएको सुरक्षाफौजको दाबी छ।

माओवादीका पछिल्ला आक्रमण खानेपानीको मुहान थुनेर सेनालाई पासो थाप्ने जस्ता काममा मात्र सीमित छैन। चैत सुरुदेखि गरेको नाकाबन्दीको एक सातामा भएका घटनाहरूमा एम्बुलेन्समाथि आक्रमण गर्ने, किसानको दूध बोकेको ट्रकमा आगजनी गर्ने र सडकमा अवरोध तेर्स्याएर बम राख्ने जस्ता काम पनि भएका छन्।

नाकाबन्दी औपचारिक रूपमा फिर्ता लिएको दिन चैत ७ को एकाबिहानै मोरङ कदमाहाका रिक्साचालक डोमी सरदार तथा कुलानन्द साहले ज्यान गुमाए। रिक्साचालक डोमीले लोहन्द्रा पुलमा बाटो अवरोध गर्न राखिएको बालुवाको बोरा हटाउँदा विस्फोटनमा परी उनी र नजिकै रहेका साह मारिएका थिए।

नाकाबन्दीको दोस्रो दिन बिरामी बोकेर दमौलीबाट पोखरा जाँदै गरेको एम्बुलेन्समाथि माओवादीले आक्रमण गरे। आक्रमणमा बिरामीका सहयोगी ६० वर्षीय रामबहादुर राना घाइते भए। त्यस्तै माओवादी नेतृत्वसँग सल्लाह गरेर चितवन र रूपन्देहीका किसानको दूध ल्याउन पोखराबाट हिँडेका दुईवटा ट्यांकरमा माओवादीले आगो लगाइदिए।

उता माओवादीले चितवनको पहाडी क्षेत्रमा भयंकर क्षति व्यहोर्नु परेको छ। चितवनको दारेचोकमा चैत ८ गते बिहान आफूतर्फ कुनै क्षति हुन नदिई सुरक्षाफौजले २० जना माओवादी छापामारको ज्यान लिएको छ।

***(झापा र उर्लाबारीमा मदन खरेल, धरानमा ओमआस्था राई, काभ्रेमा भीम गौतम, चितवनमा रमेश पौडेलको सहयोगमा)***



## प्रश्न ? होइन उत्तर !

विजय कुमार

**ताली मात्र खान्छु, गाली खान्नँ भनेर हिँड्न हाम्रो पेसामा मिल्दैन। तर, मेरो हकमा गालीको आवाज मायाको स्नेहपूर्ण तालीको गड्गडाहटको तुलनामा हमेशा विलीन भयो।**

# गाली वा ताली नत्र बेहाली

**केही समयका** लागि टेलिभिजनबाट विश्राम लिएको छु। मस्तिष्क र शरीर बडा हलुको महसुस हुन्छ। विश्वव्यापी सेटलाइट टेलिभिजनको प्रतिस्पर्धात्मक युगमा, गरिब देशको टेलिभिजनमा साप्ताहिक रूपमा कार्यक्रम निर्माण गर्न सजिलो छैन। यदि तपाईं 'अलिकति बढ्ता हेरिने' कार्यक्रम बनाउनु हुन्छ भने त 'बोझ'को मात्रा झनै बढ्छ। बढ्ता हेरिने कार्यक्रम बनाउनुको अर्थ हुन्छ - धेरै दर्शकको कठोर परीक्षामा हरेक साता जवाफदेही हुनु। एकताका नेपाल टेलिभिजनबाट प्रसारित हुने 'दिशानिर्देश'बाट विश्राम लिँदा पाएका सयौं पत्रमध्ये एउटाको अंश यस्तो थियो, 'म तपाईंको केही पनि मन पराउन्नँ, घोर आलोचक हुँ तर आजभोलि कार्यक्रम नहुँदा आलोचना गर्न नपाएर छटपटिएको छु।' पत्र इमेलबाट आएको थियो। मैले जवाफ दिएँ, 'स्वामी ! यहाँबाट यस्तो कृपा मलाई सधैं प्राप्त भइरहोस्।'

ताली र गाली एउटै सिक्काका दुई पाटा हुन् भन्ने कुरा नीर शाहले मलाई वर्षौं पहिला सिकाए। एउटा भनाइ छ, 'यदि तपाईं स्टेजको कलाकार हुनु हुन्छ र गाली खान थाल्नु भयो भने बुझ्नुस् क्यारियर ओरालो लाग्यो। यदि तपाईं पत्रकारितामा हुनु हुन्छ गाली खानु भएन भने बुझ्नुस् क्यारियर छैन' (यसको अर्थ सडकमा नांगो हिँडेर गाली खानुस् भनेको नलागोस्)। समाचारपत्रमा छापिने अधिकांश लेख हुन् वा रेडियो टेलिभिजनका कार्यक्रम होऊन्, कुरा त्यही लागू हुन्छ। उदाहरणका लागि अमित ढकाल, सिके लाल, खगेन्द्र संग्रौला, किशोर नेपाल, युवराज घिमिरे, राजेन्द्र दाहाल केही यस्ता हस्ताक्षर हुन् जसको लेख तपाईं मन पराउन सक्नु हुन्छ, नपराउन सक्नु हुन्छ तर देखेपछि नपढी सुखै पाउनु हुन्न। टेलिभिजनका यस्ता कार्यक्रमको कमी छैन जसका न कुनै प्रशंसक छन् न आलोचक नै। फिज निस्केको सोडा जस्ता, ग्याँस नभएको बियर जस्ता। बस् त्यति मात्र।

भविष्यमा पत्रकारिता गर्ने लक्ष्य बोकेकी नयनाले सोध्दै थिई, 'तपाईं प्रतिक्रियाहरू (रिएक्सन)लाई कसरी लिनु हुन्छ ?' एकमन त लाग्यो हाँसेर प्रश्न टारिदिऊँ। तर, नयनाको गम्भीरता देखेर त्यसो गर्न सकिनँ र उत्तर दिएँ, 'प्रतिक्रिया कुनै पनि 'मास भ्युरसिप' भएको कार्यक्रम संचालकहरूका लागि स्वभाविक कुरा हुन्। पार्ट अफ द गेम। त्यसमाथि पनि यदि तपाईं मूलतः राजनीतिक विषय वस्तुको 'चल्ने' कार्यक्रम बनाउनु हुन्छ भने ढुक्क हुनुस् 'हरेकलाई' मन पर्ने राजनीतिक विषयको कार्यक्रम बनाउन सम्भव हुँदैन। जनतामा 'चल्ने' कार्यक्रमका प्रशंसकहरू हुनेछन् र आलोचकहरू पनि हुनेछन्। प्रशंसाले उत्साह बढाएर अगाडि बढ्ने बाटो देखाउँछ, 'आलोचना'ले गल्ती सुधार्ने मौका दिएर अन्ततः प्रशंसाकै काम गर्दछ। कुनै पनि व्यक्तिलाई व्यक्तिगत रूपमा मन पराउने वा मन नपराउनेको संख्या ज्यादा भए एक हजारभन्दा बढ्ता कदापि हुन सक्दैन। एक हजार मत भनेको एउटा 'मास बेस' प्रोग्रामका निम्ति नगण्य मतसंख्या हो। यो न्यून संख्याको सानो घेराबाहिर लाखौं दर्शकको एउटा विशाल र निर्णायक वर्ग छ जसले कसैलाई पनि कामको आधारबाट मात्र मूल्यांकन गर्छ। राम्रो गरे राम्रो भन्छ, नराम्रो गरे नराम्रो। जनतामा सफल कार्यक्रमहरूको प्रेरणा र शक्तिको स्रोत यही वर्ग हुन्छ। प्रशंसकहरू, आलोचकहरूबाहेक एउटा अत्यन्तै सानो वर्ग हुन्छ 'मच्छर' वर्ग (वा झिँगाहरूको ?)। हरेक पेसामा यस्ता मच्छरहरू हुन्छन्। उसलाई तपाईंको काम नहेरी भात पच्दैन र त्यो कामको निन्दा (आलोचना र निन्दा नितान्त फरक कुरा हुन्) नगरी आची आउँदैन। आफ्नो कुण्ठा र अरूप्रति ईर्ष्याको फोहरबाट उत्पन्न हुने यो वर्ग हरेक पेसामा थियो, छ र रहनेछ।

कुनै पनि सार्थक क्यरियरका निम्ति प्रशंसा र आलोचनाको जति आवश्यकता पर्दछ 'मच्छर' तत्त्वको उपस्थिति पनि उत्तिकै अनिवार्य छ। नयना, म आफूलाई कुन अर्थमा धेरै भाग्यमानी सम्झन्छु भने जुन प्रशंसा र आलोचना मैले पाएँ, त्यसले हमेशा मलाई कर्तव्यपथमा अगाडि रहन ठूलो प्रेरणा दियो। ताली मात्र खान्छु गाली खान्नँ भनेर हिँड्न हाम्रो पेसामा मिल्दैन। तर, भगवान्को कृपा रहयो गालीको आवाज मायाको स्नेहपूर्ण तालीको गडगडाहटको तुलनामा हमेशा विलीन भयो। कमसेकम आजसम्म त्यस्तै भएको छ। म ऋणी छु। पाठकहरूले यसलाई 'घमन्ड'को अभिव्यक्ति नठानिदिए़र आफ्नो निरन्तरताको निम्ति 'कृतज्ञता'को भाव भनेर बुझिदिए अनुगृहित हुने थिएँ।

टेलिभिजनबाट केही समय आराम गर्छु भनेको भोलिपल्टैदेखि 'कान्तिपुर छाड्नु भयो रे' भनेर सोध्छन्। सात आठ महिनाअघि सोधिन्थ्यो नेपाल टिभी छाड्नु भएको हो ? कोही त सानो र अलि रहस्यमय सुनिने स्वर बनाएर सोध्थे, 'सरकारले बन्द गरिदिएको हो ?' पञ्चायत व्यवस्थामा एकपटक राष्ट्रिय पञ्चायतको विशेषाधिकार हननको मामिलामा बाहेक मलाई आजसम्म कुनै स्टेसनले कार्यक्रम बन्द गर्ने आदेश दिएको छैन। तर, यसबीचमा कयौंपल्ट भने काम गर्ने अवस्था नदेखेर मैले आफैं स्टेसन छाडिदिएको हुँ वा विश्राम लिएको छु। कतिपय अवस्थामा शारीरिक कारणले पनि आराम लिनु पर्ने हुन्छ। जस्तो कि यसपटक। म पत्रकारितामा 'स्वान्तसुखाय' (आफ्नो अन्तरमनको आनन्दका)का लागि छु। टेलिभिजनको प्रसंगमा मेरो स्वान्तसुखायका केही निश्चित आधार छन्। काम गर्दा मेरो विवेक नमर्ने गरी प्राप्त हुनु पर्ने स्वतन्त्रता, राम्रो वातावरण तथा उचित पारिश्रमिक। यसै क्रममा विगत केही वर्षदेखि म सारा सारांश एन्ड विजय नामक सानो प्रोडक्सन कम्पनीसँग सम्बन्धित छु। यो कम्पनीले टेलिभिजन च्यानलहरूसित कार्यक्रम उत्पादनको सम्झौता गर्दछ। उदाहरणका लागि नेपाल टिभीसँग 'दिशानिर्देश' वा कान्तिपुरसँग 'फ्रन्टलाइन'। पहिला टेलिभिजनमा नेपाल टिभीको एकाधिकार थियो। अहिले च्यानल थपिएका छन्। तर, नीर शाहले मलाई टेलिभिजनको संसारमा प्रवेश गराएको दिनदेखि सुरु भएको मेरो नियम बदलिएको छैन- काम गर्ने स्वतन्त्र वातावरण र 'ब्रान्ड भ्यालु'अनुसार पारिश्रमिक।

पत्रकारिता मूलतः अभिव्यक्तिको आनन्दसँग सम्बन्धित विधा हो। तर, वर्तमान युगमा आएर यो एउटा पेसा पनि बनेको छ। जोगी बन्न यहाँ कसैले टेलिभिजन स्टेसन खोलेका छैनन्। कमसेकम मलाई त्यस्तो भ्रम छैन। वर्तमान व्यवसायिक संचार युगमा कुनै पनि 'फ्रिलान्सर' व्यक्ति वा प्रोडक्सन कम्पनी र टेलिभिजन च्यानलबीच आपसी सम्बन्धका निश्चित आधार हुन्छन्। कुनै च्यानलमा जोडिने वा छोडिदिने भन्ने प्रश्न त्यसका कर्मचारीहरूका निम्ति मात्र लागू हुन्छ अरूका निम्ति होइन। हरेक विषयमा 'सूसुचित' हुँदै गएको समाजका निम्ति सूचनाको संसारभित्र यो सूचना पनि आवश्यक छ भन्ने हिसाबले नयनालाई बताएको गन्थन यहाँ पोखेको हुँ। आजभन्दा सत्र वर्षअघि नीर शाहले मलाई एउटा च्वाइस दिएका थिए। सबैभन्दा कान्छो उमेरमा नेपाल टेलिभिजनको दसौं तहको 'डाइरेक्टर' बन्ने अथवा दर्शकको बलबुतामा बाँच्ने वा समाप्त हुने स्वतन्त्र फ्रिलान्सर हुने। स्वान्तसुखाय (अन्तरमनको आनन्द)का निम्ति पत्रकारिता गर्ने विषयमा प्रस्ट भएकाले मैले दोस्रो बाटो समातेँ। पहिलो बाटोमा 'सुरक्षित' जागिर थियो दोस्रो मार्गमा दर्शकसँग आफ्नो प्रगाढ सम्बन्धको आत्मविश्वास। मैले दोस्रो बाटो समातेँ। आजसम्म त्यसैमा छु। ■




तस्वीरहरू : समय

# सुस्त चाल

■ नवीन अर्याल/काठमाडौं

**सरकारले पछिल्लो समयमा सूचना प्रविधिलाई बढावा दिन उच्चस्तरीय समिति गठन गरेको थियो । तर, यसले अझ पनि द्रुतगतिमा काम गर्न नसकेको गुनासो यो क्षेत्रमा लागेका व्यक्तिहरूको छ ।**

**सन् १९७९ मा** मुनिबहादुर शाक्यले नेपालमा पहिलो माइक्रो कम्प्युटर निर्माण गर्दा छिमेकी भारतमा सूचना प्रविधि (आइटी)मा झुकाव राख्ने थुप्रै इन्जिनियर यस्ता थिए, जो माइक्रो कम्प्युटरको विषयमा बेखबर थिए । यतिमात्र होइन, सन् १९८३ मा शाक्यले पहिलो सफ्टवेयरको रूपमा देवनागरी वर्णमाला तयार पार्दा छिमेकी भारत मात्र होइन, एसियाका थुप्रै देश अचम्म परेका थिए ।

नेपाली आइटीका अग्रज मानिने शाक्यको यी दुई अति महत्त्वपूर्ण कार्यले ८० को दशकमै एसियाली राष्ट्रमाझ सूचना प्रविधिमा नेपालले ठूलै फड्को मार्ने विश्वास गरिएको थियो । तर, भयो उल्टो । शाक्यले माइक्रो कम्प्युटर निर्माण गरेको दुई दशकभन्दा लामो समय बितिसक्दा नेपाल सूचना प्रविधिमा भारत मात्र नभई बंगलादेशभन्दा पनि पछाडि पर्न पुगेको छ । भारत अहिले सूचना प्रविधिको क्षेत्रमा संसारकै अग्रज अमेरिकालाई नै पछाडि छोड्ने अभियानमा अगाडि बढिसकेको छ भने नेपालभन्दा धेरै पछाडि यो क्षेत्रमा हिंडेको बंगलादेशमा सूचना प्रविधिमा क्रान्ति नै आउन लागिसकेको छ । 'यो विडम्बना हो । बस समयमै आएको थियो तर हामीले समाउन सकेनौं', नेपाली आइटीका अग्रज मुनि शाक्य अहिले पनि दुखेसो गर्छन् ।

उनी मात्र होइन सूचना प्रविधिमा कार्यरत थुप्रै नेपाली आइटी विज्ञहरूको दुखेसो उस्तै छ । उनीहरू सूचना प्रविधिमा त्यति ठूलो चासो नलिएको सरकारले पछिल्लो समयमा यसतर्फ केही झुकाव देखाए पनि यो कछुवाको चालमा अगाडि बढिरहेको गुनासो गर्छन् । उनीहरूको तर्क छ, सूचना प्रविधिमा अझै पनि सरकारी नीति अस्पष्ट छ । यसलाई सरकारले अहिलेसम्म राष्ट्रिय एजेन्डा बनाउन सकिरहेको छैन । सूचना प्रविधिलाई अझै पनि करको दायरामा राख्ने अप्रिय निर्णय गरेको छ ।

सरकारले पछिल्लो समयमा सूचना प्रविधिलाई बढावा दिन उच्चस्तरीय समिति गठन गरेको थियो । तर, यसले अझ पनि द्रुतगतिमा काम गर्न नसकेको गुनासो यो क्षेत्रमा लागेका व्यक्तिहरूको छ । यो अवस्था अझै लामो समय कायम रहने हो भने केही वर्षभित्रै नेपालमा आइटी बेरोजगारको संख्या ह्वात्तै बढ्ने र नेपाललाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न गाह्रो पर्ने दाबी विज्ञहरूको छ । 'अहिलेको युग सूचना प्रविधिको हो । त्यसैले सरकारी नीति अझै पनि अस्पष्ट रहिरहने हो भने हामी एकचोटि फेरि चुक्नेछौं', आइटी व्यवसायिक मञ्च (आइटिपिएफ)का सचिव राजेश शाक्य भन्छन् ।

सरकारले सन् २००० मा सूचना प्रविधि नीति पहिलोपल्ट सार्वजनिक गर्दै यसमा आफ्नो पूर्ण प्रतिबद्धता जनाएको थियो । त्यसको चार वर्षपछि यसलाई परिष्कृत गर्दै सन् २००४ मा अर्को नीति सार्वजनिक गर्‍यो । तैपनि यसको कार्यान्वयन पक्षमा देखिएको सुस्तताका कारण अझै पनि नेपाली आइटीले

# 'टेलिकज्म'को उर्लंदो संसार

**कम्प्युटर युग** अब समाप्त भएको छ। 'डिजिटल डिभाइस'बाट लाभान्वित हामीजस्ताका लागि प्रविधिका चर्चित गुरु जर्ज गिल्डरको यो कथन घातक लाग्न सक्छ। विकसित दुनियाँ अब 'माइक्रोकज्म'बाट अगाडि बढिसकेको छ। नयाँ विश्वमा सञ्जाल (नेटवर्क) नै कम्प्युटर बन्न पुगेको छ। र, यो शब्द 'नेटवर्क'का आविष्कारक पनि उनै गिल्डर हुन्।

सन् १९९० को दशकको सुरुमा डेस्कटप कम्प्युटर जडान गर्न नेपाली कम्प्युटर 'हार्डवेयर' विशेषज्ञहरू भारत जाने गर्थे। तर, अहिले भारत विश्वशक्ति बन्न पुगेको छ 'टेली दुनियाँ' (टेलिकज्म) र प्रविधिबाट निरन्तर फाइदा उठाउँदै। किनकि यस सम्बन्धमा भारतसँग स्पष्ट मार्गचित्र र लक्ष्य छ।

निश्चय पनि हामीसँग विज्ञान तथा प्रविधि मन्त्रालय, सूचना र प्रविधिसम्बन्धी उच्चस्तरीय आयोग, सूचना र संचार मन्त्रालय, नेपाल कम्प्युटर संघ र नेपाल दूरसंचार प्राधिकरण नभएका हैनन्। अझ नेपाल दूरसंचार संस्थानका रूपमा नेपालले दक्षिण एसियामै सबभन्दा पहिला डिजिटल टेलिफोन पद्धति सुरु गरेको थियो।

इतिहासले जसलाई अगाडि पारे पनि वर्तमान यथार्थमा को कहाँ छ त ? एक छिनलाई मरिससमा लगानीको वातावरण कस्तो छ, हेरौं।



■ नवीन जोशी

### लगानीकर्ताको आँखाबाट हेर्दा, त्यहाँ

- ट्याक्स इन्सेन्टिभ (सहुलित) कम्पनीहरूले कर्पोरेट कर तिर्नुपर्छ १५ प्रतिशत दरमा।
- दोस्रो श्रेणीको 'ग्लोबल बिजनेस लाइसेन्स' (आइटीसँग सम्बद्ध) हासिल कम्पनीहरूलाई शतप्रतिशत कर्पोरेट ट्याक्स छुट।
- 'ग्लोबल बिजनेस लाइसेन्स' पहिलो श्रेणीका कम्पनीहरूले मात्र ३ प्रतिशत नबढ्ने गरी कर्पोरेट ट्याक्स तिर्नुपर्ने।
- कम्तीमा ५ लाख डलर लगानीकर्ता विदेशीलाई मुलुकमा स्थायी आवासीय हैसियत।
- २९ मुलुकहरूसँग दोहोरो करमुक्तिको सम्झौता।
- सहुलियत प्रणालीअन्तर्गत लगानी गरिएका धेरैजसो कम्पनीहरूलाई उपकरण तथा कच्चापदार्थ आयातमा कर छुट।
- अति उदारवादी वैदेशिक कर क्रेडिट नियम (फरेन ट्याक्स क्रेडिट रेगुलेसन)।
- एकीकृत 'रिजोर्ट स्किम' जसअन्तर्गत मरिससमा विदेशीहरूलाई आरामदायी 'भिल्ला' (विश्राम गृह) उपलब्ध हुनसक्छ।

लगानीकर्तालाई त्यहाँ दिइएको सहुलियतको यो एउटा सानो झलक हो। मरिससले पर्यटनबाट ठूलो रकम कमाउँछ। मुलुकभित्र र बाहिरका लगानीकर्ताहरूलाई लगानी गर्न प्रेरित गर्न सक्नु साँच्चै नै त्यहाँका योजनाविद् र नीति कार्यान्वयनको जिम्मा लिएकाहरूको सफलता हो। हामी लगातार विचार प्रस्तुति, सेमिनार, कार्यगोष्ठी, श्वेतपत्र र आइटी नीतिसम्बन्धी छलफलमा छौं। तीमध्ये कयौं अवधारणागत विषय हुन्। कार्यान्वयन नभएमा अवधारणा अवधारणामा मात्र सीमित रहनेछन्।

अमेरिकी कूटनीतिज्ञ स्व. चेस्टर बोल्सको भनाइ छ, 'आर्थिक असुरक्षा रहँदासम्म साँचो अर्थमा वैयक्तिक स्वतन्त्रता हासिल हुन सक्दैन। सन् १९९२ मा राष्ट्रपतीय चुनाव अभियानमा बिल क्लिन्टन झन्डै त्यही आशय दोहोर्‍याएर 'साउन्ड बाइट'मा- यो अर्थतन्त्र हो, मूर्ख। त्यो साउन्ड बाइट उनका चुनावी रणनीतिकार जेम्स क्यारभिलको दिमागी उपज थियो। क्लिन्टनले जिते चुनाव। तर, त्यो नारा अझै सान्दर्भिक छ, 'यो अर्थतन्त्र नै हो। मूर्ख !'

तर अर्थतन्त्र केले धान्छ ?

सुशासन, अर्थतन्त्रलाई उकास्ने जनस्तरदेखि बढी रकम उत्पादन गर्ने उद्योगहरू अनि शिक्षा, स्वास्थ्य, सरसफाइ, यातायात आदिमा राष्ट्रिय र बाह्य लगानीमा वृद्धि इत्यादिले।

'टेलिकज्म'को कुरा गर्दा हामीले बिर्सन नहुने कुरा के हो भने सूचनामा पहुँच र सूचना अनि संचार प्रविधिको वितरण र सुलभता निम्नदेखि उच्चतम स्तर या वर्गले हासिल गर्न सक्नुपर्छ। चालू आर्थिक वर्ष पुसको अन्त्यतिर अध्यादेशद्वारा ल्याइएको बजेटमा कम्प्युटर तथा सोसम्बन्धी उपकरणहरूको आयातमा भन्सारदर ५ प्रतिशतबाट एक प्रतिशतमा झारिएको थियो। तर, 'टेलिकज्म' संसार जसरी नै फैलिँदो छ, कम्प्युटर र त्यसका उपकरणहरू त्यो संसारको सानो अंश मात्र हुन्। जिराको मूल्य घटाउँदैमा के आधारभूत खाना-दालभातको मूल्य घट्छ र ? अनि हामीमाथि १५ प्रतिशतको टिडिएस (ट्याक्स रिडकसन एट सोर्स-स्रोतमै कर कट्टी) र फोन बिलमा भ्याट (मूल्य अभिवृद्धि कर) किन लगाउने ? अनि हामीले कुल राजस्व उत्पादनको ४ प्रतिशत, त्यसबाहेक नेपाल दूरसंचार प्राधिकरणलाई 'रोयल्टी'का रूपमा लाइसेन्स दस्तुर किन तिर्ने ? नेपाल दूरसंचार प्राधिकरणलाई कुल राजस्वको २ प्रतिशत पनि अन्यायपूर्ण तरिकाले नै तिरिँदै छ।

संचार सेवामा हामी किन भ्याट तिरिरहेका छौं ? भि-स्याट र रेडियो लिंकका लागि संचार मन्त्रालयलाई फ्रिक्वेन्सी शुल्क किन तिरिरहेका छौं ? संचार सुविधा र सफ्टवेयर उत्पादन, तिनको विकास र तिनलाई विदेश निर्यात गर्नमा प्रयोग गरिने भए पनि संचार उपकरणको आयातमा हामी किन १५ प्रतिशत आधारभूत शुल्क र भ्याट तिरिरहेका छौं ? के टेलिकज्म विलासिता हो ? वा आर्थिक विकासको अवरोधक हो ? वा केही कुतर्कहरूले आइसिटी (इनफर्मेसन कम्युनिकेसन टेक्नोलोजी अर्थात् सूचना प्रसार प्रविधि) नेपाली जनताका लागि विलासिताका वस्तु देख्छन् र यसका लागि कडा कर लगाउनु पर्ने आवश्यकतामा जोड दिन्छन् ?

निचोडमा हामी प्रसिद्ध अमेरिकी राष्ट्रपति जोन एफ केनेडीका यी भनाइबाट केही सिक्न सक्छौं, 'फ्रान्सका महान मार्सल ल्याउतीले एकपटक आफ्नो मालीलाई एउटा रूख रोप्न अह्राए। मालीले त्यो बिरुवा बिस्तारै हुर्कने भएकाले सय वर्षमा पनि परिपक्व नहुने बताए। मार्सलले जवाफ दिए- त्यसो भए ढिलो गर्ने भएन अहिल्यै रोपिहाल।' ■

सोचेजति व्यापकता पाउन सकिरहेको छैन।

'हाम्रो नीतिमा खराबी छैन। तर, सोचेअनुसार यसले गति पाउन सकिरहेको छैन। यो हुनुको कारण कार्यान्वयन पक्ष कमजोर भएजस्तो लाग्छ', कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान)का प्रथम उपाध्यक्ष राजीव सुब्बा भन्छन्।

सरकारले बेला बेलामा करको दायरालाई खुम्च्याउँदै सूचना प्रविधिमा आफ्नो झुकाव प्रदर्शन नगरेको पक्कै होइन। तर, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न र देशभित्र सूचना प्रविधिको महत्त्वलाई व्याकता दिन अझ पनि सरकारले कन्जुस्याइँ गरिरहेको गुनासो छ विज्ञहरूको। उनीहरू सूचना प्रविधिलाई टेवा पुग्ने नीति बने पनि कार्यान्वयन पक्षमा सरकार अझै मौन रहेको र करको विषयमा उदार बन्न नसकेको बताउँछन्। गत वर्ष विश्व बैंकको सहयोगमा सार्वजनिक खरिद ऐन ड्राफ्ट भए पनि हालसम्म सरकारले यसलाई सार्वजनिक गर्न सकेको छैन। यसले खुलारूपमा विद्युतीय कारोवार गर्न अप्ठेरो परेको छ।

सूचना प्रविधिबाट मात्र सन् २००७ मा २ सय बिलियन डलर कमाउने उद्देश्य बोकेको भारतमा अहिले पनि यसलाई करको दायराभित्र ल्याइएको छैन। तर, नेपालमा अझै पनि एक प्रतिशत कर उठाउने गरिन्छ, जुन आफैंमा अवैज्ञानिक मान्दछन् लामो समय सूचना प्रविधिमा लागेका व्यक्तिहरू। 'कम्प्युटरको व्यापार भनेको समयअनुसारको व्यापार हो। विश्व बजारमा नयाँ प्रविधि आउनेबित्तिकै पुरानो प्रविधिको मूल्य आधा घटेर जाने गर्दछ। तर, हाम्रो देशमा सबै सामानको वर्षौं पुरानो मूल्य नै राखेर भन्सारदर किटान गरिन्छ, जुन अवैज्ञानिक छ', क्यान उपाध्यक्ष सिएन उपाध्याय भन्छन्।

# पाँच मुख्य उद्देश्यमा केन्द्रीत छौं



आत्माराम घिमिरे
सदस्यसचिव, आइटी उच्चस्तरीय समिति

**सरकारले सूचना प्रविधिको विकासका लागि के गरिरहेको छ ?**

हामी नीति निर्माण र त्यसलाई कार्यान्वयन गराउनेतिर कसरत गरिरहेका छौं। सरकारले पाँच मुख्य उद्देश्यको कार्यान्वयनका लागि हाल काम गरिरहेको छ। पहिलो सूचना प्रविधिबाट आर्थिक, सामाजिक तथा रोजगारीको उपयोग कसरी गर्न गरिन्छ। दोस्रो यसबाट उद्योग र व्यवसायको विकास र विस्तार कसरी गर्न सकिन्छ। तेस्रो ग्रामीण क्षेत्रमा सूचना प्रविधिको मद्दतले क्रान्ति ल्याउने, चौथो कानुनी रूपरेखा तयार पार्ने र पाँचौं निजी क्षेत्रलाई विकास र विस्तारमा प्रोत्साहन दिने।

**सूचना प्रविधिमा सरकार गम्भीर नभएको भन्ने आरोप छ नि ?**

यो पटक्कै होइन। सरकार गम्भीर नभएको भए उच्चस्तरीय समिति बन्ने नै थिएन। यो दुई वर्षको बीचमा समितिले आइटी नीति परिमार्जित गरेको छ। साइबर कानुन लागू गरेको छ। सूचना प्रविधिको वकालत गर्दै हिँडिरहेको क्यानसँग सहकार्य गरेको छ र उनीहरूलाई सघाएको छ। यस्ता अरू थुप्रै उदाहरण छन्।

**कार्यान्वन पक्ष एकदमै ढिलो र अस्पष्ट भयो भन्ने गुनासो पनि छ नि ?**

नीतिगत कुरा चरणगत रूपमा सुधार गर्दै जानु पर्ने हुन्छ, त्यसैले ढिलो भएको हुन सक्छ। फेरि जुन कुरामा निजी कम्पनीहरूलाई अप्ठेरो परेको छ, उहाँहरू आफ्नो अप्ठेरो लिएर हामीकहाँ आउन सक्नु हुन्छ वार्ताको लागि। सुधार भन्ने कुरा विस्तारै हुँदै जाने हो।

**सरकारले आफ्नै मन्त्रालयमा आइटीलाई संस्थागत गर्न सकेको छैन नि ?**

हामीले प्रक्रिया सुरु गरिसकेका छौं। यो वर्षको अन्त्यमै सिंहदरवारभित्र फाइबर अप्टिक बिछ्याउने काम सकिसक्ने छ। अहिले हामी मन्त्रालयमा पूर्वाधार तयार गर्ने काममा व्यस्त छौं। यसपछि म्यानपावर पनि तयार पार्नेछौं।

**सरकारले करको व्यवस्था गरेर आइटीमा काम गरिरहेको कम्पनीलाई मारमा पारिरहेको छ नि ?**


यो त्यति ठूलो समस्या हो जस्तो लाग्दैन मलाई। हामी डब्लुटिओमा प्रवेश गरिसकेका छौं। त्यसैले २-३ वर्षभित्र करको दायरा शून्य हुनेछ। पहिले ५ प्रतिशत थियो अहिले घटेर एक प्रतिशतमा झरिसकेको छ।

**सरकारले नेपाली कम्पनीहरूलाई आकर्षण गर्न सकिरहेको छैन नि ?**

नेपालमा अहिलेसम्म कुनै पनि कम्पनी यस्तो छैन, जसले २-३ हजारलाई रोजगारी देओस्। सानो स्केलमा काम गर्नेको संख्या केही छ। उनीहरूले राम्रो पनि गरिरहेका छन्। तर, उनीहरू संगठितरूपमा बाहिर आउन सकिरहेका छैनन्। हो, हामीले विश्व बजारमा राम्रोसँग मार्केटिङ गर्न सकिरहेका छैनौं। तर, निजी क्षेत्र पनि बलियोरूपमा आउन सकिरहेको छैन।

**आइटी पार्कमा नेपाली कम्पनी नआउनुको कारण ?**

हामीले नेपालीभन्दा पनि विदेशी कम्पनीलाई नै प्राथमिकता दिएका छौं। अहिले नै महँगो पैसा खर्च गरेर नेपाली कम्पनी यहाँ आउन सक्षम छन् जस्तो मलाई लाग्दैन। त्योभन्दा पनि विदेशी कम्पनीलाई यहाँ भित्र्याइएको खण्डमा विदेशी मार्केटमा नेपालको छिटै चिनारी बन्ने र रोजगारीको समस्या पनि समाधान हुने हाम्रो ठम्याइ छ। ■

## सूचना प्रविधिमा बाधा ?

तीन दशक लामो यात्रा पार गरिसकेको नेपाल सूचना प्रविधिमा छिमेकी भारत र चीनजस्तै फस्टाउन नसके पनि यसले आफ्नो क्षमताअनुरूप विकास गर्न किन सकेन ? यो अहिले पनि अनुत्तरित प्रश्न बनेको छ, धेरैका लागि । यसमा नेपाली आइटी विज्ञहरूको बेग्ला-बेग्लै राय छ । कोही यसलाई हाम्रो कमजोर शिक्षा क्षेत्रसँग जोडेर हेर्ने गर्दछन् भने कोही भारतमा जस्तै नेपालमा यो क्षेत्रमा कहलिएका घरानियाँ व्यापारी परिवारको प्रवेश नहुनुलाई दुर्भाग्य मान्छन् । भिन्न विचार हुँदा हुँदै पनि उनीहरूको समान तर्क भने सरकारी रवैयालाई लिएर एक छ । सूचना प्रविधिलाई बढावा दिन उच्चस्तरीय कमिटी निर्माण भए पनि या विश्व सूचना समाजको बैठकमा स्वयं राजा ज्ञानेन्द्रबाट ट्युनेसिया भ्रमण गरे पनि यसको विकासमा स्वयं सरकारी नीति बाधक बनेको ठहर छ, विज्ञहरूको ।

'सूचना प्रविधि जबसम्म राष्ट्रिय एजेन्डा बन्दैन तबसम्म यसको विकासको कल्पना गर्नु निरर्थक छ । बजेट बनाउने बेला कुल बजेटको २ देखि ३ प्रतिशतसम्म सूचना प्रविधिलाई प्रमोसनका लागि छुट्याउनु पर्छ । मन्त्रालयमा अहिले पनि कम्प्युटरको भाँडो मात्र छ, उपयोगिता छैन', बर्ल्ड डिस्ट्रिब्युसनका विमलकाजी ताम्राकार भन्छन् । नेपालमा रहेका २१ वटै मन्त्रालयमा कम्प्युटरको सुविधा रहे पनि ती टाइपराइटरको रूपमा मात्र प्रयोग हुँदै आइरहेका छन् ।

## सूचना प्रविधिको सम्भावना

छिमेकी भारत र चीन सूचना प्रविधिको क्षेत्रमा धेरै अगाडि बढिसकेको परिप्रेक्ष्यमा नेपालको सम्भावना पनि उत्तिकै बढेर गएको दाबी यसक्षेत्रका विज्ञहरूको छ । उनीहरू नेपाली जनशक्ति विश्वमै सस्तो हुने हुँदा यसको भविष्य उज्ज्वल हुने बताउँछन् । नेपालमा हाल लगभग ५ हजार आइटी विज्ञ छन् । अर्धदक्ष जनशक्ति १० हजारको हाराहारीमा रहेको छ । कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान)ले सन् २००५ को अन्त्यमा गरेको एक सर्वेक्षणमा ४ हजारको हाराहारीमा आइटी क्षेत्रमा लाग्नेले रोजगारी पाएको बताइएको छ । नेपालमा वार्षिक चार हजार आइटी विज्ञ उत्पादन हुने गर्दछन् । 'हाम्रो देशमा आइटीको राम्रो जनशक्ति तयार छ', क्यानका अध्यक्ष विप्लवमान सिंह भन्छन् । भारत र चीनले सूचना प्रविधिमा गरेको द्रुत विकाससँगै यहाँको जनशक्ति विश्व बजारमै महँगो बन्न पुगेको छ । 'यसको लाभ हामीले उठाउन सक्छौं', आइटिपिएफका सचिव राजेश भन्छन् । उनका अनुसार अहिले नै जापानमा आइटी विज्ञहरूको माग उच्चदरमा पुगिसकेको छ । 'हामीले कामका लागि युरोप नै ताक्नु पर्छ भन्ने छैन अलिकति मार्केटिङ गर्न सक्यौं भने भारतीय र चिनियाँ कम्पनीबाटै पनि राम्रो काम लिन सक्छौं', उनी भन्छन् । तर, यसका लागि सरकारले खुला वातावरण बनाउनु पर्ने र आइटीको गुणस्तरीय शिक्षामा पनि ध्यान दिनु पर्ने बताउँछन् ।

## आइटी पार्क

नेपालमै सबैभन्दा बढी चर्चामा रहेको आइटी पार्क निमार्ण भएको एक वर्ष बितिसक्दा पनि यो पार्कमा अहिलेसम्म कुनै नेपाली कम्पनी भित्रिन सकेको छैन । काभ्रेको धुलिखेलस्थित २३४ रोपनी जग्गामा बनेको यो पार्कको निर्माण कार्य सन् १९९९ मा सुरु भएको थियो । यो पार्कमा भर्खरै मात्र नेदरल्यान्डको जाभरा सफ्टवेयर कम्पनी बस्न आएको छ ।

'सरकारी नीति स्पष्ट हुन नसकेका कारण नेपाली कम्पनीहरू आइटीपार्कमा सर्न नसकेका हुन्', हाइटेक भ्यालीका राजेश शाक्य भन्छन् । उनी हाल नेपालमा सानाठूला गरी ३० वटा कम्पनी सफ्टवेयर निमार्णमा व्यस्त रहेको बताउँछन् । 'सही आँकडा यही हो भन्ने स्थिति छैन । कति दर्ता गरेर त कति दर्ता नगरीकनै विदेशबाट काम ल्याएर गरिरहेका छन्', उनी भन्छन् । ■

Be sure, it's legal.
Microsoft® Autodesk®
Adobe symantec.
ca Freedom Scientific™
SPSS® NAI(Mcafee)
Microsoft® CERTIFIED Partner
Cyber International (P) Ltd.
P.O.Box No. 1779, New Road, Kathmandu, Nepal.
Tel: 977-1-4240581, 4269893 Fax: 977-1-4269892
E-Mail: sales@intlcyber.com
www.intlcyber.com

Gates Computer



FOR QUALITY & PROMPT SERVICES AT REASONABLE PRICE

Deals in
Computer Sales, Maintenance, UPS, Laptops
Networking, Photocopy, Fax, E.P.A.B.X.
installation & repair.

1 Year Warranty on Harddisk
20 hours INTERNET free with purchase of every PC
Home Service also Available
Gates Computer Pvt Ltd.
Dharmapath, New Road, Kathmandu, Nepal. Tel: 4229529
E-mail : g_computer@wlink.com.np



▲ जोगवनीमा लागूऔषध बेच्दै एक भारतीय व्यापारी





# सीमापारी नशा

■ मनीष गौतम र ओमआस्था राई/जोगवनी, विराटनगर





तस्वीरहरू : मनीष गौतम



तेजबहादुर बस्नेत

**मुस्किलले सवा एक लाख** जनसंख्या रहेको धरानमा दैनिक कति रुपैयाँबराबरको लागूऔषध कारोवार हुन्छ ? हिसाब निकालेर हेर्ने हो भने धरानमा मात्रै झन्डै तीन करोड रुपैयाँभन्दा बढीको लागूऔषध कारोवार भइरहेको देखिन्छ। यो तथ्यांकले जो कोहीलाई जिब्रो टोक्न बाध्य पार्छ। एक लागूऔषध सेवनकर्ताले नशाका लागि औसतमा दैनिक एक सय देखि ५ सय रुपैयाँसम्म खर्च गर्छन्। प्रशस्त पैसा हुनेहरूका लागि यो रकमले हजार नै नाघ्छ। धरानमा झन्डै ३ हजार ५ सय युवा लागूऔषधको लतमा फसेको अनुमान विभिन्न संस्थाले गरेका छन्। झापा, इटहरी र विराटनगरमा अनुमानित झन्डै चार हजार दुर्व्यसनी छन्।

दुर्व्यसनी स्वयं र पुनःस्थापनमा सक्रिय संस्थाहरूको अनुमानमा प्रत्येक सेवनकर्ताले नशाका लागि खर्च गर्ने रकमलाई औसतमा २ सय ५० रुपैयाँ हिसाब गर्ने हो भने पूर्वाञ्चलका यी सहरमा मात्रै दैनिक झन्डै २० लाख रुपैयाँ बराबरको लागूऔषध कारोवार भइरहेको छ। यो हिसाबले प्रत्येक महिना ६ करोड रुपैयाँ हाराहारीमा लागूऔषधको कारोवार हुँदै आएको छ।

यति धेरै पैसा कहाँ जान्छ ? पुनर्जीवन केन्द्र, धरानका निर्देशक कमल तिगेलाको भनाइमा यो सबै पैसा कुनै एक व्यक्ति वा गिरोहको हातमा पुग्दैन। त्यसो भए कहाँ पुग्छ त ? यो प्रश्नको उत्तर खोज्न जोगबनी पुग्नुपर्छ, जहाँ नेपालमा प्रतिबन्धित लागूऔषधको खुला व्यापार हुन्छ। जोगबनीमा भारतमै प्रतिबन्धित टिडिजेसिक पनि दुर्लभ छैन। फेन्सिडिल, नाइट्रोजन, नर्फिन, एभिल र एल्जिकजस्ता लागूऔषध जोगबनीका प्रत्येक औषधी पसलमा पाइन्छन्।

नेपाल-भारत मैत्रीद्वारकै छेउ केही भारतीयले स-साना घुम्ती राखेर लागूपदार्थ बेच्दै आएका छन्। ती घुम्ती देखाउनका लागि पान या चिया पसल हुन्छन् तर लक्ष्य भने नेपालीलाई लागूपदार्थ बेच्नु हो। त्यो घुम्तीको अगाडिको ढोका कहिल्यै खुला हुँदैन। तर, छेउको सानो ढोका खुलै हुन्छ, जहाँबाट उनीहरू नेपाली युवालाई फेन्सिडिल लगायतका अन्य लागूपदार्थ खुलमखुला बेचिरहेका हुन्छन्। लागूपदार्थ लिने युवा घुम्तीको सामुन्ने वा बोराले बनाएका स-साना छाप्रोभित्र सुटुक्क पस्छन्। ठाडो घाँटी लाएर एकै सासमा फेन्सिडिलका बोतल रित्याउँछन् र चरेस वा गाँजाको सर्को लिन्छन्। यस ठाउँमा लागूपदार्थ बेच्ने चर्चित व्यक्ति 'गोपाल' नामले परिचित छन्।

भारतीय सीमा बजार जोगबनी दुर्व्यसनीका लागि प्रख्यात अखडा बनेको छ जहाँ सयौं नेपाली युवा फेन्सिडिल, चरेस तथा गाँजा सेवनमा दिनहुँ लट्ठिइरहेका हुन्छन्। सीमामा रिक्सा लिएर उभिएका कुनै पनि चालकले लागूपदार्थ खोज्ने जो कोहीलाई सीधै अखडामा पुऱ्याइदिन्छन्। जोगबनीको नेता चोक र हटिया दुर्व्यसनीका लागि सजिलै पहुँच हुने स्थान हुन्। यी दुई ठाउँमा अधिकांश औषधी पसलको खोल ओढेर लागूपदार्थ निरन्तर बिक्री भइरहेका छन्। तिगेला भन्छन्, 'उतातिर बेच्छन् मात्रै यतातिरकाले खान्छन् मात्रै।'

विराटनगर तथा यसवरपरका युवाहरूका लागि मात्र होइन, धरान र झापाका युवाहरूका लागि पनि जोगबनी केन्द्र बनेको छ। सजिलै, सुरक्षित र सस्तो दामका लागूपदार्थ जस्तै नोर्फिन, टिडिजेसिक र फेन्सिडिल जोगबनीमा उपलब्ध हुने हुँदा यो नाका दुर्व्यसनीहरूका लागि मिलनविन्दु बनेको छ।

दुर्व्यसनीमाझ 'दिदी' नामले परिचित हटियाकी एक अधबैंसे महिलाले यस ठाउँमा बसेर लागूपदार्थको खुलमखुला व्यापार चलाउन थालेको डेढ दशक नाघिसकेको छ। सुरुमा छाप्रोबाट लागूपदार्थको धन्दा थालेकी यी महिलाको त्यही ठाउँमा अहिले आलिसान बंगला खडा भएको छ। उनको यस अवैध धन्दाको कमाइका मेरुदण्ड नेपाली युवा नै हुन् जो उनका ग्राहक बनेका छन्। 'हामीलाई त्यहाँ राम्रै स्वागत गरिन्छ', एक दुर्व्यसनी युवा भन्छन्, 'त्यहाँ छिरेपछि नुहाउने, आरामसाथ सुतेर नशा तान्ने र मोजमज्जाको सुविधा पनि छ।'

त्यसैगरी सीमानजिकै खण्डहर अवस्थामा रहेको 'हवेली नगर' र यससँगै जोडिएको 'प्ल्याट फर्म'लाई पनि नेपाली युवाहरूले प्रयोग गर्ने गरेका छन्। उन्मुक्त रूपमा दिनभर गाँजा-चरेस वा फेन्सिडिल तान्न होस् अथवा सुईबाट टिडिजेसिक तान्न दुर्व्यसनीहरूले यसलाई सुरक्षित आश्रयस्थल बनाएका छन्। सुनसान अवस्थामा रहेको र चारैतिर बडेमानको पर्खालले घेरिएको 'हवेली नगर'मा दुर्व्यसनीले प्रयोग गरेका सिरिन्जहरू छ्यासछ्यास्ती भेटिन्छन्। विराटनगरस्थित दुर्व्यसनविरुद्ध सक्रिय गैरसरकारी संस्था हेल्प ग्रुपका काउन्सिलर गोपाल भण्डारी भन्छन्, 'कतिपय दुर्व्यसनी त त्यही प्लेटफर्ममा रात बिताउँछन्।'

सीमा क्षेत्रमा तैनाथ लागूऔषध नियन्त्रण कानुन कार्यान्वयन एकाइका प्रहरीका लागि यो दिनहुँको दृश्य गोप्य छैन। तर, उनीहरू थाहा नपाएझैं गर्छन्। थाहा पाएजस्तो गरेर पनि गर्ने के ? उनीहरू न सीमा पार गरेर भारतीय व्यापारीलाई पक्राउ गर्न सक्छन्, न लागूऔषध सेवन गर्न लुसुक्क जोगबनी छिर्ने नेपाली युवालाई रोक्न नै। जोगबनीबाट लड्खडाउँदै फर्किने युवालाई पनि सम्झाएर छाड्नबाहेक केही गर्न सक्दैनन्। 'हामी मान्छे देख्नेबित्तिकै चिन्छौं तर लागूऔषध खाइस् भनेर थुन्न सक्दैनौं', एकाइका प्रहरी निरीक्षक बाबुराम श्रेष्ठ भन्छन्, 'सम्झाई बुझाई छाड्छौं, हामीले गर्नसक्ने यति नै हो।'

जोगबनीतिरबाट आइरहेका राई थरका एक युवालाई निरीक्षक श्रेष्ठ तथा उनका सहयोगी सई प्रकाश गुप्ताले सीमामा केरकार गरे। राईले सुरुमा लागूपदार्थ नलिएको जिकिर गरेका थिए। तर, 'हटियामा गएर मैले आधा बोतल फेन्सिडिल खाएर आएँ', केही छिनको केरकारमा राईले आफ्नो कुरा खोले, 'यसका लागि सय रुपैयाँ खर्च भयो।' कक्षा ११ मा पढ्ने राई आधा बोतल फेन्सिडिल खानका लागि धरानबाट जोगबनी आएका थिए।

लागूऔषध नियन्त्रण कानुन कार्यान्वयन एकाइका प्रहरी साँच्चै निरीह छन्। पाँचजना प्रहरीको दरबन्दी रहेको एकाइमा अहिले तीनजनामात्रै कार्यरत छन् जसले कोशी र सगरमाथा अञ्चलभरि हुने लागूपदार्थ ओसार-पसार र यसको प्रयोगको नियन्त्रण गर्नु पर्ने अभिभारा छ। लागूपदार्थ नियन्त्रणका लागि तैनाथ प्रहरीका लागि आवश्यक तालिम दिइएको छैन। तालिमविना नै परिचालित प्रहरी चनाखो भएर बस्नुपर्ने अवस्था छ, सीमा पारिबाट लागूऔषध नभित्रियोस् भनी। तर, एकाइका प्रहरी जोगबनी सीमामा मात्र सीमित छन् जब कि प्रहरीको पहुँचमा नरहेको अन्य नाका

लागूपदार्थ गिरोह तथा यसको प्रयोगकर्ताले निर्विघ्न प्रयोग गरिरहेका छन्। प्रहरी निरीक्षक श्रेष्ठ कुनै गिरोहले ठूलो परिमाणमा लागूऔषध ल्याउन नसक्ने र कसैले ल्याइहाले पनि पक्राउ पर्ने बताउँछन्।

प्रहरीले कडा निगरानीमा जोगबनीबाट लागूऔषध लिएर आउने व्यक्तिहरूमा लागूपदार्थ दुर्व्यसनीहरू नै पक्राउ पर्ने गरेका छन्। प्रहरीले गत माघ ११ गते जोगबनीमै लागूऔषध खाई विराटनगर फर्किने १७ जना युवकलाई केरकार गर्दा तीमध्ये एक, झापा चारपानेका २९ वर्षीय सुशील ओडारीलाई ४ बोतल फेन्सिडल, १४ थान नाइट्रोजन र आठवटा स्पास्मो प्रोक्सिवनसहित पक्राउ गरिएको थियो।

महिनामा करोडौंको व्यापार हुने यस क्षेत्रमा लागूपदार्थको कारोबारमा कुनै संगठित गिरोह पक्राउ पर्न सकेका छैनन्। प्रहरी प्रशासनका अनुसार दुर्व्यसनी नै यस कारोबारमा संलग्न छन् जो आफू पनि प्रयोग गर्छन् र अरू दुर्व्यसनीलाई पनि बेच्ने गर्छन्। तर, दुर्व्यसनी जसले प्रहरीको आँखा छलेर छिराएका फेन्सिडिलका बोतल तथा टिडिजेसिकका एम्पुलले मात्र पूर्वाञ्चलभरि हुने लागूपदार्थको कारोबार थेग्न असम्भव छ।

## बानी ब्राउनसुगरमा

एक दशकअघि नशाका लागि फेन्सिडिल खाने पूर्वका युवा विस्तारै टिडिजेसिकबाट ब्राउनसुगरतिर आकर्षित हुन थालेका छन्। ब्राउनसुगरको चक्करमा धरानमा कार्यरत प्रहरीहरूको सरुवा र बर्खास्त समेत भएको छ। ६ दशमलव ९ ग्राम ब्राउनसुगरसहित वीरगन्जका सञ्जय यादव र हृदयेश वैद्यलाई प्रहरीले पक्राउ गरेपछि त्यताबाट पनि ठूलो परिमाणमा ब्राउनसुगर आउने गरेको रहस्य खुलेको थियो।

यही घटनामा इलाका प्रहरी कार्यालय, धरानका तत्कालीन प्रमुख निरीक्षक केपी शर्माको सरुवा भएको थियो। उनका दुई विश्वासपात्र प्रहरी सहायक निरीक्षक सुरेश हायु र हवल्दार विष्णु गुरुङ पदबाट बर्खास्त भएका थिए। उनीहरूमाथि यादव र वैद्यलाई प्रहरीको हिरासतमा नराखी एक ब्रिटिस गोर्खा सैनिकको घरको कोठामा थुनी पैसा असुल्न खोजेको आरोप लागेको थियो।

जहिल्यै नशाको नयाँ र भिन्न स्वादको खोजीमा रहने युवाको पछिल्लो रोजाइ बनेको ब्राउनसुगर (खैरो हेरोइन) महँगो भएकाले पनि धरानमा लागूऔषधको कारोवार लाखबाट करोडमा पुगेको हो। फेन्सिडिल, टिडिजेसिक, एभिल, एल्जिक र केही वर्षअघिमात्रै बजारमा आएको स्पास्मो प्रोक्सिवनका लागि जोगबनी धाउने पूर्वका युवा ब्राउनसुगरका लागि भने काँकडभिट्टापारिको भारतीय बजारमा निर्भर छन् किनकि ब्राउन सुगर जोगवनीमा सजिलै उपलब्ध छैन।

दुई वर्षअघिसम्म ब्राउनसुगरको प्रयोग खासगरी पैसावाल युवामाझ सीमित थियो। तर, सन् २००३ को अन्त्यतिर भारतले टिडिजेसिकमा प्रतिबन्ध लाउनुका साथै 'सेट'का लागि प्रयोग हुने नर्फिन, एभिल र एल्जिकजस्ता लागूऔषधको मूल्य बढेपछि मध्यमवर्गीय परिवारका युवामाझ पनि ब्राउनसुगर लोकप्रिय बन्यो। ब्राउनसुगर लिने युवा आफूलाई अरु लागूऔषध सेवनकर्ताभन्दा उच्च दर्जाको ठान्छन्। त्यसैले उनीहरू एक ग्राम ब्राउनसुगरका लागि ५ सय रुपैयाँ तिर्न तयार हुन्छन्।

लागूऔषध सेवनकर्ताको आवासीय उपचारका लागि कार्यरत पुनर्जीवन केन्द्र र प्रहरीको तथ्यांकले पनि धरानमा ब्राउनसुगरको प्रयोग बढेको देखाउँछ। अहिले केन्द्रमा रहेका लागूऔषध सेवनकर्तामध्ये २१ प्रतिशतले आवासीय उपचार सुरु गराउनुअघि ब्राउनसुगर प्रयोग गर्थे। यसअघि आवासीय उपचारका लागि केन्द्रमा भर्ना हुने लागूऔषध सेवनकर्तामा ब्राउनसुगर प्रयोगकर्ताको संख्या यति धेरै थिएन। २०६० वैशाखदेखि, २०६१ साउनसम्म केन्द्रमा भर्ना भएका ९० लागूऔषध सेवनकर्तामध्ये चार प्रतिशतले मात्रै ब्राउनसुगर प्रयोग गरेको पाइएको थियो।

इलाका प्रहरी कार्यालय, धरानले आर्थिक वर्ष २०६१/६२ मा ३२ दशमलव १४ ग्राम ब्राउनसुगर बरामद गरेको थियो। आर्थिक वर्ष २०६०/६१ र २०५९/६० मा धरान प्रहरीले जम्मा ६ ग्राम ब्राउनसुगरमात्रै बरामद गरेको थियो। आर्थिक वर्ष २०६१/६२ मा प्रहरीले धरानका सुधीर लिम्बू, कर्ण लिम्बू र मणि राईलाई १९ दशमलव ५० ग्राम ब्राउनसुगरसहित पक्राउ गरेको थियो।

ब्राउनसुगरको बढ्दो प्रयोगले लागूऔषध सेवनकर्ताको स्वास्थ्यलाई झन् बढी धरापमा पारेको चिन्ता पुनर्जीवन केन्द्रका प्रबन्धक विजय सुब्बाको छ। सुब्बाका अनुसार कतिपय व्यापारीले नाफाका लागि ब्राउनसुगरमा काठको खैरो धुलो पनि मिसाउने गरेका छन्। यसले लागूऔषध सेवन गर्ने युवाको स्वास्थ्य झन् जोखिममा पारेको छ। ■





# दाउरा बाल्दै ढुंगा फुटाउँदै

■ गणेशकुमार कार्की/जुम्ला (तस्वीर पनि)

**शाही नेपाली सेनाले जिम्मा लिएको बाटो बनाउन ग्रामीणस्तरका औजारका प्रयोग गरिएको वर्तमान अवस्थामा जुम्लामा कहिले बाटो पुग्ला अनुमान गर्न गाह्रो छ। ठूला ढुंगा र चट्टान फुटाउने जिलेटिन नै नभएपछि दाउरा बालेर आगोको माध्यमबाट ढुंगा फुटाउनु परेको छ भने जिलेटिन राख्ने 'होल' बनाउनका लागि ड्रिल मेसिन नहुँदा छिना र घनको सहायताले काम चलाउनु पर्ने थप बाध्यता पनि छँदै छ।**

**यसै वर्षभित्र** कर्णाली राजमार्गमा गाडी गुडेको हेर्ने धोको फागुन महिनाको अन्त्यसँगै कर्णालीवासीको मनबाट पनि अन्त्य भइसकेको छ। समग्र कर्णाली क्षेत्रको विकास र उत्थानको मेरुदण्ड मानिएको कर्णाली राजमार्ग २०६२ फागुन महिनाभित्रै पूरा गर्नुपर्ने राजा ज्ञानेन्द्रको हुकुम पनि फगत फोस्रो आश्वासन बनेको छ, कर्णालीवासीका लागि।

सुर्खेत र दैलेखबाट नुन, तेल, चामललगायतका दैनिक उपभोग्य वस्तु ओसार्दैमा बिताएका त्यस क्षेत्रका बूढापाकाहरू अहिले आफू बाँचुन्जेल पनि उक्त राजमार्गमा गाडी गुडेको देख्न पाइँदैन भन्ने चिन्ताले पिरोलिएका छन्। राजमार्गको निर्माण कार्य कछुवाको चालमा चलेको उल्लेख गर्दै कालिकोट नाग्मका एक वृद्धले भने, 'अब त आस पनि मरिसक्यो।'

विभिन्न समयका सरकार प्रमुख र स्वयं राजा ज्ञानेन्द्रबाटै पनि बारम्बार कर्णाली राजमार्गलाई पहिलो प्राथमिकतामा राखी निर्माण गर्न निर्देशन दिए पनि काम हुन सकेको छैन। दुई वर्षदेखि सडक निर्माणको महत्त्वपूर्ण भागको जिम्मा शाही सेनालाई दिइएको छ। 'सुन्दा सुन्दा कान दुखे, हेर्दा हेर्दा आँखा पाट्टिए तर गाडी आया नाइँ', ती वृद्ध गुनासो गर्छन्, 'राजमार्गको खिस्सा पनि एकादेशको कथाझैं भयो हाम्रा लागि।'

राजाको अध्यक्षतामा गठित सरकारद्वारा जारी २१ बुँदे कार्यक्रमको १७ नम्बर बुँदामा समेटिएको उक्त राजमार्गले राजाकै सरकारका पालामा पनि पूर्णता नपाउनु दुःखद कुरा हो । 'राजाकै शासनकालमा राजाले नै बोलेका कुरा पूरा हुँदैनन् भने त्योभन्दा ठूलो दुर्भाग्य अरु के हुन सक्छ ?', स्थानीय दुर्गबहादुर हमाल आक्रोश पोख्छन् 'राजाको निर्देशन र प्रतिबद्धताको मात्र होइन सिंगो कर्णाली क्षेत्रका बासिन्दाहरूको खिल्ली उडेको छ ।' कालिकोटको भर्तामा कर्णाली र नाग्मको सिंजा नदीमा दुईवटा ठूला पुल निर्माण सकिसक्नुपर्ने थियो अहिलेसम्म । तर, पुलको काम नै सुरु भएको छैन । माघमा हेलिकोप्टरमार्फत पिलीस्थित आधार शिविरमा एउटा डोजर पुगेको छ । डोजरले पिलीदेखिको बाटो 'क्लिएर' गर्ने काम गरिरहेको छ ।

राजाको आश्वासनअनुसार काम भएन भनेर देखाउने र देखिने एउटा ठोस कारण कालिकोटको पिलीस्थित शाही सेनाको कार्यदलमाथि गत साउन २३ गते माओवादीले आक्रमण गर्नु हो । आक्रमणका कारण सेनाको बाटो खन्ने काम चार महिना व्यवधान आयो । सेनाका ओभरसियर सुवेदार नानीबाबु थापा भन्छन्, 'आक्रमणको चार महिनापछि (मंसिर)बाट मात्र काम सुरु हुन सक्यो, अहिले राम्रैसँग चलिरहेको छ ।'

सेनाको प्रत्यक्ष निगरानीमा सडक निर्माणको काम भइरहेको देखिन्छ । तर, विगत करिब १ महिनादेखि चट्टान र ठूलठूला ढुंगा फुटाउन प्रयोग गरिने विस्फोटक पदार्थ 'जिलेटिन'को अभावमा खट्किएको छ । एक ठेकेदार भन्छन्, 'जिलेटिन छैन, काम रोकियो भनेर धेरैपल्ट सेनाकोमा धाइयो । तर, कहिले जिलेटिन छैन, कहिले मान्छे छैन भनेर टार्ने काम भएको छ ।'

जिलेटिन ल्याउनमा ढिलाइ भएको स्विकार्दै सुवेदार थापा भन्छन्, 'यहाँ ल्याउने भनिएको जिलेटिन काठमाडौंदेखि एभ्रोबाट नेपालगन्ज र त्यहाँबाट निजी एयरलाइन्सको हेलिकोप्टरमार्फत सुर्खेत हुँदै ल्याउने योजना हो । तर, त्यसबीचमा विभिन्न ठाउँमा माओवादीसँग भएको भिडन्तका कारण केही ढिलाइ भएको छ । अब चाँडै आइपुग्छ ।'

ठूला ढुंगा र चट्टान फुटाउने जिलेटिन नै नभएपछि दाउरा बालेर आगोको माध्यमबाट ढुंगा फुटाउनु परेको दृश्य सामान्य लाग्छ । जिलेटिन राख्ने 'होल' बनाउनका लागि ड्रिल मेसिन नहुँदा छिना र घनको सहायताले होल बनाउनु पर्ने थप बाध्यता छँदै छ । सशस्त्र सेनाको जिम्मा लिएको बाटो बनाउन ग्रामीणस्तरका औजारका प्रयोग गरिएको वर्तमान अवस्थामा जुम्लामा कहिले बाटो पुग्ला अनुमान गर्न गाह्रो छ । सेनासँग होल बनाउने ड्रिल मेसिन नै नभएको होइन । १० लाख रुपैयाँ खर्चिएर ल्याइएका दुईवटा मेसिन पटक पटक बिग्रिराख्ने र मर्मत खर्च पनि बढी हुने भएकाले 'हातेकाम'बाट ढंगामा प्वाल पार्ने काम गर्न थालिएको छ ।

छिना र घनको मद्दतबाट आफैंले ढुंगा फोर्नु पर्ने बाध्यता मात्र छैन, ज्यानसमेत हत्केलामा राखेर काम गर्दै छन् कर्णालीवासी । पछिल्लो दुई महिनामै कालिकोटको सेरावाडामा ढुंगाले थिचिएर दुईजनाले ज्यान गुमाउनु परेको मजदुरहरू बताउँछन् । उक्त दुर्घटनापछि ठेकेदारमार्फत केही मजदुरहरूको एक लाख रुपैयाँबराबरको जीवन बिमा गरिएको छ ।

निर्माण कार्य सुरु भएको १४ वर्ष बितिसक्दा समेत जम्मा १ सय २० किमि सडकमा मात्र गाडी गुड्न सक्छ । आव २०४८/०४९ देखि विधिवत् रूपमा निर्माण कार्य थालनी गरिएको



**जनइच्छाबमोजिम सडक खन्न दिइएको फुर्ति लाउने माओवादीले सडकको ठेक्का लिएका पेटीठेकेदारहरूबाट 'कर'स्वरूप चन्दा लिन्छन् । एक ठेकेदार भन्छन्, 'भन्नलाई त ५ प्रतिशत देऊ भन्छन् तर भने जति दिन सकिन्नँ । यसो कुरा मिलेमा २-३ प्रतिशतसम्ममा काम बन्छ ।'**

उक्त राजमार्गको सुर्खेत-जुम्ला सडकमध्ये सुर्खेतदेखि दैलेखको राकम कर्णालीसम्म मात्र गाडी चलिरहेको छ । सडक प्राविधिकहरू अहिलेकै गतिमा काम हुने हो भने सेनाले जिम्मा लिएको खण्डको काम हुन अझै तीन वर्ष लाग्ने अनुमान गर्छन् ।

सन् २००३ को सेप्टेम्बर ८ मा सक्ने गरी तीन वर्षका लागि १ सय ३२ किलोमिटर ग्राभेल सडक निर्माण गर्न ३४ करोड ५१ लाखमा ठेक्का लिएको चिनियाँ निर्माण कम्पनी पटक पटकको माओवादी अवरोध र चन्दा आतंक कारण देखाएर पन्छिएपछि २०६० सालदेखि सडक निर्माणको जिम्मा शाही सेनालाई दिइएको थियो । सुरु योजनामा सुर्खेतदेखि जुम्लासम्म ६ मिटर चौडा बाटो बनाउने योजना थियो । पछि पिलीदेखि नाग्मसम्म ४ मिटर चौडाइ भएको सडक खनिँदैछ । तर, सेनाले खनेकोको बाटोमा गाडी गुड्ला भन्ने आश स्थानीय बासिन्दाहरूलाई मात्र होइन सडक निर्माणमा संलग्न मजदुरहरूलाई पनि छैन । 'यस्तो बाटोमा के गरी गाडी गुड्ला ?' सडकको अवस्था देखाउँदै मजदुर राजबहादुर शाही भन्छन्, 'गाडी त त्यस्तै हो खच्चर हिँड्नलाई भने खास्साको बाटो हुने भो ।'

सुर्खेत जुम्ला सडकसँग सरोकार राख्ने एक सरकारी अधिकारी सेनाले बाटोको रेखांकन गरेर मात्र काम देखाउने आशंका व्यक्त गर्छन् । ती अधिकारीका अनुसार सेनाले बाटो खन्दा प्राविधिक नाप नक्सा बदलिएको र घुमाउरा मोडहरूमा न्यूनतम चौडाइ भएको कुरा व्यक्त गर्छन् । अधिकारी भन्छन्, 'ट्र्याक खन्ने काम हुनु भनेको आधा काम मात्र हो ।'

सडकको सुरु रेखांकन पनि सेनाले आफूखुसी परिवर्तन गरेकोमा सुरुमा योजना बनाउनेहरू चिन्ता व्यक्त गर्छन् । यसअघि कालिकोटको भर्ता, सुकाटिया गेला हुँदै पान्तडीसम्म सडक जोड्ने भनिए पनि हाल भर्ताबाट कालिकोटको पिलीसम्म सडक नयाँ रेखामा बनेको छ र १२ किमि थप भएर राजमार्गको कुल लम्बाइ २ सय ३२ पुगेको छ ।

राजाको हुकुम तामेली गर्नका लागि मात्र 'जोडजुलुम' गरेर सडक जुम्लासम्म पुऱ्याउन लागिएको नाम उल्लेख गर्न नचाहने एक ओभरसियर बताउँछन् । 'राजाको सदिच्छा पूरा गर्ने मात्र भए त ठिकै हो । नत्र यस्तो बाटोमा गाडी गुड्न मुस्किलै छ', उनको भनाइ छ । सुर्खेतदेखि कालिकोट पिलीसम्मको बाटोमा दोष देखाउन ठाउँ नभएको दाबी गर्ने ती प्राविधिक पिलीदेखि अगाडि बढेपछि सडकको नाममा 'घोडेटो' मात्र बनाइएको आफैं असन्तोष व्यक्त गर्छन् । 'ढिलो होस् तर राम्रो होस् भन्ने हाम्रो चाहना हो', उनी भन्छन्, 'तर यहाँ छिटो होस् जस्तोसुकै होस् भन्ने हिसाबले काम भएको छ ।' गाडी कुद्ने कुरा परको हो तर पिलीदेखि खल्लागाडसम्मको बाटोका लागि स्थानीय र बाहिरका गरी ८० जना पेटी ठेकेदारमार्फत करिब ४ हजार मजदुर तथा जुम्ला र कालिकोटका विभिन्न गाउँका बासिन्दाहरूलाई समेत समेटेर उपभोक्ता समिति गठन गरी सडक निर्माणमा लगाइएको छ । कालिकोटको ढाक्ने भिक्मदेखि जुम्ला सिमानामा पर्ने नाग्मसम्मको बाटो नौवटा उपभोक्ता समितिहरूको भागमा परेको छ ।



जसअन्तर्गत एक उपभोक्ता समितिले बढीमा ५ सय मिटर सडक तयार गर्ने लक्ष्य लिएका छन्। सेनाको कार्यदलले १ सय १२ देखि १ सय ९७ किमिसम्म आफ्नो जिम्मामा निर्माण कार्य केन्द्रित गरेको छ। कालिकोट सदरमुकाम मान्मदेखि पिलीसम्म १९ किमि सडकको ९० प्रतिशत काम सकिएको सुवेदार थापाले बताएका छन्। 'पिलीदेखि टाकुल्ला हुँदै खल्लागाडसम्मको करिब १४ किमि सडक खण्डमा ट्र्याक ओपनिङको काम भइरहेको छ', थापाले जानकारी दिए।

चिनियाँ ठेकेदार माओवादी धम्की र चन्दा असुलीबाट दिक्कार भएर कामै छोडेको पृष्ठभूमिमा सेना आफैंले निर्माणको जिम्मेवारी लिएको अवस्थामा पनि माओवादी चन्दा असुली जारी छ। सेनाको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा भइरहेको कामबाट माओवादीले कसरी चन्दा असुल्न सक्छन्? यो प्रश्नको उत्तर कर्णाली राजमार्गमा सजिलै पाउन सकिन्छ। सेनाले स्थानीय समुदायलाई ठेक्का दिन्छ, माओवादीले तिनै स्थानीय ठेकेदारमार्फत पाँच प्रतिशतसम्म कमिसन असुल्ने गरेका छन्।

जनइच्छाबमोजिम सडक खन्न दिइएको फुर्ति लाउने माओवादीले सडकको ठेक्का लिएका पेटीठेकेदारहरूबाट 'कर'स्वरूप चन्दा लिन्छन्। एक ठेकेदार भन्छन्, 'भन्नलाई त ५ प्रतिशत देऊ भन्छन् तर भने जति दिन सकिन्नँ। यसो कुरा मिलेमा २-३ प्रतिशतसम्ममा काम बन्छ।' माओवादीले ठेकेदारहरूबाट उठाउने गरेको करका बारेमा सेना अनभिज्ञ नरहेको बताउँदै उनले भने, 'तर के गर्ने उनीहरूकै निगाहबमोजिम भनेझैं भएको छ।' उनी भन्छन्, 'कर नदिए तुरुन्त काम बन्द गर्नुपर्ने हुन्छ।'

ढिलै भए पनि राजमार्ग पूरा होला भन्ने आशा कर्णालीवासीहरूमा जति छ, निर्माण कार्य बीचैमा रोकिने हो कि भन्ने त्रासले पनि उत्तिकै। 'जसले जे भने पनि हाम्रो सुरक्षाको ग्यारेन्टी नै छैन। माओवादीले आज भने आज र भोलि भने भोलि काम रोक्नु पर्ने अवस्था कायमै छ।' कालिकोट भैसीगौडाका एक ठेकेदार भन्छन्, 'साँचो कुरा भन्ने हो भने उनीहरूको

**सेनाले सबै काम अमानतबाट गराएकाले आर्थिक अनियमितताको प्रश्न उठ्न थालेको छ। सडक आयोजनासँग सम्बन्धित एक अधिकारी प्रश्न गर्छन्, 'हामीले काम गर्दा सबै नियम कानुन, पालना गर्नुपर्ने ? सेनालाई कतैबाट पनि नियन्त्रण नहुने ?'**

मर्जीविना काम गर्न सकिने अवस्था छैन।'

सडकका लागि भनेर पहिला पिलीमा मात्र राखिएको सेनाको क्याम्प विस्तारित भएको छ। खल्लागाडको हरिचौरमा पनि क्याम्प बसेपछि माओवादीहरूको खुला चलखेलमा कमी आएको महसुस हुन थालेको छ। सेनाले क्याम्प बढाउँदै लगे पछि माओवादीले त्यसलाई कसरी लिन्छन् भन्ने कुरामा कर्णाली राजमार्गको भविष्य अडिएको छ। 'आफ्नो पकड रहेको क्षेत्रमा सेनाले विस्तारै आफ्नो उपस्थिति बढाउँदै लगेको' आफूहरूको बुझाइ रहेको एक माओवादी कार्यकर्ता बताउँछन्।

सडक निर्माणका लागि भनेर खटिएको सेनाले त्यस क्षेत्रमा आफ्नो अप्रेसन, सर्च र गस्ती आदिजस्ता कार्य गरेर माओवादीलाई जिस्काउने काम नगरेमा आफूहरूले पनि जनइच्छाको कदर गर्दै त्यस्ता काम कारबाही नगर्ने ती माओवादी कार्यकर्ताले बताए। यसरी दुवै पक्षबीच अघोषित रूपमा रहेको सम्झौता कतिखेर तोडिने हो र सडकको काममा भाँजो हालिने हो भन्ने आशका स्थानीय जनतामा समेत छ।

सेनाका लागि आइलागेको अर्को समस्या हो जग्गाको मुआब्जा। सेनाले बाटो खन्न जिम्मेवारी पाएको क्षेत्रका बासिन्दाले जग्गाको मुआब्जा पाएका छैनन्। जुम्लातर्फ समुदायमा आधारित भएर बाटो खन्न विश्व बैंकको ऋण सहयोग पाएकोले त्यस भेगका जनताले मुआब्जा पाएका छन्। तर, सेनाले बाटो खनेको क्षेत्रमा मुआब्जा बाँड्ने पैसा छैन। सेनाले जग्गा परेका स्थानीय बासिन्दाको निवेदन मागेर त्यसको जानकारी केन्द्रमा पठाएको छ। तर, सडकसँग सम्बन्धित अधिकारीहरू भने प्रक्रियागत त्रुटि औंल्याउँछन्। उनीहरूका अनुसार मुआब्जा दिनुअघि सरकारले सडकमा पर्ने जग्गा अधिग्रहण गर्नुपर्ने र अधिकारी तोकेर मुआब्जाको रकम तोक्नुपर्ने प्रावधान छ। सेनाले कानुनी प्रावधानअनुसार काम नगरेकाले मुआब्जा वितरण जटिल बन्दै गएको छ। केही साताअघि सेनाले सडक आयोजनालाई मुआब्जा वितरण गरिदिन आग्रह गरेको थियो। तर, आयोजनाले आफूले त्यस्तो गर्न नसक्ने र बजेट पनि नभएको भन्दै पन्छिएपछि स्थानीय जनताबाट सान्त्वना प्राप्त गर्न सेनाले मुख्यालयमा पत्राचार गरेको छ।

कालिकोट-१ धनडाँडाका चन्द्रप्रसाद न्यौपाने भन्छन्, 'सात पाथी खेती हुने खेत र घर पनि जाने अवस्थामा छ। धेरै ठाउँ धाइयो तर हाम्रो कुरा कसले सुन्छ र?' मुआब्जा नै नदिई कसैको घरजग्गा अधिकरण गर्ने नीति नरहेको सेनाले स्पष्ट पारेको छ। माओवादीले चन्दा असुली गरेर तत्कालमा लागि चित्त बुझाएको अवस्था छ भने सेनाले ठेक्का दिँदा आर्थिक नियमावली पुरै पन्छाएको अर्को समस्या छँदै छ। सेनाले सबै काम अमानतबाट गराएकाले आर्थिक अनियमितताको प्रश्न उठ्न थालेको छ। सडक आयोजनासँग सम्बन्धित एक अधिकारी प्रश्न गर्छन्, 'हामीले काम गर्दा सबै नियम कानुन, पालना गर्नुपर्ने ? सेनालाई कतैबाट पनि नियन्त्रण नहुने ?'

कर्णाली राजमार्गको सम्पन्नताको सम्बन्ध सरकारको प्रतिष्ठा र दायित्वसँग मात्र होइन सिंगो कर्णाली क्षेत्र (विशेष गरी कालिकोट, जुम्ला र मुगु)का बासिन्दाहरूको आर्थिक, सामाजिक र शैक्षिक विकाससँग पनि प्रत्यक्षरूपमा गासिएको छ भने राजमार्गले सुर्खेत र दैलेखलाई पनि व्यापारिक केन्द्रका रूपमा स्थापित गर्नेछ।

राजमार्ग बनेर गाडी चलेपछि दैनिक उपभोग्य वस्तुहरू पनि सजिलै र सस्तोमा पाउन सकिने कर्णालीवासीको आशा छ। 'अरूभन्दा पनि नुनको ढिको र औषधीको चक्की किन्नसमेत बाहिरी जिल्ला धाउनु पर्ने समस्या टर्ने थियो', सडक बनेपछिको मुख्य सुविधा सुनाउँदै शाहीले भने। अन्य ठाउँमा २०-२२ रुपैयाँ प्रतिकिलो पर्ने सामान्य मोटो चामललाई पनि ४० देखि ४५ रुपैयाँ खर्चनु पर्ने बाध्यता रहेको उनी बताउँछन्। कर्णाली क्षेत्रमा हेलिकोप्टरमार्फत खाद्यान्न ढुवानीका लागि मात्र सरकारले वार्षिक करिब १२ करोड रुपैयाँभन्दा बढी खर्च गर्ने गरेको खाद्य संस्थान जुम्लाका प्रमुख शंकर सापकोटाले जानकारी दिए।

निर्माण सुरु भएको १४ वर्ष बितिसक्दा समेत २ सय ३२ किमि सडकले पूर्णता नपाउनुमा सरकारी प्रतिबद्धताको अभाव प्रमुख कारण मान्न सकिन्छ भने माओवादी विद्रोहले कर्णालीमा पकड जमाएपछि बन्दुक बोकेर डोजर चलाउनुपर्ने बाध्यता अर्को कारण हो। सेना र माओवादी दुवैले कर्णाली राजमार्गलाई कर्णालीवासीको आर्थिक र सामाजिक विकासको मेरुदण्ड हो भनेर आत्मसात् गर्न सकेको अवस्थामा मात्र आगामी तीन वर्षमा जुम्लामा सडक पुग्नसक्छ। ■

# पहिलो मालवाहक रेल भित्रियो



राम सराफ

**झन्डै १४ महिना** लामो प्रतीक्षापछि भारतीय कार्गो बोकेको पहिलो मालवाहक रेल नेपाल भित्रिएको छ। नेपाल-भारतबीच गत वर्ष पुसमा सम्पन्न द्विपक्षीय कार्गो रेल सञ्चालन सम्झौताअन्तर्गत चैत ६ गते साँझ अर्ध प्रशोधित धागो बोकेको ७० कन्टेनरसहितको मालवाहक रेल सिर्सिया सुख्खा बन्दरगाह प्रवेश गरेको हो।

मुलुकको आयात निर्यात व्यापारमा बहुअपेक्षित सिर्सिया बन्दरगाह गत वर्ष साउनमै सञ्चालनमा आए पनि यस अवधिसम्म तेस्रो मुलुकबाट आयातित कार्गो ढुवानी गर्ने काममा मात्र सीमित रहेको थियो। बन्दरगाहले निर्यातकर्ताको विश्वास जित्न केही कन्टेनर कार्गो तेस्रो मुलुकतर्फ ढुवानी गरे पनि निर्यात व्यापार अत्यन्त न्यून छ।

भारतीय कच्चा पदार्थ बोकेको रेल नेपाल भित्रिएपछि बन्दरगाहको कारोबार वृद्धि हुने आइसिडी सञ्चालकले आशा गरेका छन्। तर, बन्दरगाहमार्फत अर्को द्विपक्षीय कार्गो कहिले ढुवानी हुने हो, कुनै टुंगो छैन। पर्याप्त कारोवार नभएकाले कुल क्षमताको जम्मा २० प्रतिशतमात्र उपयोगमा आउन सकेको हिमालयन टर्मिनल्सका प्रमुख कार्यकारी बी मोहन बताउँछन्। हाल तेस्रो मुलुकबाट वीरगन्जका लागि कोलकाता र हल्दिया समुद्री बन्दरगाहमा आयातितमध्ये ८० प्रतिशत कार्गो सुख्खा बन्दरगाहले ढुवानी गर्दै आएको छ।

बन्दरगाहमार्फत द्विपक्षीय व्यापार बढाउन खुला डब्बा (ओपन वागन)मार्फत पनि मालसामान ढुवानी गर्न पाउने व्यवस्था मिलाउनुपर्ने व्यापारीले बताएका छन्। विद्यमान द्विपक्षीय कार्गो रेल सम्झौतामा बन्द डब्बा वा कन्टेनर क्लोज्ड वागन र कन्टेनराइज्ड कार्गोमात्र ढुवानी गर्न पाउने प्रावधान छ। सरकारले मल्टिमोडल ट्रान्सपोर्ट ऐन ल्याउन अनावश्यक ढिलाइ गरिरहेको छ, वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष विजय सरावगी भन्छन्, 'यसको अभावमा बन्दरगाहको व्यापार बढ्ने आशा गर्न सकिँदैन। मल्टिमोडल ट्रान्सपोर्ट ऐन ल्याइएपछि एउटै कम्पनीले हवाई, सडक, जल तथा रेलमार्गबाट ढुवानी सेवा प्रदान गर्न पाउनेछन्।' यही ऐनको अभावमा विदेशी जहाज कम्पनी (सिपिङ लाइन)ले सुख्खा बन्दरगाहमा सेवा प्रदान गर्न हिचकिचाएका हुन्।

बन्दरगाह सञ्चालनको दोस्रो वर्षसम्म साढे पाँच करोडभन्दा बढी घाटा व्यहोर्नु परेपछि भाडा सम्झौता अव्यवहारिक भएको जनाउँदै हिमालयन टर्मिनल्सले सम्झौता पुनरावलोकन गर्न सरकारसँग माग गरेको छ।

■ **रवि दाहाल/वीरगन्ज**

## एभरेष्ट बैंकको उपहार



**एभरेष्ट बैंक** लिमिटेडले ग्राहकलाई नयाँ आकर्षण दिन संचालन गरेको 'खाता हजारमा, छुट्टी बैंककमा' उपहार अनुप मजुमदार र नीति मजुमदारले प्राप्त गरेका छन्। बैंकले पछिल्लो पटक चावहिलमा नयाँ शाखा खोलेको उपलक्ष्यमा उनीहरुलाई चार दिनको बैंकक भ्रमण प्याकेजको चेक हस्तान्तरण गरेको छ। यसै साता आयोजित एक कार्यक्रममा बैंकका कार्यकारी निर्देशक डिभी एसएसभी प्रसादले उनीहरुलाई चेक हस्तान्तरण गरेका थिए।

## सहुलियत कर्जा

**राष्ट्रिय वाणिज्य** बैंकले ग्राहकमुखी बैंकिङ सेवा अगाडि बढाएको छ। यो नयाँ योजनानुसार घर, गाडी, व्यक्तिगत र शैक्षिक कर्जा सहुलियत ब्याजदरमा लगानी गरिने बैंकले बताएको छ। घर निर्माण, खरिद, विस्तार र आधुनीकरण गर्नका लागि समेत ७ दशमलव ५० देखि ९ प्रतिशत ब्याजदरमा घरकर्जा उपलब्ध गराइनेछ। अधिकतम १५ लाख रुपैयाँ उपलब्ध गराइने गाडी कर्जामा ७ प्रतिशत र स्कुलबसको लागि ६ दशमलव ५ प्रतिशत ब्याज लाग्नेछ। १५ लाख रुपैयाँसम्मको शैक्षिक र २० लाख रुपैयाँसम्मको पेसागत कर्जा उपलब्ध गराइने जानकारी पनि वाणिज्य बैंकले दिएको छ।

## सामाजिक सेवातिर एनआइबी



**बीस वर्षदेखि** नेपालको बैंकिङ क्षेत्रमा महत्त्वपूर्ण भरपर्दो सेवा पुऱ्याएर राम्रो बैंकिङ क्षेत्रमा स्थापित नेपाल इन्भेस्टमेन्ट (एनआइबी) बैंक एक्काइस वर्षमा टेकेको अवसरमा सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने कार्यक्रम सार्वजनिक गरेको छ। बैंकका अध्यक्ष एवं कार्यकारी संचालक पृथ्वीबहादुर पाण्डेले हालै आयोजित एक कार्यक्रममा 'सामाजिक निक्षेप खाता'को घोषणा गरे।

नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा गैरसरकारी संस्थाले 'सामाजिक निक्षेप खातामा' राखेको पैसाबाट प्राप्त हुने फाइदाको ५० प्रतिशत सामाजिक क्षेत्रमा लगानी गर्ने कार्यक्रम छ। गैरसरकारी संस्थाले आफूहरुले सामाजिक क्षेत्रमा गर्ने लगानीको रकम 'सामाजिक निक्षेप खाता' राखेको अवस्थामा त्यसले अप्रत्यक्ष रूपमा सामाजिक क्षेत्रमा थप योगदान दिने यसको कार्यक्रम छ। पाण्डेका अनुसार केही वर्षदेखि बैंकले सामाजिक सेवा तथा खेलकुद लगायतका क्षेत्रमा वर्षको १४ लाखभन्दा बढी लगानी गर्दै आएको छ।

## साउदर्न कोलोनीमा बुकिङ



**साउदर्न हाइट** कोलोनीले तयारी घरहरुको बुकिङ खुला गरेको छ। ४१ वटा घर बिक्री गर्ने यसको उद्देश्य छ। चक्रपथ सातदोबाटोबाट केही किमि टाढा मेनरोडमै रहेको कोलोनी अग्लो ठाउँमा निर्माण भएको स्विमिङ पुल, महोत्सव हल, जिम्न्याजियम तथा पर्याप्त बगैंचा रहेको प्रेस विज्ञप्तिमा उल्लेख छ। घर किन्नेहरुले बस्न आएकै दिनदेखि राम्रोसँग प्रयोग गर्न सक्ने यसको विशेषता हो।

उच्च कोटीका निर्माण सामग्री प्रयोग भएकाले खरिदकर्ताले आफ्नो लगानीको उच्चतम प्रतिफल पाउने दाबी प्रमुख कार्यकारी अधिकृत सुहृद घिमिरेको छ। घिमिरेका अनुसार यस्तो परियोजना नेपालमा पहिलो हो। फागुनभित्रै जोरपाटीमा पनि यस्तै योजना सुरु गर्ने कम्पनीको योजना छ।

# विदेशिने तयारी

| खेल | इनिङ | नटआउट | क्याच | अर्धशतक | शतक | हाइस्कोर | औसत | कुल | |
|---|---|---|---|---|---|---|---|---|---|
| युथ-१७ | ५ | ५ | ० | ० | ० | ० | १४ | ७.४० | ३७ |
| युथ-१९ | ३७ | ३७ | ६ | १२ | ५ | १ | १२५ | ३४.८७ | १०८१ |
| सिनियर | ७ | ७ | ० | २ | १ | ० | ६३ | १६.१४ | ११३ |
| तीनदिवसीय | १ | २ | ० | ० | ० | ० | ३७ | ३२.५० | ६५ |

**'जबसम्म ऊ क्रिजमा हुन्छ,** संसारको कुनै पनि टिम हार्न सक्छ', भर्खरै मात्र श्रीलंकामा सम्पन्न युथ-१९ विश्वकप क्रिकेट प्रतियोगितामा कनिष्क चौगाईंको ब्याटिङबाट प्रभावित एक विदेशी मिडियाको प्रतिक्रिया थियो, यो ।

वास्तवमै, जब कनिष्क क्रिजमा आकर्षक कट र ड्राइभ गरिरहेका हुन्छन्, उनको ब्याटिङ हेर्ने जोकोहीलाई यो भ्रम पर्न सक्छ, क्रिकेट निकै सहज छ खेल्नलाई । तर, स्वयं कनिष्क भने निकै चुनौतीपूर्ण मान्छन् क्रिकेटलाई । यसमा पनि ब्याटिङ चुनौतीपूर्ण मात्र नभई अप्ठेरो कला भएको ठम्याइ छ उनको । यद्यपि, यति हुँदा हुँदै पनि नेपाली क्रिकेटमा आफ्नो बेग्लै पहिचान बनाउन सफल भइसकेका छन्, उनी ।

कनिष्कले आफ्नो कुशल कप्तानीमा गत महिना नेपाललाई युथ विश्वकपको प्लेट च्याम्पियन जिताउने गौरव मात्र दिलाएनन्, उनले युथ-१९ को ६ वर्ष लामो करिअरमा १ हजार रन बनाउने इतिहास पनि कोरे । 'मलाई नै थाहा छैन, यो कसरी सम्भव भयो', युथ-१९ को ३७ अन्तर्राष्ट्रिय खेलमा ३४ दशमलव ८७ को औसतले एक हजार ८१ रन बनाएका कनिष्क भन्छन् । यसपालाकै युथ विश्वकपमा ६ खेल खेल्ने क्रममा उनले ३९ को औसतले २ सय ३४ रन बनाएका थिए, जुन अहिलेसम्मकै युथ-१९ अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली ब्याट्सम्यानको प्रभावशाली प्रदर्शन थियो । उनले टेस्ट र एकदिवसीय प्रतियोगिता खेल्ने मान्यता पाएका १० राष्ट्र र छनोट भएर आएका ६ राष्ट्र सम्मिलित युथ विश्वकपमा सर्वाधिक रन बनाउने ब्याट्सम्यानको पंक्तिमा आफूलाई छैटौं स्थानमा राखेका थिए । 'आश्चर्य नै भयो । मैले पनि सोचेको थिइनँ, मेरो प्रदर्शन यति राम्रो होला भनेर', तीनवटा युथ-१९ विश्वकप खेल्ने गौरव पनि प्राप्त गरेका २० वर्षीय कनिष्क भन्छन्, 'सम्भवतः ममा परिपक्वता आएको हो कि ?'

कनिष्कको खेल नजिकबाट नियाल्नेहरु उनको कमजोरी नै ज्यादा आक्रामकता भएको बताउँछन् । युथ विश्वकप खेलेर घर फर्किने क्रममा यसपालि बुबा सुशील चौगाईंले उनको ब्याटिङको विषयमा कुनै टिप्पणी नगरेको घटनाले पनि उनी आफ्नो ब्याटिङमा परिपक्वता आएको हो कि भन्ने निष्कर्षमा छन् । 'हामी दुईमा कसमा परिपक्वता आएको हो भन्ने कुरा अर्को भ्रमणले स्पष्ट पार्नेछ', बुबा सुशील चौगाईंमा पनि परिपक्वता आएको हो कि भन्ने जवाफमा ठट्यौली गर्दै कनिष्क भन्छन् । पूर्व राष्ट्रिय क्रिकेट खेलाडी सुशील चौगाईं कनिष्कका पिता मात्र होइनन्, उनका आदर्श गुरु पनि हुन् । उनकै प्रेरणाले कनिष्क १४ वर्षको उमेरमा राष्ट्रिय प्रतियोगितामा समावेश भइसकेका थिए, एउटा कुशल ब्याट्सम्यानको रुपमा । कनिष्कलाई ब्याट्सम्यान मात्र होइन, नेपालको कुशल ओपनरको रुपमा तयार पार्न पनि उनको महत्त्वपूर्ण हात छ ।

कनिष्कले बाराको कलैयामा सानै उमेरमा क्रिकेट खेल्न सुरु गरे पनि २०५७ सालमा राजविराजमा भएको जय ट्रफीपछि उनले बाहिरि चर्चा पाउन थालेका थिए । मिडिल अडरमा दाहिने हातले कुशल ब्याटिङ गर्ने यी ब्याट्सम्यान सन् २००१ मा काठमाडौंमा भएको युथ-१९ एसिसीकपका लागि छनोट भएका थिए । उनले यो प्रतियोगितामा मलेसियाविरुद्ध अविजित ७० रन बनाउँदै अन्तर्राष्ट्रियस्तरमै सबैको वाहवाही लुटेका थिए ।


तस्वीरहरू : ज्योति देवकोटा

▲ दुर्गा रावत


▲ अञ्जना सिग्देल

# उठ्दै छन्, महिला क्रिकेटर

■ नवीन अर्याल, ज्योति देवकोटा/कोहलपुर

**गत वर्ष** क्षेत्रीय क्रिकेट विकास समिति क्षेत्र नं. ५ नेपालगन्जले नयाँ नीति अख्तियार गऱ्यो, जिल्लामा हुने जुनसुकै कार्यक्रम या सहयोगका लागि नेपाल क्रिकेट संघ (क्यान)माथि आश्रित रहने परम्परा र सोचलाई तोड्दै । त्यो नीति थियो, नेपाली क्रिकेटमा महिला सहभागिताको सम्भावना र भविष्य खोज्ने ।

'लैंगिक समानताका लागि क्रिकेट' भन्ने नाराका साथ प्लान नेपाल, बाँकेसँग हातेमालो गरिएको नेपालमै पहिलो बाँके जिल्लास्तरीय मावि छात्रा क्रिकेट प्रतियोगिता सम्पन्न भएको एक वर्ष बितेको छ । यो साहस नेपाली क्रिकेटका लागि मात्र नभई अन्य खेलकुदका लागि पनि कोसेढुंगा सावित भएको छ । अहिले महिला क्रिकेटले नेपालगन्जमा मात्र नभई नेपालभरि नै व्यापक चर्चा पाइरहेको छ । र, क्रिकेटप्रति दिलोज्यान दिएर लागेका कलिला नानीहरू भन्न

**पूर्व राष्ट्रिय क्रिकेट खेलाडी सुशील चौगाईं कनिष्कका पिता मात्र होइनन्, उनका आदर्श गुरु पनि हुन् । उनकै प्रेरणाले कनिष्क १४ वर्षको उमेरमा राष्ट्रिय प्रतियोगितामा समावेश भइसकेका थिए, एउटा कुशल ब्याट्सम्यानको रुपमा । कनिष्कलाई ब्याट्सम्यान मात्र होइन, नेपालको कुशल ओपनरको रुपमा तयार पार्न पनि उनको महत्त्वपूर्ण हात छ ।**

'यो क्षण अहिले पनि बिर्सन सक्दिनँ', उनी भन्छन् ।

राम्रो ब्याट्सम्यान हुँदा हुँदै उनले सिनियर लेभलमा राम्रो मौका पाउन सकेका छैनन् । सन् २००३ मा काठमाडौंमा भएको दोस्रो इमर्जिङ नेसनकप क्रिकेट प्रतियोगितामा पहिलो मौका पाएका कनिष्क त्यति बेला माल्दिभ्सविरुद्ध तेस्रो नम्बरमा ब्याटिङ गर्न आउने क्रममा 'डक' आउट भएका थिए । 'अब स्थायित्व पाउँछु कि राष्ट्रिय टोलीमा', यसै साता नामिवियाविरुद्ध चारदिवसीय प्रतियोगिता खेल्न राष्ट्रिय टोलीसँगै उड्नुअघि उनले भने ।

राम्रो खेलाडी हुँदा हुँदै पनि सुनिश्चित भविष्यका लागि हाल उनी विदेश पलायन हुने सोचमा छन् । 'खेलेरै मात्र जीवन बिताउने स्थिति नेपालमा बनिसकेको छैन । त्यसैले मैले अध्ययन अगाडि बढाउने योजना बनाएको छु', अध्ययनका लागि बेलायत जाने सोचमा रहेका कनिष्क बताउँछन् । उनी बिबिए पहिलो वर्षका विद्यार्थी हुन् । 'बेलायत क्रिकेटको जननी भएकाले गर्दा पनि सुरुमा बेलायत रोजेको हुँ', क्रिकेटसँगको आफ्नो लगाव उजागर गर्दै उनी भन्छन् । ■




तेजबहादुर बस्नेत

थालेका छन् 'हामी पनि सचिन तेन्दुलकर बन्न सक्छौं ।'

स्कूलका केटासाथीले खेलेको हेरेर क्रिकेट खेलप्रति आकर्षित भएकी १६ वर्षीया अञ्जना सिग्देल साथीहरूको उत्साहले यो खेलतर्फ थप आकर्षित भएको बताउँछिन् । उनी भन्छिन्, 'हामी पनि त खेल्न सक्ने रहेछौं जस्तो लागेको छ ।' नेपालगन्जका ४ सय २० जति छात्राहरूले एकाएक क्रिकेटप्रति आफ्नो उत्साह जनाउँदै नाम टिपाएका बेला नयाँ सोचका प्रारम्भकर्ता तथा नेपाली राष्ट्रिय टोलीका पूर्वकप्तान लेखबहादुर क्षेत्री आफ्नो सोचप्रति गौरवान्वित बनेका छन् यति बेला । 'क्रिकेट केटाले मात्र खेल्न सक्छन् भन्नेहरूलाई चुनौती दिएका छन् यी छात्राहरूले,' उनी पहिलो वर्ष नै क्रिकेट खेल्न ६ सय ६० छात्राहरूले नाम टिपाएको सुनाउँछन् ।

नेपाली क्रिकेटमा महिला सहभागिताका लागि लामो समय काम गरेका लेखबहादुरसँग तितो अनुभव पनि छ । 'छात्रा क्रिकेटको प्रतियोगिता गर्ने सोच र योजनाबारे जब मैले धेरै व्यक्ति र विद्यालयसँग कुरा राखें, त्यस बेला कसैले पनि बाँके जिल्लाका छात्राहरूले क्रिकेट खेल्न सक्छन् भन्ने पत्याएका थिएनन् । कतिपयले भलिबलको नेट कटाउन धौ-धौ पर्ने छात्रालाई क्रिकेटजस्तो गाह्रो खेल सिकाउन असम्भव हुने बताएका थिए ।'

तर पहिलो दिन नै मैदानमा ओइरिएको छात्राहरूको भीडले यो भन्नेको मुखमा बुझो मात्र लगाएन, महिलालाई पुरुषसरह क्रिकेट खेलाउन हौसिएका लेखबहादुरसमेत उत्साहित भए ।

पछिल्लो तीनवटा स्कुलस्तरीय क्रिकेट प्रतियोगिता खेलेर माहिर बनिसकेकी महिला क्रिकेट खेलाडी अञ्जना भन्छिन्, 'स्कुल छोडिसकेपछि पनि कलेजमा यो खेललाई निरन्तरता दिनेछु ।' गत महिना नेपालगन्जमा सम्पन्न छात्रा क्रिकेट प्रतियोगितामा उत्कृष्ट घोषित दुर्गा रावत यो खेलले आत्मविश्वास बढेको बताउँछिन् । 'महिला क्रिकेटले ममा परिवर्तन ल्याएको मात्र होइन, हीनताबोध कम गर्न समेत मद्दत पुर्‍याएको अनुभव गरेकी छु', उनी भन्छिन् । सुरुमा महिलाले पनि क्रिकेट खेल्न सक्छन् भन्नेमा धेरैलाई शंकै थियो । तर, नेपालगन्जका छात्राहरूले क्रिकेटप्रति देखाएको लगाव र आत्मविश्वासबाट अहिले सबै अचम्भित छन् ।

लैंगिक समानताका लागि सरकारले पनि ध्यान पुर्‍याउन नसकेको ठाउँमा नयाँ इतिहास कोर्न लागी परेका लेखबहादुर भन्छन्, 'हामीले जे गरेका छौं, यसतर्फ राखेप र क्यानले अहिले पनि ध्यान दिन सकेको छैन ।'

बाँकेले महिला क्रिकेटको निरन्तरताका लागि यो महिनाको अन्तिम साता छात्रास्तरीय क्रिकेट प्रतियोगिता आयोजना कोहलपुरको स्थानीय क्रिकेट मैदानमा गर्ने पक्का भएको छ । ■

# महिलाको स्वास्थ्य

नेपालमा जहाँ बर्सेनि हजारौं आमाहरू बच्चा पाउन नसकेर मर्ने गर्छन् भने प्रसूतिका कारण मर्नेहरू झनै बढी छन् ।




**महिलाहरूको स्वास्थ्य** उपचारमै आफ्नो जीवन महिलाहरूको उपचारमा खर्चिएकी डा. सरस्वती पाध्येले 'आमा बन्नु एउटा महत्त्वपूर्ण कुरा हो' नामक पुस्तक सार्वजनिक गरेकी छन् । लेखक आफैं महिला र स्त्रीरोग विशेषज्ञ समेत भएका कारण पनि यसभित्र लेखिएका गर्भावस्थामा महिलाहरूमा देखिने समस्याका बारेमा सरल घरेलु उपचारको विधि सिकाइएको छ । पक्कै पनि आफूलाई जन्म दिने आमा अत्यन्त महत्त्वपूर्ण हुन्छिन् । पुस्तकमा लेखिकाले आमाको महत्त्वलाई समेत स्थान दिएर थप रोचक बनाएकी छन् ।

नेपाल यस्तो मुलुक हो जहाँ बर्सेनि हजारौं आमाहरू बच्चा पाउन नसकेर मर्ने गर्छन् भने प्रसूतिका कारण मर्नेहरू झनै बढी छन् । यो परिमितिमा लेखिकाले महिलाहरूले गर्भावस्थामा गर्नु पर्ने साधारण सचेतनाका जानकारीका साथै नयाँ प्रविधिको प्रयोगको फाइदा बेफाइदाको बारेमा सरल ढंगबाट प्रस्ट पारेकी छन् । त्यसमा पनि सबैभन्दा राम्रो खुराक गर्भावस्थामा महिलाले गर्नु पर्ने शारीरिक व्यायामलाई जो कोहीले पनि सजिलै बुझ्न सक्ने गरेर तस्वीरसहित व्याख्या गरेकी छन् ।

पाध्येको यो पुस्तक प्रसव पीडामा छटपटिएर ज्यान गुमाउने हजारौं महिलाहरूको लागि जीवनरक्षक बन्न सक्छ । विशेष गरेर नेपालका दुर्गम क्षेत्रका महिलाहरूको पहुँचमा यो पुस्तकलाई पुऱ्याउने हो भने जीजिविषा नै हुनेछ उनीहरूको लागि । पुस्तकको भाषा शैली पनि सरल खालकै छ । ■


# मुलुकको यथार्थ

**प्रशासनको उच्च** ओहदामा पुगेर पनि साहित्य सृजनामा उत्तिकै लागी पर्ने सर्जक हुन् डा. विमलप्रसाद कोइराला, जसले करिब तीन दशक लामो जागिर यात्राका क्रममा पनि साहित्यलाई कहिल्यै थाती राखेनन् ।

असोजमा मुख्य सचिवबाट अवकाशपछि स्वभाविक रूपमा उनको ध्यान सृजनामा बढी केन्द्रित भयो । यसैबीच नयाँ कृति 'स्लोग्यान ! यस आइ राइट स्लोग्यान' उनको सृजनशीलताको पछिल्लो नमुना हो । कविले विभिन्न समयमा रचेका नेपाली कविताहरूको अंग्रेजी अनुवादको यो पुस्तक आफैंमा रसिलो छ । यद्यपि, यस पुस्तकमा अनूदित अधिकांश कविता नेपाली भाषामा पहिल्यै नै पाठकसामु आइसकेका हुन् ।

कोइरालाले नेपालीमा लेखेको कविता रमेश भट्टले अनुवाद र नगेन्द्र भट्टराईले सम्पादन गरेका छन् । अंग्रेजी साहित्यका गुरु भट्टराईको योगदानले कविता सहज र मिठासपूर्ण भाषामा अनूदित भएको छ ।

मातृभाषाको कवितालाई पराई भाषामा अनुवाद गर्दा पनि उत्तिकै सुरुचिपूर्ण बनेको छ पुस्तक । मौलिकता मर्न दिइएको छैन । तीन दर्जन कविता समेटिएको पुस्तक भट्टराईको अथक परिश्रमको




पनि परिणाम भएको स्वयं कविले नै बताएका छन् ।

अधिकांश कविता यथार्थपरक छन् । मुलुक, राजनीति, प्रशासनको अकर्मण्यतालाई तिखो प्रहार छ । पुस्तकमा समेटिएको 'द कन्ट्री एन्ड द डेस्टिनी' (मुलुक र गन्तव्य) कविता कोइरालाले मुलुकको यथार्थलाई भावपरक शैलीमा मिहीन ढंगले शब्दमा उतारेका छन् भन्ने ज्वलन्त उदाहरण हो । उक्त कविताको केही हरफको नेपाली भावानुवाद यस्तो छ:

***मद्धिम राप***
***तुवाँलोले ढाकिएको उज्यालो***
***काठमाडौं शक्ति पैदा गरिरहेछ***
***फोहोरको डुंगुरभित्रबाट म देख्छु***
***राजधानीसहित सारा देश जलिरहेछ***
***मुलुक अनिश्चियमा छ अस्थिरतामा छ***
***आगो दन्किरहेछ***
***विभाजन***
***वर्ग, जाति र सम्प्रदायमा विभाजित छ***
***मुलुक***
***सगरमाथा, अन्नपूर्ण र धौलागिरी पनि***
***विभाजित भएका छन्*** ■

# सुकन्या अर्थात् नीलिमा

■ शर्मिला खड्का (दाहाल)

**तातो नारीको निश्वासले** स्पर्श गर्छ, ब्यूँझन्छु । आँखा मुस्किलले उघ्रन्छन् । फेरि बन्द हुन्छन् । सबै इन्द्रिय निस्क्रिय छन् । विस्तारै परिवेशको जानकारी लिन खोज्छु तर सक्दिनँ । इन्द्रिय परिचालन गर्न खोज्छु । कसो-कसो दाहिने हात उठेर नारी शरीरको मुखमा पुग्छन् । ऊ मेरो देब्रेपट्टिको छातीमा आफ्नो छाती जोडेर सुतेकी छे । मुस्किलले नाकमा फुली छ भन्ने थाहा पाउँछु । उसको आधा शरीर मेरो शरीरमा छ । जीउ शिथिल छ, अरू कसैको जस्तो लाग्छ । बोल्न खोज्छु, शब्द निस्कँदैनन् । मुटु र मस्तिष्कको तालमेल मिलेको छैन । मस्तिष्क शून्य छ । केही सोच्ने शक्ति छैन । केही समयपछि मस्तिष्कलाई झट्का दिन्छु ।

म कहाँ छु ? कोसँग सुतिरहेको छु ? कतै धेरै पिएर यी नारीको भविष्य त बिगारिनँ ? अहँ, मैले अहिलेसम्म कहिले कुनै स्त्रीलाई यौनवासनाको नजरले हेरिनँ । त्यसो भए मसँग सुत्ने यी नारी को हुन् ?

म सायद कुनै जंगलको सानो झुपडीमा छु । बाहिर चराचुरुङ्गीको चिरबिरले उज्यालो हुन लागेको संकेत दिइरहेका छन् । म पश्चिमको विकट पहाडी जिल्लामा सिडिओ भएर खटिएको छु । म अझै सम्झन खोज्छु ।

म अहिले यहाँ छु । हिजो कहाँ थिए ? के गर्दै थिए ? म मस्तिष्कलाई अझ बढी क्रियाशील पार्छु । अचेतनका सारा बिम्बहरू चेतका किरणले बिलाउँदै जान्छन् ।

'खबरदार ऽ ऽ... फायर... ठोक... आत्मसमर्पण गर... हामीले सदरमुकाम कब्जा गरिसक्यौँ... आधारऽ ऽ... प्रतीकऽ ऽ.... अघि बढ्.... मोर्चा ली..... धड्याम्म ऽ ऽ.. ड्याम्म ऽ ऽ... फायर... ड्याम्मऽ ऽ....'

चारैतिर बन्दुक पड्किरहेछन् । छिनछिनमा बम पड्किरहेछन् बजार नै थर्कने गरी । जताजतै क्रन्दन छ, रोदन छ, चिच्याहट छ । गोलीहरू छानामा असिना बर्सेझैँ बर्सिरहेका छन् । केही छिनअघि एउटा व्यक्ति 'बत्ती निभा..' भन्दै थियो । त्यसको केही छिनमै बत्ती गयो । सायद ट्रान्समिटर उडाइदिए होलान् । बिजुली चम्केर चट्याङ परेझैँ बेलाबेलामा आवाज र उज्यालो एकैसाथ आइरहेको छ ।

म सिडिओ-क्वार्टरमा छु । भरखर सुत्ने तरखर गर्दै थिएँ । तर, भीषण युद्ध सुरु भयो । मृत्युलाई यति नजिकैबाट कहिल्यै देखेको थिइनँ । हुनत सिडिओ भएर यहाँ आउने बेलै मृत्युलाई शुभकामना दिएर आएको थिएँ । तर, कल्पना र यथार्थमा धेरै फरक पर्दो रहेछ ।

म नर्भस भइसकेको थिएँ । फोन गर्न टेलिफोन तान्छु । झ्यालनिर गोली ठोकिन्छ, तर्सिन्छु । खाटमुनि पस्छु । एकछिनमा फोन बज्छ । मुस्किलले उठाउँछु । उता डिसपी थिए ।

'सर के गरौँ ? आत्मसमर्पण गर भन्दै छ ?'

'सुरक्षा गर्ने तपाईंहरूको काम हो, जे गर्नुहुन्छ गर्नोस् । अब बाँचिदैन', म निराशा मिसिएको अभिव्यक्ति दिन्छु ।

'आत्मसमर्पण नगरौँ । सेना मुभ हुँदै छ रे ।'

'तपाईंहरूको जो विचार ।'

कुराकानीपछि म माथिल्लो तलाबाट तल्लो तला झर्छु । पिउन र अर्को स्टाफका परिवार खाटमुनि पसेका छन् । बाहिर एकनासले भयानक आवाज आइरहेको छ । छटपटाउँछु । भुइँमा पल्टन्छु । सबै रुवावासी गरिरहेछन् । कसैले कम्पाउन्डको गेट फोर्न खोज्दै छ । अझ त्रसित हुन्छु । मुख सुकेर आउँछ ।

पछाडिको ढोकाबाट बाहिर निस्कन्छु । क्वार्टरपछाडि ठूलो भीर छ । तल सुनसान छ । न आवाज, न उज्यालो । झट्ट दिमागलाई कम्प्युटरझैँ परिचालित गर्छु । डोरीको खोजीमा भित्र पस्छु तर कतै देख्दिनँ । छेउमा पिउनकी श्रीमतीको फरिया देख्छु । त्यहीँ टिपेर बाहिर निस्कन्छु । बाहिर गेटमा जोडजोडले हिर्काइरहेका छन् ।

अत्यन्त चाँडो फरियालाई एउटा रूखमा बाधेर आफू तल झर्छु । केही तल पुगेपछि फरिया रूखबाट फुस्कन्छ । म फरियासँगै लटपटिएर निकै तल एउटा सानो गोरेटोमा पछारिन्छु । जीउभरि चोटैचोट छ । डर र त्रासले पीडा महसुस हुँदैन । कतै घर देख्दिनँ । अझ तल झर्छु । निकै तल पुगेपछि भीरमुनि एउटा सानो झुपडी देख्छु । मुस्किलले फेरि फरियालाई रूखमा बाँधेर भीरबाट तल झर्छु । यसपालि काँडाले मेरो शरीरभरि घावैघाउ बनाउँछ । तर, शरीरको पीडा मानसिक पीडाले सजिलै निल्छ । मुस्किलले झुपडीमा पुग्छु । ढोकामा ताला लगाइएको छ । तालामा झुन्डिन्छु । म उभिने अवस्थामा छैन । ताला फुस्कन्छ । ताला फ्याँक्छु र कोठाभित्र पस्छु । घरभित्र कोही छैन भन्नेमा निश्चिन्त हुन्छु । भित्र पसेर ढोका लगाउन खोज्छु, न चुकुल भेट्छु, न आग्लो । ढोका ढप्काएपछि भुइँमा पछारिन्छु । फेरि उठ्न प्रयास गर्छु तर सक्दिनँ । त्यसपछि के भयो, मलाई थाहा छैन ।

यतिखेर चाहिँ मलाई निकै होस आइसकेको छ । यो नारी शरीर मृत हो कि जीवित ? म छाम्छु । त्यहाँ कोही पनि छैन । यो भ्रम हो वा भूत, चुडैल हो कि ? सशंकित हुन्छु । शंकास्पद दृष्टि दौडाउँछु वरिपरि । कतै कुनामा नारी शरीर बत्ती बाल्दै गरेको देख्छु । ऊ बत्ती लिएर नजिकै पिर्कामा बस्छे । ऊ अनुहार मेरो अनुहारको विपरीत फर्काउँछे । म राम्ररी चिन्दिनँ । उसको ध्यानाकर्षण गर्न चटपटाउँछु अनि मुखबाट उच्छ्वास निकाल्छु । ऊ मतिर मुख फर्काउँछे र मलाई हेर्छे । उसको अनुहारमा केही लज्जा, केही आक्रोश र केही धैर्य छ ।

विस्तारै त्यो अनुहार परिचित लाग्छ । अचम्मका विस्फारित आँखा ओछ्याउँछु, 'तिमीऽऽ !'

'हो सर.. म सुकन्या.।'

उसको सौम्य अनुहार, स्निग्ध र निश्चल हेराइले मलाई मोहित पार्छ । केही सम्झेजस्तो गर्छु । मैले चिनेका थोरै राम्रीमध्ये सुकन्या पनि पर्छे । ऊ कसरी यहाँ आइपुगी ?

'सरलाई म कसरी यहाँ आएँ भन्ने लागेको होला, हामी राति सदरमुकाम हान्न आएका थियौँ । फर्कंदा जन्मेको घरमा पसेर आमासँग भेट गरूँ भनेर साथीहरूलाई छलेर पसेकी थिएँ । सरलाई भुइँमा लडेको देखेँ । सुरुमा त आमा लड्नु भएछ भन्ने सोचेँ तर बत्ती बालेर हेर्दा सर हुनुहुँदो रहेछ । रगत धेरै बगेको थियो । मैले मसँग भएका औषधी लगााइदिएकी छु । सर बेहोस हुनुहुन्थ्यो ।



मैले उचाल्न सकिनँ । यही भुइँमा ओछ्यान बनाएर सुताएँ । चिसो धेरै भएकाले सरलाई होस आउन गाह्रो होला भनेर मैले आफ्नो शरीरको तातो दिएँ ....।' उसले अन्तिम वाक्य मुस्किलले भनी । बत्तीको उज्यालोमा लज्जाबोधले उसको अनुहार राताम्मे देखिन्थ्यो ।

एक वर्षअघि ऊ माओवादी भई रे भन्ने हल्ला चलेको थियो । ऊ मेरो अफिसमा नागरिकताका लागि आएकी थिई । हुनत त्यसअघि पनि ऊ आफ्नो अफिसको काम लिएर आउने गर्थी । तर, नागरिकता लिने बेला उसको र मेरो राम्ररी चिनजान भएको थियो ।

उसले भनेकी थिई, 'सर मेरो नागरिकता बनाउनुपर्‍यो । एउटा स्वास्थ्यसम्बन्धी एनजिओमा काम गर्दै छु । नागरिकता भएपछि स्थायी हुन्छ । नत्र भने दुई महिनापछाडि मैले जागिर छोड्नु पर्छ ।'

मैले भनेको थिएँ, 'नागरिकता लिन बुबाले सनाखत गर्नुपर्छ । तिम्रो बुबा छन् कि छैनन् ?' ऊ कलकलाउँदी उन्नाइस-बीस वर्षकी युवती थिई ।

'सर बुबा हामीसँग हुनुहुन्न । त्यसैले नागरिकता लिन गाह्रो भयो । बरु सरले कुनै उपाय बताइदिनुहुन्थ्यो कि ? त्यसका लागि म जे गर्न पनि तयार छु । सरले चाहनुभयो भने नागरिकता लिन गाह्रो हुन्न रे ।' एउटी युवतीले जे गर्न पनि तयार छु भन्दा मेरो नैतिकता जुरमुराउँछ । 'होइन तिमी के भन्न खोज्दै छौ । कस्तो जे गरेर भए पनि भनेको । बाउबिना कहीँ नागरिकता हुन्छ ?' मेरो आवाजमा शक्ति र सम्पन्नताको गन्ध थियो ।

ऊ नम्र हुन्छे, 'हैन सर । मेरो मतलब त्यो होइन । पहिलाका सिडिओसाबले जस्तोसुकै गाह्रो काम पनि मिलाउनुहुन्थ्यो भन्ने सुनेर मात्र भनेकी हुँ । मैले नागरिकता पाइनँ भने जागिरबाट निकालिन्छु । मेरो भविष्य अन्धकार हुन्छ । काठमाडौँतिर आमाको नागरिकताले पनि पाउनुपर्छ भन्ने हल्ला छ रे, त्यसैले भनेकी ।'

यो केटी बाठी र निडर रहिछ । पहिलाको सिडिओबारे पनि थाहा रहेछ । योसँग धेरै विवाद गर्न ठीक हुँदैन । फेरि मजस्तो कुनै हाकिमले यौनवासनाले अन्धो भएर यसकी आमाको हरहराउँदो बैंसमा चैतको डढेलो सल्काएर कतै हराएको हुनसक्छ । त्यसको रापले यो अबोध केटीको भविष्य पिल्सिरहेको छ ।

ऊ सकारात्मक उत्तरको प्रतीक्षामा छे । म भन्छु, 'तिमीलाई थाहा हुनुपर्ने हो आमाबाट नागरिकता दिने कानुन हाम्रो देशमा बनिसकेको छैन ।'

ऊ घुकघुक गर्दै रुन्छे । म किंकर्तव्यविमूढ हुन्छु ।

केही छिनपछि शान्त भएर भन्छे, 'सर मेरो बुबा पनि तपाईंजस्तै अफिसको हाकिम हुनुहुन्थ्यो रे ।'

ओहो ! कल्पना गरेको ठ्याक्कै मिलेछ ।

'सर तपाईं नै बुबा भएर मलाई नागरिकता मिलाइदिनोस् न ।'

हैन, यो केटी कति निडर रहिछे । सिडिओको अगाडि यस्तो कुरा गर्ने । फेरि म यसको बुबासमान कहाँ छु र ? हुनत देख्ने जो कोहीले मलाई उमेरभन्दा दसवर्ष जेठो ठान्छन् । सायद यो मेरो तालुको करामत हो ।

'यो कसरी सम्भव छ । सिडिओ भएर आफैं गलत बाटो रोज्न मिल्छ ? ल भन त ।' म मध्यस्थता गर्न खोज्छु, उसको विचार र मेरो भनाइबीच ।

त्यसपछि दुई चारचोटि ऊ मेरो अफिस धाई । नागरिकता पाउन असम्भवजस्तै भएपछि ऊ धाउन छोडी । माओवादी भई रे । ऊसँग सतर्क हुनुपर्ने स्टाफबाट सुनेको थिएँ ।

'सर के सोच्नु भएको ? अब मलाई राम्ररी चिन्नु भयो, होइन ?' उसको मलीन स्वरले मेरो एकाग्रता भंग हुन्छ । म वर्तमानमा आउँछु ।

अहिले त यो केटी अझ बढी निडर, स्वाभिमानी र तर्कशील देखिन्छे । मृत्युको भय पचाएर आएकी छे, त्यसैले उसको अनुहारमा कुनै भय छैन, त्रास छैन । क्रान्तिको आगोमा आफ्नो जीवन होमेकी छे । यस्ती कलकलाउँदी सुकोमल शरीर भएकी युवती किन होमिएकी होला यसरी आगोमा ?

'सरले सोच्तै हुनुहुन्छ, म किन र कसरी माओवादी भएँ भनेर, होइन सर ? म रहरले माओवादी भएको होइन । मेरो नागरिकता बनेको भए म माओवादी हुने थिइनँ । मेरो जागिर स्थायी हुन्थ्यो र आमालाई राम्रोसँग पालेर बस्न सक्थें । तर, मेरो जागिर छुट्यो । घर बस्न बाध्य भएँ । त्यसपछि चिनेका साथीभाइले माओवादीमा जाऔं, देशलाई क्रान्तिकारी योद्धाको खाँचो छ भन्न थालें । त्यसपछि म माओवादी भएँ ।'

'तिमीलाई गोलीबारुदसँग डर लाग्दैन ?' म प्रश्न गर्छु ।

ऊ निर्भीक हुन्छे, 'केको डर ? हाम्रो देशलाई युवाको बलिदान चाहिएको छ । भ्रष्ट र दुष्ट सामन्तको नाश गर्नु छ । हामी रातदिन दुःख गरेर एकछाक खान पाउँदैनौं । उनीहरू मोज गरेर बसेका छन् । हामीले नयाँ नेपाल बनाउनु छ । त्यसैका लागि हामीले क्रान्ति गर्नु परेको छ । माओको सिद्धान्तअनुरूप शोषित वर्गलाई उठाउनु छ सर ।' ऊ केही सम्झेजस्तो गर्न थाली ।

मलाई उनीहरूको पार्टीका कमजोरीहरू भन्न मन थियो । भन्न मन थियो, 'सुकन्या, आगोको रापमा फूलहरू फुल्न सक्दैनन्, बम र बारुदको गन्धमा फूलको वासना अटाउन सक्दैन ।' तर, शरीरको असमर्थता र प्रतिकूल परिस्थितिले गर्दा मैले केही बोलिनँ । ऊ पार्टीको सिद्धान्तबाट अत्यन्त प्रभावित देखिन्थी ।

सारा शरीर दुखिरहेको छ । म उच्छ्वास लिन्छु, 'ऊफ !'

ऊ भन्छे, 'सरलाई साह्रै दुखिरहेको होला, म पेनकिलर दिन्छु ।'

कतै कुनाबाट औषधी र पानी झिकेर मलाई दिन्छे । मेरो एउटा खुट्टा चलाउन सकेको छैन । धेरै ठाउँमा घाउ भएको रहेछ । मजाले दुख्दैछ । उसले सफासुग्घर गरेर औषधी लगाइदिएकी रहिछ । अहिले थाहा पाउँदै छु ।

मेरो ध्यान उसको साडीचोलोमा पर्छ । म भन्छु, 'तिमी सदरमुकाम हान्न आएकी मान्छे, साडीचोलो..?'

'यी त मेरी आमाका हुन् । कम्ब्याक्ट ड्रेसमा बसे खतरा हुन्छ भनेर लुकाएर राखेकी छु ।'

यो केटी साह्रै बाठी भइछ ! मनको कुरा कति चाँडो बुझ्दिरहिछ ! यो केटी किन यसरी मेरा लागि ज्यान खतरामा पार्दै छे ?

'सर, मैले पार्टीमै मनोविज्ञानबारे केही कुरा पढेको छु र म केही पढेकी हुनाले काउन्सिलिङसम्बन्धी तालिम पनि लिएकी छु । त्यसैले अहिले सरले के सोच्न सक्नुहुन्छ, म सजिलै अनुमान लगाउन सक्छु । सरले सोच्नुभएको होला, मैले यो खतरा किन उठाइरहेकी छु भनेर, जतिसुकै कठोर र निर्दयी देखिए पनि हामीभित्र पनि मानवता छ । संवेदना छ । सरको हालत देखेर मलाई छोडेर जान मन लागेन । हुनत सरका अगाडि हामी भुसुनासरह हौं, हाम्रो जीवनको कुनै मूल्य छैन तर मैले सरको जीवन बहुमूल्य ठानेको छु । सरका पछाडि धेरै आशाका गोरेटा छन् । मेरो जीवनको कुनै भर छैन । कुनै मूल्य छैन । न आशा छ, न भविष्य । मेरी आमाले पनि मलाई छोडेर हिँड्नु भएछ ।'

ऊ धेरै गम्भीर भई ।

यति राम्री युवतीले यस्तो भन्दा मेरो आत्मा छटपटायो । यति सुन्दर शरीर, यति उचाइको बौद्धिकता भएकी केटीले ठाउँ पाउँथी त संसारलाई वशमा पार्थी तर विडम्बना ! यति सुन्दर हातहरूले बम र गोला खेलाइरहेका छन् । यहाँ सुकन्याजस्ता धेरै कन्या छन् जो आफ्नो उज्ज्वल भविष्यको सपनालाई बलिदान दिँदै क्रान्तिको यज्ञमा होमिएका छन् ।'

हामी गफ गर्दा राम्ररी उज्यालो भइसकेको थिएन । उसले गाग्रीमा कतैबाट पानी लिएर आई । कोठाको कुनामा रहेको ओदानमा आगो बालेर पानी तताई । कतैबाट मकै खोजेर ल्याई र भुट्न थाली । बाहिर राम्रै उज्यालो भइसकेको थियो । हाँडीको मकैजस्तै मेरा भावना कहिले फूल बन्दै कहिले ठेट्ना बन्दै उचालिँदै पछारिँदै थिए ।

हामी दुईधारमा बगेका विपरीतलिंगी थियौं । म राज्यमा शान्तिसुरक्षा गर्न खटिएको एउटा पुरुष कर्मचारी थिएँ भने ऊ क्रान्तिले सरकारी कार्यक्रम असफल पार्न खटिएकी महिला छापामार । ऊ मृत्युलाई हाँक दिन सक्थी, म मृत्युदेखि भाग्ने डरछेरुवा थिएँ । मसँग धेरै आशा, विश्वास, चाहना थिए, ऊ भने आशाहीन जीवन लिएर बारुद र गोलामा आफ्नो भविष्य साटिरहेकी थिई ।

'सर', ऊ मेरो एकाग्रता पुनः भंग गर्छे, 'म खबर पठाएर सरलाई मान्छे लिन पठाई दिन्छु । हुनत रात परेपछि म हिँड्दा ठिक हुन्थ्यो, तर साँझ परुन्जेल सरको स्वास्थ्यस्थिति बिग्रिन सक्छ । त्यसैले अहिले नै खबर दिएर बाटो लाग्छु ।'

ऊ मकै खाँदै मालसामान मिलाउन थाली । मैले पनि अलिकति खाएँ । उसले हतार हतार एउटा सानो कागजमा केही लेखी र पुलुक्क मेरो मुखमा हेरी । ऊ गम्भीर र संवेदनशील हुँदै भन्न थाली, 'कतै भेट भयो भने नबिर्सनुहोला, कतै नीलिमा नाम पढ्नुभयो वा सुन्नुभयो भने सम्झनुहोला । सरको स्वाथ्य चाँडै राम्रो होस् । म अब लाग्छु ।'

उसको कुराले म विह्वल र गम्भीर बनें । एकातिर उसको ज्यानको खतरा थियो भने अर्कोतर्फ मेरो स्वास्थ्यस्थिति बिग्रँदै गएको थियो । मुस्किलले भन्छु, 'सुकन्या, आत्मसमर्पण गर, म तिम्रा लागि बोल्नेछु ।'

'सर धेरै ढिलो भइसक्यो । मैले फर्कने सारा बाटाहरू बन्द भइसके । मैले आत्मसमर्पण गरे पनि मेरो आत्माले शान्ति पाउनेछैन । यो हाम्रो पार्टीको सिद्धान्तविपरीत छ । त्यसैले म जान्छु । मलाई मृत्युको कुनै चिन्ता छैन ।' त्यसपछि ऊ कम्ब्याट ड्रेस बोकेर बाहिरिई । ■







# बोल्छ माटो

**माटो सृष्टिको आधार हो ।** यो माटोभन्दा अलग रहेर कोही बस्न सक्दैन र कोही बाँच्न पनि सक्दैन । अरूजस्तै जापानीहरूको जीवनशैली पनि प्रभावित छ माटोबाट । अहिले आधुनिकताको शिखरमा पुगे पनि उनीहरूले माटोलाई इतिहासदेखि पढ्दै र बुझ्दै आएका छन् । माटोसित उनीहरूको सम्बन्ध कति प्रगाढ छ भने खाँदा, बस्दा, हिँड्दा हरेक ठाउँमा माटोमा आविष्कार देख्छन् उनीहरू ।

उनीहरूको कला देख्दा लाग्छ, माटोलाई जापानीहरूले जति बुझेका छन् त्यति अन्य देशका कलाकारहरूले सायदै बुझेका छन् । हो, यही भाव प्रस्ट्याएका छन् जापानी कलाकारहरूले बनाएर प्रदर्शनीमा राखिएका माटोका कलाहरूले पनि । नेपाल-जापान मैत्री सम्बन्धले ५० वर्ष टेकेको अवसर पारेर जापानी कलाकारहरूको माटाका अमूर्त कलाहरूको प्रदर्शनी सुरु भएको छ नेपाल आर्ट काउन्सिल बबरमहलमा ।

एक साताका लागि प्रदर्शनीमा राखिएका यी माटोका कलाले त्यहाँ आउने जो कसैलाई पनि एकचोटि नागासाकी र हिरोसिमाको स्मरण गराउँछ । बारुद, बम र आगोले जलाइएका र डढेका आकारमा देखाइएका अमूर्त कलाहरू बोल्छन्, 'यो युद्धले माटोमाथि देखाएको दानवीय स्वरूप हो ।' किनकि अणुबमहरूको सन्त्रास उस बेला मानिसमा मात्र परेको थिएन । ऐतिहासिक लेखोट र सदियौं लगाएर बनाएको माटाकै जीवनशैलीलाई समेत ध्वस्त पारेको थियो जापानमा । हो यिनै पीडा पोखिएका छन् प्रदर्शनीमा राखिएका माटाका कलाहरूमा ।

'यो मेरो छनोटमा परेको हो र यसले जापानीहरूले विश्वयुद्धताका खेपेको पीडा दर्शाउँछ', प्रदर्शनीमा राखिएको ज्यामितीय स्वरूप देखाउँदै कलाकारिताको नेतृत्व गरेर काठमाडौं आइपुगेका कलाकार जुगिमोटो जुनिचिरो भन्छन् ।

माटाका भाडाहरू चीन र जापानमा बढी प्रयोग गरिन्छ । तर, प्रदर्शनीकै लागि भनेर कमै बनाइन्छन् । तर, यी माटाका कलाहरूमा बेजोड कलाकारिता दर्शिने विश्वास राख्छन् जापानीहरू । तर, अहिले प्रदर्शनीमा ल्याइएका सामग्रीहरू भने प्रयोगका लागि नभएर प्रदर्शनीकै लागि बनाइएको बताउँछन् जुनिचिरो । 'उस बेलाको जीवनशैली, अवस्था र पीडा देखाउनकै लागि पो बनाएका थिए कि ?', जुनिचिरो जिज्ञासा पोख्छन् ।

३४ जना कलाकारहरूले बनाएका ४३ वटा सिर्जना प्रदर्शनीमा राखिएका छन् । जापानीहरूले भोगेको युद्धको पीडा, जीवनशैली र प्रगतितर्फ उन्मुख वर्तमान जापानलाई मात्र देखाएका छैनन् आफ्ना सिर्जनामा, उनीहरूको मानसपटलमा युद्धले पारेको गहिरो र कहिल्यै नमेटिने छापसमेत देखाउने प्रयास गरेका छन् कलाकारहरूले ।

'१९५० देखि १९९० भित्र जापानी कलाकारहरूले जापानमै बनाएका माटाका कला संकलन गरेर प्रदर्शनीका लागि नेपाल ल्याइएका यी कला जस्तै निश्चल र निष्कपट रहोस् दुई देशबीचको सम्बन्ध', यही सन्देश रहेको छ यी कलाकारिताभित्र ।

■ **ज्योति देवकोटा/काठमाडौं**




राना युवतीहरू होली खेल्न अघि जुट्दै

# विनारंगको होली

**रंगको पर्व होली** सकिएको एक साताभन्दा बढी भइसक्यो। तर, कञ्चनपुरका ग्रामीण क्षेत्रमा यस पर्वको ज्वरो हट्न सकेको छैन। उनीहरू उन्मुक्त भएर होली खेलिरहेका छन् तर विनारंगको। अनि गाउँदै छन् :

*'नाचे गावे*
*कृष्ण बजावे ढोल*
*लाल मथुरा से*
*होली आवे'*

कैलाली र कञ्चनपुरमा मात्र राना थारू बसोवास रहेको यो जातिका परम्परा चौधरीभन्दा भिन्दै छन् भने भाषासमेत फरक छ। आफूलाई महाराणा प्रतापका सिपाही मान्ने यो जाति मुगल सम्राटसँगको युद्धपछि पलायन हुँदै भारतबाट नेपाल पसेको मान्छन्। पलायन हुँदा वृन्दावनमा होली उत्सव उत्कर्षमा थियो। उनीहरू पनि होली खेल्दै डेढ महिना हिँडेर हाल उत्तराञ्चलको सितारगन्ज पुगे। यसरी पुग्नेहरू १२ परिवार थिए। त्यसैले अहिले पनि सितारगन्जमा बाह्र राना गाउँ छँदै छ। यिनै १२ राना परिवारबाटै यो जाति फैलिँदै नेपाल पुगेको मानिन्छ। चौधरीहरूले माघीलाई ठूलो पर्व मानेझैं राना थारूले होलीलाई मान्ने गरेका छन्।

वृन्दावनबाट सितारगन्ज पुग्दा डेढ महिना चलेको यो पर्व अहिले आठ दिनमा सीमित भएको छ। होली पूर्णिमाको भोलिपल्टबाट राना थारूहरूको यो महत्त्वपूर्ण पर्व सुरु हुन्छ। पहिलो दिन रंगको होली खेलिन्छ भने बाँकी दिन विनारंग नाचगान गरेर रमाइलो गरिन्छ। उनीहरूले गाउने गीत कृष्णलीला र मथुराको परिवेशसँग मेल खान्छ। परम्परागत पोसाकमा सजिएका युवायुवती मिलेर ढोलको तालमा विस्तारै देउडा शैलीझैं लाग्ने गरी आँगनमा घुम्छन्। युवायुवतीको संयुक्त होली नृत्य सकिएपछि युवतीहरूको बेग्लै शैलीको होली प्रस्तुत गरिन्छ।

यसको रमाइलो पक्ष एक दिन एउटै घरमा मात्रै होली खेल्नु हो। जसको घरमा होली खेलियो उसले होली समूहका लागि खानपिन र मदिराको व्यवस्था गर्नुपर्छ। पहिलो दिनको होली गाउँको प्रमुख मानिस 'भलमन्सा'कहाँ खेलिन्छ।

सुदूरपश्चिम समाजमा लैंगिक धार्मिक भिन्नताको अपवाद हो यो समुदाय। यिनीहरू जब होलीमा मात्तिन्छन्, पारिवारिक सम्बन्ध र महिला पुरुषको भिन्नता टाढा भाग्छ। एक-अर्कालाई साथीको रूपमा अँगाल्दै आफ्नै दुनियाँमा हराउँछन्। पुरुषहरू लँगौटी घुँडासम्म पुग्ने कमिज लगाउँछन्। महिलाहरू घँगरिया, झिमरी साथमा कुर्कुच्चा चुम्ने कालो दोपट्टा बाँध्छन्। गोलीगाँठामाथि झन्डै दस इन्च जति चाँदीका गहना लाउने थारू युवतीहरूका लुगामा गाँसिएका भारतीय सिक्का, ऐनाको सिसा आकर्षक देखिन्छन्। चोलीमा गरिएको बुट्टाको मेहनत उसै झल्किन्छ जसमा उनीहरू बिछट्टै राम्रा देखिन्छन्।

■ **श्याम भट्ट/दैजी, महेन्द्रनगर** (तस्वीर पनि)




# उच्च उडान

**सानैमा उनको** एउटै सपना थियो पाइलट बनेर आकाशमा उड्ने। सन् १९८३ को एसएलसी परीक्षामा बोर्ड चौथो हुँदा र १९८५ मा काठमाडौंको अमृत साइन्स क्याम्पसबाट आइएस्सी पूरा गरिसक्दा पनि उनी उड्नै चाहन्थे। बुबाको डाक्टर र आमाको इन्जिनियर बनाउने चाहना थियो। राजेश शाक्य न पाइलट बने, न त डाक्टर न इन्जिनियर नै।

तैपनि उनी उड्न भने सफल भएका छन् इन्फरमेसन टेक्नोलोजी (आइटी)को विराट आकाशमा स्वच्छन्द उडान भर्दै छन्, राजेश। त्यही उडानको प्रतिफलस्वरूप उनी अहिले मुलुककै सफल आइटी विज्ञ बनेका छन्। उनको सफलताको कदरस्वरूप बोस म्यागजिनले हालै 'बेस्ट इन्टरपेनर आइटी अवार्ड'बाट सम्मानित गऱ्यो उनलाई। यो अवार्ड उनले लगातार तेस्रो वर्ष जितेका हुन्।

'आमा-बुबा र म आफैंले सोचेजस्तो मान्छे बन्न नसके पनि आइटी क्षेत्रमा लागेर खुसी छु', ३९ वर्षअघि भोजपुर टक्सारमा जन्मिएका राजेश भन्छन्। उनी सन् १९८७ मा छात्रवृत्तिमा तत्कालीन सोभियत संघको युक्रेनमा उच्च शिक्षाका लागि जाँदासमेत उनलाई कम्प्युटरको 'क'सम्म पनि थाहा थिएन। तैपनि उनले सन् १९९४ मा विश्वविद्यालयका सबैलाई उछिनेर कम्प्युटर इन्जिनियरिङमा मास्टर्स गरे। नेपाल फर्किएपछि राष्ट्रिय कम्प्युटर केन्द्र र नेपाल बैंक लिमिटेडमा काम गरिसकेका राजेशले सन् २००२ मा एक्लैले हाइटेक भ्याली आइनेट कम्पनी खोले। उनको यो कम्पनी अन्तर्राष्ट्रिय आइएसओ पाउने पहिलो सफ्टवेयर कम्पनी हो, नेपालमा। सन् २००१ मा नेदरल्यान्डको हेगमा युएनको आइटी ट्रिब्युनलमा काम पाउँदा पनि छोडेर देश फर्किएका राजेश अहिले आफ्नो कम्पनीमा ४७ जना नेपालीले रोजगार पाएको बताउँछन्। ■



तस्बिरहरू : समय



# दौडाहामा डाक्टर

**मुलुकका अधिकांश** डाक्टर सुविधाजनक क्षेत्रमा सीमित रहेका बेलामा डा. जिराज शाक्य भने विदेशबाट फर्किएका गरिब नेपालीको व्यथा पत्तो लगाउन कुदेको कुद्यै हुन्छन्।

एचआइभी संक्रमणको मारमा पर्न सक्ने मध्य तथा सुदूरपश्चिमका गतिशील जनसंख्यालाई आफ्नो मुख्य विषय र कार्यक्षेत्र बनाएका यी डाक्टरको मुख्य काम हो तिनलाई एचआइभी/एड्सको बारेमा चेतना र परामर्श दिने। भेरी अञ्चल अस्पतालका वरिष्ठ यौन तथा चर्म रोग विशेषज्ञ डा. शाक्य विगत दुई दशक यससम्बन्धी अनुसन्धान, उपचार तथा पुनःस्थापनमा सक्रिय छन्। ११ वर्षअघि एक महिलामा एचआइभी संक्रमण भएको पहिलो केस डा. शाक्यले नै पत्ता लगाएका थिए।

'अहिले दिनहुँजसो एचआइभी संक्रमित अनुहार भेटिन्छन्', संक्रमणको समस्यालाई नजिकबाट नियालेका डा. शाक्य भन्छन्, 'प्रभावकारी कार्यक्रम नल्याए यस क्षेत्रमा एड्सले महामारीको रूप लिनेछ।' उनको अनुभवमा गरिबीका कारण भारतीय सहरमा बसाइँसराइ गर्ने यस क्षेत्रका बासिन्दापैसाको साटो यौन रोग र एचआइभी बोकेर आउने गरेका छन्।

डा. शाक्यको नेतृत्वमा रहेको संस्था एनसार्क (एसटिडी एन्ड रिसर्च सेन्टर)ले मध्य तथा सुदूरपश्चिम क्षेत्रका १७ तथा छिमेकी मुलुक भारतका तीनवटा जिल्लामा एचआइभी/एड्स नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ। फैलँदो एचआइभी संक्रमणलाई नजिकबाट नियालेका डा. शाक्य भन्छन्, 'भुसको आगोझैं एचआइभी संक्रमणले मध्य तथा सुदूरपश्चिममा डढेलो लगाइसकेको छ।' ■





युवराज घिमिरे

## शून्य समय

# आन्दोलन भड्काउनमा लिप्त छ दरवार संयन्त्र र सोच

**'आन्दोलनको सुनामी'** ल्याउने घोषणा गरेका एमाले महासचिव माधवकुमार नेपाल नजरबन्दमा छन् । गणतन्त्रको नारा दिँदै आएका नागरिक समाजका नेताहरू देवेन्द्रराज पाण्डे, मथुरा श्रेष्ठ, कृष्ण पहाडी र श्याम श्रेष्ठ तथा राजाको व्यवहारबाट उनलाई विश्वास गर्न नसकिने निष्कर्षमा पुगेका प्रखर कांग्रेसी नेता नरहरि आचार्य पनि राज्यको अन्यायपूर्ण थुनामा छन् । लाग्छ, वर्तमान सत्ताको चरित्र महाभारतकालीन कंशसँग मिल्दोजुल्दो छ । किनकि ऊ सबैसँग डराएको देखिन्छ । देवकी र वसुदेवलाई जस्तै ती नेताहरूलाई थुनेर आफ्नो निरन्तरता सुनिश्चित हुने भ्रममा ऊ बाँचेको देखिन्छ ।

नेपालको राजनीतिमा गणतन्त्र अब एउटा स्थायी विषयका रूपमा प्रवेश गरेको छ । राजाले आफूलाई अत्यन्तै लोकप्रिय, विवादरहित र प्रजातन्त्रवादी बनेर त्यो बहसलाई खालि 'प्राज्ञिक' स्वरूप दिन सक्छन् । तर, अहिले खासगरी दरवार संयन्त्र र राजाका राजनीतिक बैसाखी बनेका व्यक्तित्वहरूले गणतन्त्रलाई भोलिको राजनीतिक यथार्थ बनाउनमा उत्प्रेरकको भूमिका खेलिरहेका छन् । नेताहरूको गैरकानुनी र अमानवीय नजरबन्दी त्यसको ज्वलन्त उदाहरण हो ।

नेपालको राजनीतिमा गणतन्त्र अब एउटा स्थायी विषयका रूपमा प्रवेश गरेको छ । राजाले आफूलाई अत्यन्तै लोकप्रिय, विवादरहित र प्रजातन्त्रवादी बनेर त्यो बहसलाई खालि 'प्राज्ञिक' स्वरूप दिन सक्छन् । तर, अहिले खासगरी दरवार संयन्त्र र राजाका राजनीतिक बैसाखी बनेका व्यक्तित्वहरूले गणतन्त्रलाई भोलिको राजनीतिक यथार्थ बनाउनमा उत्प्रेरकको भूमिका खेलिरहेका छन् । नेताहरूको गैरकानुनी र अमानवीय नजरबन्दी त्यसको ज्वलन्त उदाहरण हो ।

वास्तवमा विगत केही महिनादेखि दरवार संयन्त्रकै हिसाबले पनि राजा त्यसका 'अनुपस्थित प्रमुख' (एबसेन्ट्री लर्ड) बनेका छन् । आन्तरिक प्रशासनको अधीनमा सम्पूर्ण दरवार संयन्त्र कार्यरत छ र अन्तरविभागीय विरोधले चरमरूप लिएको देखिन्छ । उता वर्तमान मन्त्रिपरिषद्को असफलताको दोष मन्त्रीहरूलाई मात्र व्यक्तिगतरूपमा दिइनु हुँदैन भन्ने आवाज उठ्न थालेको छ । राजाको वर्तमान मन्त्रिपरिषद्को वैधानिकता त खुला चुनौतीको विषय बनिसकेको छ । तर, केही मन्त्रीहरूबाट 'जवाफदेहिता'बारे उठाइएको प्रश्न अस्वीकार गर्न मिल्दैन ।

हरेक मन्त्रालयलाई एउटा मन्त्रीको मात्र नभएर दरवारको एउटा सचिवको मातहत पनि राखिएको छ । तर, त्यो मन्त्री असफल मानिँदा दरवारका सचिवहरूलाई भने दोष गएको देखिँदैन । अर्थात् दरवारका सचिवहरूले पनि राजा जस्तै उन्मुक्ति पाएका छन्, सबै असफलताका लागि । र, अहिले दरवारबाट राजाको अनुपस्थिति लम्बिँदा दरवार घेराभित्रै पनि निराशा र अन्योल बढेको छ । त्यसबाट दरवारको छवि र क्षमतामा ह्रास आउनु अस्वभाविक मानिँदैन ।

राजाले असोज १८ र पछि माघ १९ को कदमबाट धारा १२७ को प्रयोगमा संसद् र प्रधानमन्त्रीको भूमिका समाप्त पारेका छन् । र, त्यो कदम सत्ता महत्त्वाकांक्षाको अस्थायी पूर्तिका लागि मात्र नभएर सर्वसत्तालाई निरन्तरता दिन गरिएको मान्यता बढिरहेको छ । त्यो निरन्तरताका लागि मुलुकमा द्वन्द्व आवश्यक सर्त हो । के राज्यद्वारा युद्धविराम नगरिनु, सात दल-माओवादी समझदारीलाई प्रोत्साहित नगर्नु तथा राजाद्वारा दलहरूसँग वार्ताका लागि सबैतिरबाट आएको सुझावलाई बेवास्ता गरिनुका पछाडि द्वन्द्वलाई निरन्तरता दिने मनसाय त छैन ?

यी प्रश्नहरूको विश्लेषण सबै तर्फबाट हुन थालेको छ । चीनका राज्यपार्षद तथा पूर्व विदेशमन्त्री टाङ जिआउक्सिनले हालैको यात्रामा राजा र दलहरूबीच वार्ता हुनुपर्ने सुझाव दिएर राजाले माघ १९ गतेपछि मुख्य राजनीतिक दलहरूप्रति अपनाएको व्यवहार मुलुक र राजसंस्थाकै पनि पक्षमा नभएको स्पष्ट संकेत दिएका छन् । राजाको कदमपछि अन्तर्राष्ट्रिय जगत्मा नेपालप्रति समर्थन बढिरहेको दाबी गर्ने र व्याख्याकार रमेशनाथ पाण्डेमाथि विश्वास गर्ने या खुला सन्देश लिएर आएका चिनियाँ मित्रलाई ?

दरवार संयन्त्रको अक्षमता र राजालाई छकाउन सफल कथित सल्लाहकारलाई एकपल्ट तत्काल परीक्षण गर्ने हिम्मत जुटाउनु पर्छ राजाले यदि गणतन्त्रको बाटोमा प्रभावकारी स्पिड ब्रेकर लगाउने हो भने । दुई गैंडासहित अस्ट्रिया पुगेका युवराज पारस कसको निमन्त्रणामा त्यहाँ पुगेका हुन् ? परराष्ट्र्य मन्त्रालयले भनेझैं चान्सलरको ? यो असत्य प्रचारमा राजसंस्था मुछिने हो भने संस्था र त्यसका प्रतिनिधिहरूको छविमा भोलि सबैले 'असत्य'मात्र देख्नेछन् । संस्थाको सान्दर्भिकताबारे भोलि हुने बहसको आधार पनि त्यही छवि बन्नेछ ।

०४६ सालमा निरंकुश राजतन्त्रविरुद्ध सुनामी नभए पनि आन्दोलन र आवाज चर्किएका थिए । त्यस बेला प्रधानमन्त्री मरिचमान सिंहलाई जति आलोचना गरे पनि उनले दरवारका सचिवहरूसँग टक्कर लिँदै राजा वीरेन्द्रलाई गणेशमान सिंह लगायत अन्य कांग्रेस र कम्युनिस्ट नेताहरू अनि स्वतन्त्र चिन्तन बोकेका गणेशराज शर्मासहित विभिन्न व्यवसायिक क्षेत्रका व्यक्तित्वहरूलाई भेट्न दबाब दिएका थिए- सफलताका साथ ।

त्यसैले निरंकुश राजतन्त्रविरुद्धको आवाज सुनामी बन्न पाएन त्यस बेला । तर, अहिलेको संयन्त्रमा दरवारका सचिवहरू हावी छन् । राजनीतिज्ञहरूलाई भेट्नु हुँदैन भनेर राजालाई आश्वस्त गर्न सफल भएको छ वर्तमान दरवार संयन्त्र । प्रजातान्त्रिक आन्दोलनलाई सेना र कर्फ्युबाट दबाइनु पर्छ भन्न थालेको छ उसले । अर्थात् सुनामी र गणतन्त्रको मार्ग थुन्न नेताहरूलाई बन्दी बनाइ रहनुपर्ने मान्यता वर्तमान सत्ताले अपनाएको छ । राजाले इतिहासबाट पाठ सिक्ने कि अक्षम तथा जनताबाट टाढिएको दरवार संयन्त्रबाट निर्देशित भइरहने ?